म = कक्षावृत्तको मध्यम ग्रह। ग्र = प्रतिवृत्तको ग्रह। ऊ ग्र = उ म = केन्द्रचाप (ग्रह र उच्चरेखाको अन्तरचाप)। ग्र क = म ज्या = केन्द्रभुजज्या (ग्रह र उच्चरेखाको अन्तर)। ग्र ट = म को = केन्द्रकोटिज्या। च ग्र चा = म बिन्दुलाई केन्द्र, अन्त्यफलज्यालाई त्रिज्या मानी बनाइएको वृत्त = नीचोच्चवृत्त। च = नीचोच्चवृत्तको उच्च। चा = नीचोच्चवृत्तको नीच। ग्र फ = भुजफल। म फ = कोटिफल।

भू च रेखा तथा प्र ग्र रेखा समानान्तर छन्। यिनलाई ऊ नि ऊर्ध्वाधररेखाले काटेको छ। यस कारण

रेखाद्वय्याश्चेत् समानान्तरायाश्छेदं कुर्याद् रेखिकाऽन्या तदानीम्।
अन्तःस्थाया एकपार्श्वोद्भवायाः कोणद्वय्याः संयुतिस्तु समायाः॥
कोणद्वय्यास्तुल्यतां बिभ्रती स्यादन्तःकोणद्वन्द्वमेकान्तरस्थम्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्योन्यस्मिन् स्याच्च तुल्यप्रमाणं, बाह्ये भागे संवसन् कोणकोऽपि ।।
अन्तर्भाजा बिभ्रता स्वाभिमुख्यं कोणेन स्यात् तुल्यतामाददानः ।

(यो पद्य श्रीगुरु पं. नयराज पन्तद्वारा विरचित हुन् । तल उद्धृत गरिएका रेखागणितसम्बन्धी अरु पद्य पनि उहाँले नै बनाउनुभएको हो ।)

[दुइटा समानान्तर रेखालाई अर्को रेखाले काट्दा उत्पन्न भएका, उही पाखामा रहेका दुइटा अन्तर्गत कोणको योग दुइ समकोणले बराबर हुन्छ ।

दुइटा समानान्तर रेखालाई अर्को रेखाले काट्दा उत्पन्न भएका दुइटा एकान्तरकोण परस्परमा बराबर हुन्छन् ।

दुइटा समानान्तर रेखालाई अर्को रेखाले काट्दा उत्पन्न भएको बहिर्गत कोण र उही पाखामा रहेको अन्तर्गत कोण परस्परमा बराबर हुन्छन् ।]

(रेखागणित १।२९)

च भू प्र कोण = ग्र प्र उ कोण हुन्छ ।

यसै गरी

च भू प्र कोण च म ग्र कोणले बराबर हुन्छ ।

म फ ग्र कोण = समकोण = ग्र क प्र कोण हुन्छ ।

यस कारण ग्र फ म त्रिभुजका तीनै कोण ग्र क प्र त्रिभुजका तीनै कोणले बराबर छन् ।

यस कारण

आद्ये त्र्यस्रे वर्तमाना त्रिकोणी त्र्यस्रेऽन्यस्मिन् संवसन्त्या त्रिकोण्या ।
तुल्या स्याच्चेत् त्र्यस्रयुग्मस्य तस्य तुल्यं तुल्यं कोणमुत्पादयित्रोः ।।
बाह्वोर्बाह्वोरेकरूपो गुणः स्यात् तस्माद् दोष्णामत्र सिद्धोऽनुपातः ।

[पहिलो त्रिभुजका तीनवटै कोण दोस्रो त्रिभुजका तीनवटै कोणसँग क्रमैले बराबर छन् भने बराबरका कोणलाई बनाउने दुइवटा दुइवटा भुजको निष्पत्ति एउटै हुन्छ । यस कारण यो दुइ त्रिभुजका भुजमा अनुपात लाग्छ ।]

(रेखागणित ६।४। पूर्णिमा ४ अङ्कमा प्रकाशित श्रीगुरु पं. नयराज पन्तको त्रिकोणमिति भन्ने निबन्ध, सो अङ्कका १०५–१०६ पृ.)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यस नियमअनुसार

$$\text{भुजफल} = \text{ग्र फ} = \frac{\text{ग्र क} \times \text{म ग्र}}{\text{प्र ग्र}} = \frac{\text{केन्द्रभुजज्या} \times \text{अन्त्यफलज्या}}{\text{त्रिज्या}}$$ ।

$$\text{कोटिफल} = \text{म फ} = \frac{\text{प्र क} \times \text{म ग्र}}{\text{प्र ग्र}} = \frac{\text{केन्द्रकोटिज्या} \times \text{अन्त्यफलज्या}}{\text{त्रिज्या}}$$

व्यासे शरेषुत्रि३५५हते विभक्ते त्रिरूपचन्द्रैः ११३ परिधिः प्रसिद्ध्येत् ।

[वृत्तको व्यासलाई ३५५ ले गुनेर ११३ ले भाग लियो भने परिधि आउँछ ।]

(पूर्णिमा ५ अङ्कमा प्रकाशित श्रीगुरु पं. नयराज पन्तको त्रिकोणमिति भन्ने निबन्ध, सो अङ्कको ८८ पृ.)

यस नियमअनुसार

$$\frac{\text{परिधि}}{\text{व्यास}} = \frac{३५५}{११३} = \text{रूपपरिधि} = \text{रू}$$

$$\text{भुजफल} = \frac{\text{केन्द्रभुजज्या} \times \text{अन्त्यफलज्या}}{\text{त्रिज्या}} = \frac{\text{केन्द्रभुजज्या} \times \text{अन्त्यफलज्या} \times २\text{रू}}{\text{त्रिज्या} \times २\text{रू}}$$

$$= \frac{\text{केन्द्रभुजज्या} \times \text{नीचोच्चवृत्तपरिधि}}{३६० \text{ अंश}}$$

$$\text{कोटिफल} = \frac{\text{केन्द्रकोटिज्या} \times \text{अन्त्यफलज्या}}{\text{त्रिज्या}} = \frac{\text{केन्द्रकोटिज्या} \times \text{अन्त्यफलज्या} \times २\text{रू}}{\text{त्रिज्या} \times २\text{रू}}$$

$$= \frac{\text{केन्द्रकोटिज्या} \times \text{नीचोच्चवृत्तपरिधि}}{३६० \text{ अंश}}$$

यति कुरा बुझेपछि

अत्रोपपत्तिः ।

यावत् केन्द्रं प्रतिमण्डले तावदेव नीचोच्चवृत्ते स्यात् । अतः प्रतिमण्डल-दोःकोटिज्ये अनुपातेन नीचोच्चवृत्ते परिणम्येते । यदि भांशवृत्त एते दोःकोटिज्ये तदा परिध्यंशवृत्ते किमिति । अथवा त्रिज्याव्यासार्धे एते दोःकोटिज्ये तदाऽन्त्य-फलज्याव्यासार्धे किमिति । फलं तुल्यमेव । अन्त्यफलज्या पूर्वं नोक्ता तदर्थं त्रिज्योद्भवं फलमित्यादि । त्रिज्या पृथग् ग्रहाणां मन्दशीघ्रपरिधिंभागैर्गुण्या भांशै३६०र्भाज्याऽन्त्यफलज्या भवतीत्यर्थः ।

(सिद्धान्तशिरोमणि स्पष्टाधिकार २६ श्लोकको उपपत्ति)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

[यसको उपपत्ति

अंशादि जति केन्द्र प्रतिमण्डलमा हुन्छ, त्यति नै नीचोच्चवृत्तमा पनि हुन्छ। यस कारण प्रतिमण्डलका भुजज्या र कोटिज्यालाई अनुपातद्वारा नीचोच्चवृत्तमा परिणत गरिन्छ । ३६० अंशले त केन्द्रभुजज्या र केन्द्रकोटिज्या पाइन्छन् भने नीचोच्चवृत्तका परिधिका अंशले कति पाइएलान् भनी त्रैराशिक गर्दा भुजफल र कोटिफल आउँछन् । अथवा त्रिज्यातुल्य व्यासार्द्धले त केन्द्रभुजज्या र केन्द्रकोटिज्या पाइन्छन् भने अन्त्यफलज्यातुल्य व्यासार्द्धले कति पाइएलान् भनी त्रैराशिक गर्दा भुजफल र कोटिफल आउँछन् ।

पहिले अन्त्यफलज्या ल्याउने रीति बताइएको थिएन । त्यस कारण त्रिज्यालाई नीचोच्चवृत्तका परिधिका अंशले गुनी ३६० अंशले भाग लिंदा अन्त्यफलज्या आउँछ भनी भनेको हो ।]

अब त्रैराशिकबाट सूर्यादि ग्रहका मान्दान्त्यफलज्या ल्याइन्छन् ।

३६० अंशतुल्य परिधिले त त्रिज्यातुल्य व्यासार्द्ध पाइन्छ भने ग्रहका नीचोच्चवृत्तका अंशतुल्य परिधिले कति पाइएला भनी त्रैराशिक गर्दा ग्रहका अन्त्यफलज्या आउँछन् । अर्थात् ग्रहका अंशादि नीचोच्चवृत्तका परिधिलाई त्रिज्याले गुनी ३६० अंशले भाग लिंदा ग्रहका अन्त्यफलज्या आउँछन् ।

$$\text{सूर्यको मान्दान्त्यफलज्या} = \frac{(१३।४०)३४३८}{३६०} = \frac{(१३।४०)१९१}{२०} = \frac{२६१०।२०}{२०} = १३०।३१$$

१३।४०	६०) ७६४०(१२७	२०)२६१०।२०(१३०।३१	
×१९१	६०	२०	
१३१ ४०	१६४	६१	६२०
११७ ।३६०	१२०	६०	६०
१३ ।४०	४४०	१० × ६०	२०
२४८३। ७६४०	४२०	६००	२०
+१२७।	२०	+२०	
२६१०।२०		६२०	

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चन्द्रको मान्दान्त्यफलज्या = (३१।३६) ३४३८ / ३६० = (३१।३६) १९१ / २० = ६०३५।३६ / २० = ३०१।४७

```
  ३१।३६          ६०)६८७६(११४        २०)६०३५।३६(३०१।४६
 ×१९१              ६०                  ६०
 ---------         ----                ----
   ३१। ३६           ८७                  ३५           ९३६
 २७९। ३२४           ६०                  २०            ८०
  ३१ । ३६          ----                ----          ----
 ---------          २७६                 १५×६०        १३६
 ५९२१। ६८७६         २४०                ------        १२०
 +११४।             ----                 ९००          ----
 ---------           ३६                 +३६           १६
 ६०३५। ३६                              ----
                                        ९३६
```

मङ्गलको मान्दान्त्यफलज्या = ७० × ३४३८ / ३६० = ७० × १९१ / २० = ७ × १९१ / २ = १३३७ / २ = ६६८।३०

बुधको मान्दान्त्यफलज्या = ३८ × ३४३८ / ३६० = ३८ × १९१ / २० = १९ × १९१ / १० = ३६२९ / १० = ३६२।५४

```
   १९           १०)३६२९(३६२।५४
 × १९१            ३०
 -------          ----
     १९            ६२        ९×६०
   १७१             ६०       ------
   १९             ----      १)९×६
 -------            २९     --------
   ३६२९             २०      १)५४
                   ----
                     ९
```

बृहस्पतिको मान्दान्त्यफलज्या = ३३ × ३४३८ / ३६० = ३३ × १९१ / २० = ६३०३ / २० = ३१५।९

```
  ३३          २०) ६३०३(३१५।९
 × १९१           ६०          १०३
 -------         ----        १००
    ३३            ३०        ------
  २९७             २०         ३×६०
  ३३             ----       -------
 -------          १०३       १)३×३
  ६३०३                      -------
                             १)९
```

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

$$\text{शुक्रको मान्दान्त्यफलज्या} = \frac{\text{११} \times \text{३४३८}}{\text{३६०}} = \frac{\text{११} \times \text{१९१}}{\text{२०}} = \frac{\text{२१०१}}{\text{२०}} = \text{१०५।३}$$

```
  ११
×१९१
-----
   ११
  ९९
 ११
-----
 २१०१
```

```
२०) २१०१ ( १०५।३
    २०
    ----
     १०१
     १००
    -----
      १×६०
    -----
      १)३
```

$$\text{शनैश्चरको मान्दान्त्यफलज्या} = \frac{\text{५०} \times \text{३४३८}}{\text{३६०}} = \frac{\text{५०} \times \text{१९१}}{\text{२०}} = \frac{\text{५} \times \text{१९१}}{\text{२}} = \frac{\text{९५५}}{\text{२}} = \text{४७७।३०}$$

कर्ण ल्याउने रीति

स्वकोटिजीवान्त्यफलज्ययोर्यो योगो मृगादावथ कर्कटादौ ।
केन्द्रेऽन्तरं तद्भुजजीवयोर्यद् वर्गैक्यमूलं कथितः स कर्णः ।।२७।।

मृगादौ केन्द्रे कोटिज्यान्त्यफलज्ययोर्यो योगः कर्क्यादौ तु यदन्तरं तस्य भुजज्यायाश्च वर्गैक्यपदं कर्णः स्यात् ।

(सिद्धान्तशिरोमणि स्पष्टाधिकार)

अन्वय—मृगादौ केन्द्रे स्वकोटिजीवान्त्यफलज्ययोः यः योगः (भवेत्), कर्कटादौ तु यत् अन्तरम् (भवेत्), (तत्) (कोटिः) (स्यात्) । अथ तद्भुजजीवयोः वर्गैक्यमूलम् यत् (भवेत्), सः कर्णः कथितः ।।२७।।

पदार्थ—मृगादौ = मकरादि, केन्द्रे = केन्द्र भएमा, स्वकोटिजीवान्त्यफलज्ययोः = आफ्नो कोटिज्या र अन्त्यफलज्याको, यः = जुन, योगः = योग, भवेत् = हुन्छ, कर्कटादौ तु = कर्कटादि केन्द्र भएमा त, यत् = जुन, अन्तरम् = अन्तर, भवेत् = हुन्छ, तत् = त्यो, कोटिः = स्पष्टकोटि, स्यात् = हुन्छ । अथ = अनि, तद्भुजजीवयोः = त्यो स्पष्टकोटि र भुजज्याको, वर्गैक्यमूलम् = वर्गयोगको मूल, यत् = जति, भवेत् = हुन्छ, सः = त्यो, कर्णः = कर्ण, कथितः = कहियो ।।२७।।

भावार्थ—मकरादि केन्द्र भएमा केन्द्रकोटिज्या र अन्त्यफलज्याको योग गर्नू, स्पष्टकोटि हुन्छ । कर्कटादि केन्द्र भएमा केन्द्रकोटिज्या र अन्त्यफलज्याको अन्तर गर्नू, स्पष्टकोटि हुन्छ । केन्द्रभुजज्याचाहिं भुज हुन्छ । भुज र स्पष्टकोटिको वर्गयोग गरी त्यसको मूल लिनू । आएको मूल कर्ण हुन्छ ।।२७।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



भू = भूकेन्द्र = कक्षावृत्तको केन्द्र ।

प्र = प्रतिवृत्तको केन्द्र ।

मे = कक्षावृत्तको मेषादि ।

मै = प्रतिवृत्तको मेषादि ।

उ = कक्षावृत्तको उच्च ।

नि = कक्षावृत्तको नीच ।

ऊ = प्रतिवृत्तको उच्च ।

नी = प्रतिवृत्तको नीच ।

छ भू ज = कक्षावृत्तको मध्यरेखा (तिर्यग्रेखा) ।

त प्र थ = प्रतिवृत्तको मध्यरेखा (तिर्यग्रेखा) ।

भू प्र = कक्षावृत्त र प्रतिवृत्तको केन्द्रको अन्तर
= अन्त्यफलज्या = कों ट = चा च ।

ऊ नि = उच्चरेखा (ऊर्ध्वाधर-रेखा) ।

म = कक्षावृत्तको मध्यम ग्रह ।

ग्र = प्रतिवृत्तको ग्रह ।

स्प = कक्षावृत्तको स्पष्ट ग्रह ।

२ चित्र

उ म = कक्षावृत्तको केन्द्रचाप (ग्रह र उच्चको अन्तरचाप) ।

ऊ ग्र = प्रतिवृत्तको केन्द्रचाप (ग्रह र उच्चको अन्तरचाप) ।

उ म (कक्षावृत्तको केन्द्रचाप) = ऊ ग्र (प्रतिवृत्तको केन्द्रचाप) ।

ग्र क = को भू = केन्द्रभुजज्या (ग्रह र उच्चरेखाको अन्तर) ।

ग्र ट = म कों = केन्द्रकोटिज्या (ग्रह र मध्यरेखाको अन्तर) ।

उ स्प चाप = कक्षावृत्तको स्पष्टकेन्द्र । म स्प चाप = शीघ्रफल ।

म ल रेखा = शीघ्रफलज्या । ग्र भू = कर्ण (प्रतिवृत्तको ग्रह र भूकेन्द्रको अन्तर) ।

ग्र को = ग्र ट + ट का = स्पष्टकोटि = केन्द्रकोटिज्या + अन्त्यफलज्या = कोटि ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

को भू (स्पष्टकोटिमूल र भूकेन्द्रको अन्तर) = ग्र क (केन्द्रभुजज्या) = भुज ।

ग्र भू = $\sqrt{(\text{ग्र को})^2 + (\text{को भू})^2}$ = $\sqrt{(\text{केन्द्रकोटिज्या} + \text{अन्त्यफलज्या})^2 + (\text{केन्द्रभुजज्या})^2}$ = कर्ण ।

यो स्थिति मकरादिकेन्द्र भएमा हुन्छ ।

उ छ मा = कक्षावृत्तको केन्द्रचाप (ग्रह र उच्चको अन्तरचाप) ।

ऊ त ग्रा = प्रतिवृत्तको केन्द्रचाप (ग्रह र उच्चको अन्तरचाप) ।

नि मा = कक्षावृत्तको केन्द्रभुज । नी ग्रा = प्रतिवृत्तको केन्द्रभुज ।

उ छ मा = ऊ त ग्रा । नि मा = नी ग्रा

ग्रा का = चा भू = केन्द्रभुजज्या (ग्रह र उच्चरेखाको अन्तर) ।

ग्रा च = मा चा = केन्द्रकोटिज्या (ग्रह र मध्यरेखाको अन्तर) ।

नि स्पा चाप = कक्षावृत्तको स्पष्टकेन्द्रको भुज । मा स्पा चाप = शीघ्रफल ।

मा ला रेखा = शीघ्रफलज्या । ग्रा भू = कर्ण (प्रतिवृत्तको ग्रह र भूकेन्द्रको अन्तर) ।

ग्रा चा = ग्रा च — चा च = स्पष्टकोटि = केन्द्रकोटिज्या — अन्त्यफलज्या = कोटि ।

चा भू (स्पष्टकोटिमूल र भूकेन्द्रको अन्तर) = ग्रा का (केन्द्रभुजज्या) = भुज ।

ग्रा भू = $\sqrt{(\text{ग्रा चा})^2 + (\text{चा भू})^2}$ = $\sqrt{(\text{केन्द्रकोटिज्या} - \text{अन्त्यफलज्या})^2 + (\text{केन्द्रभुजज्या})^2}$ = कर्ण ।

यो स्थिति कर्कटादिकेन्द्र भएमा हुन्छ ।

यति कुरा बुझेपछि

समायां भूमौ बिन्दुं कृत्वा तं भूमिं प्रकल्प्य ततस्त्रिज्यामितेन कर्कटकेन कक्षाख्यमण्डलं लिखेत् । तद् भगणाङ्कितं कृत्वा मेषादेरारभ्य ग्रहमुच्चं च दत्त्वा तत्र चिह्ने कार्ये । ततो भूबिन्दूच्चचिह्नयोरुपरि रेखा दीर्घा कार्या । सोच्चरेखोच्यते । अथ तदुत्थमत्स्येन कक्षामण्डलेऽन्या तिर्यग्रेखा च कार्या । भूबिन्दोरुपर्यन्त्यफलज्यामुच्चोन्मुखीं दत्त्वा तदग्रे त्रिज्यामितकर्कटेन प्रतिमण्डलं च कार्यम् । उच्चरेखया सह यत्र सम्पातस्तत्र प्रतिमण्डले-ऽप्युच्चं ज्ञेयम् । तस्मादुच्चभोगं विलोमं दत्त्वा तत्र प्रतिमण्डले मेषादिर्ज्ञेयः । ततो ग्रहमनुलोमं दत्त्वा तत्र चिह्नं कार्यम् । अथ प्रतिमण्डलमध्येऽप्यन्या तिर्यग्रेखा कार्या । तिर्यग्रेखयोरन्तरमन्त्यफलज्यातुल्यमेव सर्वत्र भवति । ग्रहोच्चरेखयोरन्तरं दोर्ज्या । ग्रहतिर्यग्रेखयोरन्तरं कोटिज्या । प्रतिमण्डलस्थग्रहाद् भूबिन्दुगामि सूत्रं कर्णः । कर्णसूत्रस्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कक्षावृत्तस्य च यत्र सम्पातस्तत्र स्फुटो ग्रहः । कक्षामण्डले स्फुटमध्ययोरन्तरं फलम् । तच्च मध्यग्रहात् स्फुटेऽग्रस्थे धनं पृष्ठस्थे त्वृणमिति किल ग्रहसंस्थानम् ।

अथाऽत्र कर्णस्योपपत्तिः । कक्षावृत्तप्रतिवृत्ततिर्यक्स्थरेखयोरन्तरं किलाऽन्त्यफलज्या । प्रतिमण्डले कोटिज्याऽन्त्यफलज्याग्रादुपरि भवति मृगादिकेन्द्रेऽतस्तत्र तदैक्यं स्फुटा कोटिः । कर्यादौ तु तदधोऽतस्तत्र तदनन्तरं स्फुटा कोटिः । स्फुटकोटिमूलस्य भूबिन्दोश्च यदन्तरं तद् भुजज्यातुल्यमेव स्यात् । अतस्तयोर्भुजकोटयोर्वर्गयोगात् पदं कर्ण इत्युपपन्नम् ।

(सिद्धान्तशिरोमणि स्पष्टाधिकार २७ श्लोकको उपपत्ति)

[सम्म मिलेको जग्गामा चिनो लाउनू । त्यस चिनोलाई पृथ्वीको केन्द्र कल्पना गर्नू । त्यस चिनोलाई केन्द्र मानी त्रिज्यातुल्य कर्कटकले कक्षावृत्त बनाउनू । त्यस वृत्तको परिधिमा ३६० अंश चिनो लाउनू । मेषादिदेखि उठान हुने गरी कक्षावृत्तमा ग्रह र उच्चको स्थानमा चिनो लाउनू । अनि भूकेन्द्रदेखि उच्चबिन्दुसम्म जाने लामो रेखा हाल्नू । सो रेखा उच्च रेखा कहलाउँछ । अनि त्यही उच्चरेखा (कक्षावृत्तको व्यासरेखा)को प्रान्तबिन्दुबाट मत्स्योत्पादन गरी कक्षावृत्तमा तिर्यग्रेखा हाल्नू । केन्द्रदेखि उठान गरी उच्चबिन्दुतिर अन्त्यफलज्याले बराबर हुने गरी नापी उच्चरेखामा चिनो लाउनू । त्यही चिनो (अन्त्यफलज्याको अन्त्यबिन्दु)लाई केन्द्र मानी त्रिज्यातुल्य कर्कटकले प्रतिवृत्त बनाउनू । प्रतिवृत्तको र उच्चरेखाको जुन ठाउँमा सम्पात हुन्छ, त्यो सम्पातबिन्दु प्रतिवृत्तको उच्चबिन्दु कहलाउँछ । त्यताबाट उच्चभोग उल्टोतिर दिनू र त्यहाँ प्रतिमण्डलमा मेषादि चिनो लाउनू । अनि मेषादिबाट प्रतिवृत्तमा सुल्टोतिर ग्रहको चिनो लाउनू । अनि प्रतिवृत्तको केन्द्रमा पनि तिर्यग्रेखा हाल्नू । कक्षावृत्त र प्रतिवृत्तका दुइ तिर्यग्रेखाको अन्तर सबै ठाउँमा अन्त्यफलज्याले बराबर हुन्छ । ग्रह र उच्चरेखाको जति अन्तर हुन्छ, त्यति नै भुजज्या हुन्छ । ग्रह र प्रतिवृत्तको तिर्यग्रेखाको जति अन्तर हुन्छ, त्यति नै कोटिज्या हुन्छ । प्रतिवृत्तमा रहेको ग्रहबाट भूकेन्द्रसम्म जाने रेखा कर्ण हुन्छ । कर्णरेखा र कक्षावृत्तको जुन ठाउँमा सम्पात हुन्छ, त्यहाँ स्पष्टग्रहस्थान हुन्छ । कक्षावृत्तको परिधिमा मध्यम ग्रह र स्पष्ट ग्रहको जति अन्तर हुन्छ, त्यति नै चाप शीघ्रफल हुन्छ । त्यो फल मध्यम ग्रहबाट स्पष्ट चिह्न अघिल्तिर भएमा धनात्मक र पछिल्तिर भएमा ऋणात्मक हुन्छ । ग्रहको संस्थान यो हो ।

अब कर्णको उपपत्ति बताइन्छ । कक्षावृत्त र प्रतिवृत्तका दुइटा तिर्यग्रेखाको अन्तर नै अन्त्यफलज्या हुन्छ । मकरादि केन्द्र भए प्रतिवृत्तमा रहेको कोटिज्या अन्त्यफलज्याको टुप्पोभन्दा माथितिर हुन्छ । कर्कटादि केन्द्र भए प्रतिवृत्तमा रहेको कोटिज्या अन्त्यफलज्याको टुप्पोभन्दा तलतिर हुन्छ । त्यस कारण मकरादि केन्द्रमा कोटिज्या र अन्त्यफलज्याको योग स्पष्टकोटि तथा कर्कटादि केन्द्रमा कोटिज्या र अन्त्यफलज्याको अन्तर स्पष्टकोटि भएको हो । स्पष्टकोटिको मूल र केन्द्रको जति अन्तर हुन्छ, त्यो भुजज्यातुल्य हुन्छ । त्यस कारण तिनै भुजकोटिको वर्गयोगको मूल कर्ण हुन्छ भन्ने सिद्ध हुन्छ ।]

यतिभागको अर्थ लाग्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शीघ्रफल ल्याउने रीति

द्राग्दोःफलात् संगुणितात् त्रिमौर्व्या घाताद् भुजज्यान्त्यफलज्ययोर्वा ।
कर्णोद्धृताद् यत् सममेव लब्धं तत्कार्मुकं शीघ्रफलं ग्रहाणाम् ॥३२॥

(सिद्धान्तशिरोमणि स्पष्टाधिकार)

अन्वय—त्रिमौर्व्या संगुणितात् द्राग्दोःफलात् कर्णोद्धृतात् यत् लब्धम् (भवेत्) वा भुजज्यान्त्यफलज्ययोः घातात् कर्णोद्धृतात् यत् लब्धम् (भवेत्), (तत्) समम् एव (भवेत्)। तत्कार्मुकम् ग्रहाणाम् शीघ्रफलम् (भवेत्) ॥३२॥

पदार्थ—त्रिमौर्व्या = त्रिज्याले, संगुणितात् = गुनिएको, द्राग्दोःफलात् = शीघ्रभुजफलबाट, कर्णोद्धृतात् = शीघ्रकर्णले भाग लिंदा आएको, यत् = जे, लब्धम् = लब्धि, भवेत् = हुन्छ, वा = अथवा, भुजज्यान्त्यफलज्ययोः = शीघ्रकेन्द्रभुजज्या र शीघ्रान्त्यफलज्याको, घातात् = गुणनफलबाट, कर्णोद्धृतात् = शीघ्रकर्णले भाग लिंदा आएको, यत् = जे, लब्धम् = लब्धि, भवेत् = हुन्छ, तत् = त्यो, समम् एव = बराबर नै, भवेत् = हुन्छ। तत्कार्मुकम् = त्यसको चाप, ग्रहाणाम् = ग्रहहरूको, शीघ्रफलम् = शीघ्रफल, भवेत् = हुन्छ ॥३२॥

भावार्थ—शीघ्रभुजफललाई त्रिज्याले गुनी आएको गुणनफललाई शीघ्रकर्णले भाग लिनू, आएको लब्धि शीघ्रफलज्या हुन्छ। अथवा शीघ्रकेन्द्रभुजज्यालाई शीघ्रान्त्यफलज्याले गुनी आएको गुणनफललाई शीघ्रकर्णले भाग लिनू, आएको लब्धि शीघ्रफलज्या हुन्छ। शीघ्रफलज्याको चाप बनाउनू, ग्रहको शीघ्रफल हुन्छ ॥३२॥

भू = भूकेन्द्र = कक्षावृत्तको केन्द्र।
प्र = प्रतिवृत्तको केन्द्र।
उ = कक्षावृत्तको उच्च।
नि = कक्षावृत्तको नीच।
ऊ = प्रतिवृत्तको उच्च।
नी = प्रतिवृत्तको नीच।
छ भू ज = कक्षावृत्तको मध्यरेखा (तिर्यग्रेखा)।
त प्र थ = प्रतिवृत्तको मध्यरेखा (तिर्यग्रेखा)।
भू प्र = कक्षावृत्त र प्रतिवृत्तका केन्द्रको अन्तर = अन्त्यफलज्या = ग्र म।



(३ चित्र)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

म =कक्षावृत्तको मध्यम ग्रह । स्प =कक्षावृत्तको स्पष्ट ग्रह । ग्र =प्रतिवृत्तको ग्रह ।

ग्र फ =भुजफल (नीचोच्चवृत्तको भुजज्या) । फ म = कोटिफल (नीचोच्चवृत्तको कोटिज्या) ।

उ म = कक्षावृत्तको केन्द्रचाप (ग्रह र उच्चको अन्तरचाप) ।

ऊ ग्र = प्रतिवृत्तको केन्द्रचाप(ग्रह र उच्चको अन्तरचाप) ।

उ म = ऊ ग्र । ग्र क =केन्द्रभुजज्या ।

ग्र भू= शीघ्रकर्ण (प्रतिवृत्तको ग्रह र भूकेन्द्रको अन्तर) ।

उ स्प चाप =कक्षावृत्तको स्पष्टकेन्द्र । म स्प चाप =शीघ्रफल ।

म ल =शीघ्रफलज्या । भू म =त्रिज्या ।

भू ल म त्रिभुज तथा भू फ ग्र त्रिभुजका तीनै कोण परस्परमा बराबर छन् । यस कारण यो दुइ त्रिभुज सजातीय हुन्छन् । यस कारण यी दुइ त्रिभुजका भुजमा रेखागणित ६।४ अनुसार अनुपात लाग्छ।

यस कारण

$$\text{म ल} = \frac{\text{ग्र फ} \times \text{भू म}}{\text{ग्र भू}} = \frac{\text{भुजफल} \times \text{त्रिज्या}}{\text{शीघ्रकर्ण}} = \text{शीघ्रफलज्या ।}$$

भू क ग्र त्रिभुज तथा ग्र ल म त्रिभुजका तीनै कोण परस्परमा बराबर छन् । यस कारण यी दुइ त्रिभुज सजातीय हुन्छन् । यस कारण यी दुइ त्रिभुजका भुजमा रेखागणित ६।४ अनुसार अनुपात लाग्छ । यस कारण

$$\text{म ल} = \frac{\text{ग्र क} \times \text{ग्र म}}{\text{ग्र भू}} = \frac{\text{केन्द्रभुजज्या} \times \text{अन्त्यफलज्या}}{\text{शीघ्रकर्ण}} = \text{शीघ्रफलज्या ।}$$

यहाँनिर

$$\text{ग्र फ} = \text{भुजफल} = \frac{\text{केन्द्रज्या} \times \text{अन्त्यफलज्या}}{\text{त्रिज्या}} \text{ ।}$$

$$\text{म ल} = \frac{\text{ग्र फ} \times \text{भू म}}{\text{ग्र भू}} = \frac{\text{केन्द्रज्या} \times \text{अन्त्यफलज्या}}{\text{त्रिज्या}} \times \frac{\text{त्रिज्या}}{\text{शीघ्रकर्ण}} = \frac{\text{केन्द्रज्या} \times \text{अन्त्यफलज्या}}{\text{शीघ्रकर्ण}} \text{ ।}$$

भास्करले दिएको यो रूप सम्झनु बढिया छ ।

यति कुरा बुझेपछि

अत्र वासना त्रैराशिकेन ।

कर्णकोटिसूत्रयोर्यदि कर्णाग्रे भुजफलतुल्यमन्तरं तदा त्रिज्याग्रे किमिति। अतस्त्रिज्याघ्नं भुजफलं कर्णेन हृतम् । तच्चापकरणेन वृत्तगतत्वं फलस्योपपन्नम् । अथाऽन्यप्रकारेण । दोर्ज्याऽन्त्यफलज्याघ्नी त्रिज्यया भक्ता भुजफलं भवति । यदि कर्णाग्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

एतावदन्तरं तदा त्रिज्याग्रे किमिति । पूर्वं त्रिज्या हरः । इदानीं सा गुणस्तुल्यत्वान्नाशे कृते सति घाताद् भुजज्यान्त्यफलज्ययोर्वेत्युपपन्नम् ।

(सिद्धान्तशिरोमणि स्पष्टाधिकार ३२ श्लोकको उपपत्ति)

[यसको उपपत्ति त्रैराशिकद्वारा हुन्छ ।

कर्ण र कोटि यी दुइ रेखाको बीचमा कर्णको टुप्पोमा त भुजफलतुल्य अन्तर हुन्छ भने त्रिज्याको टुप्पोमा कति अन्तर होला भनी अनुपात गर्दा त्रिज्याले गुनिएको भुजफललाई कर्णले भाग लिंदा भाएको लब्धिको चाप शीघ्रफल हुन्छ भन्ने सिद्ध हुन्छ। अब अर्को रीतिले ल्याइन्छ । केन्द्रभुजज्या र अन्त्यफलज्याको गुणनफललाई त्रिज्याले भाग लिंदा आएको लब्धि भुजफल हुन्छ। कर्णको टुप्पोमा त यति अन्तर हुन्छ भने त्रिज्याको टुप्पोमा कति अन्तर होला भनी अनुपात गर्दा पहिले त्रिज्या हर थियो, अहिले त्रिज्या गुणक भयो। यहाँ गुणक र हर तुल्य हुनाले हरले गुणकलाई काट्दा केन्द्रभुजज्या र अन्त्यफलज्याको[10] गुणनफललाई कर्णले भाग लिंदा भाएको लब्धि नै शीघ्रफलज्या हुन्छ भन्ने सिद्ध हुन्छ।]

यति भागको अर्थ लाग्छ ।

मन्दफल ल्याउने रीति

... मृदुदोःफलस्य
चापं बुधा मन्दफलं वदन्ति ।।२९।।
...अथ मन्दभुजफलस्य धनुर्ग्रहस्य मन्दफलं भवति ।

(सिद्धान्तशिरोमणि स्पष्टाधिकार)

अन्वय- मृदुदोःफलस्य चापम् ग्रहस्य मन्दफलम् भवति (इति) बुधाः वदन्ति ।।२९।।

पदार्थ- मृदुदोःफलस्य = मन्दभुजफलको, चापम् = चाप, ग्रहस्य = ग्रहको, मन्दफलम् = मन्दफल, भवति इति = हुन्छ भनी, बुधाः = विद्वान्हरू, वदन्ति = भन्छन् ।।२९।।

भावार्थ- मन्दभुजफलको चाप बनाउनू, ग्रहको मन्दफल हुन्छ ।।२९।।

स्पष्टसूर्यबाट सूर्यमन्दफल ल्याउने रीति

व्यत्यासतः कर्किमृगादिकेन्द्रे स्फुटं खरांशुं परिकल्प्य साध्या ।
मन्दश्रुतिर्द्राक्फलवत् ततो यत् फलं रवेर्मन्दफलं भवेत् तत् ।।

[सिद्धान्तशिरोमणि स्पष्टाधिकार ४५ श्लोकको संशोधक (बापूदेव शास्त्री)को टिप्पणी]

अन्वय—स्फुटम् खरांशुम् व्यत्यासतः कर्किमृगादिकेन्द्रे परिकल्प्य मन्दश्रुतिः साध्या। ततः द्राक्फलवत् यत् फलम् भवेत्, तत् रवेः मन्दफलम् भवेत् ।

पदार्थ—स्फुटम् = स्पष्ट, खरांशुम् = सूर्यलाई, व्यत्यासतः = उल्टो रीतिबाट, कर्किमृगादिकेन्द्रे = कर्कटादि र मकरादि केन्द्रमा, परिकल्प्य = कल्पना गरेर, मन्दश्रुतिः = मन्दकर्ण, साध्या = ल्याउनू । ततः = त्यसबाट,

---

१०. यहाँ केन्द्रभुजज्या भनेर शीघ्रकेन्द्रभुजज्या, भुजफल भनेर शीघ्रभुजफल, अन्त्यफलज्या भनेर शीघ्रान्त्यफलज्या, कर्ण भनेर शीघ्रकर्ण बुझ्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्राक्फलवत् = शीघ्रफल जस्तै गरी ल्याइएको, यत् = जुन, फलम् = फल, भवेत् = हुन्छ, तत् = त्यो फल, रवेः = सूर्यको, मन्दफलम् = मन्दफल, भवेत् = हुन्छ ।

भावार्थ—स्पष्टसूर्यको केन्द्र कर्कटादि भए मकरादि मान्नू, मकरादि भए कर्कटादि मान्नू । अनि मन्दकर्ण ल्याउनू । त्यसपछि शीघ्रफल ल्याए जस्तै गरी फल ल्याउनू । त्यही फल सूर्यको मन्दफल हुन्छ ।

यसको उपपत्ति



भू = भूकेन्द्र (कक्षावृत्तको केन्द्र)।
प्र = मन्दप्रतिवृत्तको केन्द्र ।
उ = कक्षावृत्तको उच्च ।
नि = कक्षावृत्तको नीच ।
ऊ = मन्दप्रतिवृत्तको उच्च ।
नी = मन्दप्रतिवृत्तको नीच ।
भू प्र = कक्षावृत्त र मन्दप्रतिवृत्तका केन्द्रको अन्तर
= मान्दान्त्यफलज्या
= म मा = स्प स्पा ।
म = कक्षावृत्तका मध्यमसूर्य ।
मा = मन्दप्रतिवृत्तका मध्यमसूर्य ।
उ म = कक्षावृत्तको केन्द्रचाप (मध्यमसूर्य र सूर्यमन्दोच्चको अन्तरचाप)।
ऊ मा = मन्दप्रतिवृत्तको केन्द्रचाप (मध्यमसूर्य र सूर्यमन्दोच्चको अन्तरचाप)।
उ म = ऊ मा ।

(४ चित्र)

म घ = मा क = मन्दकेन्द्रभुजज्या (मध्यमसूर्य र उच्चरेखाको अन्तर) । घ भू = क प्र = मन्दकेन्द्रकोटिज्या ।

प्र मा क त्रिभुज तथा स्प स्पा फ त्रिभुजका तीनै कोण परस्परमा बराबर छन् । यस कारण यी दुइ त्रिभुजमा रेखागणित ६।४ अनुसार अनुपात लाग्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यस कारण

$$\text{स्पा फ} = \frac{\text{मा क} \times \text{स्प स्पा}}{\text{प्र मा}} = \frac{\text{मन्दकेन्द्रभुजज्या} \times \text{मान्दान्त्यफलज्या}}{\text{त्रिज्या}} = \text{मन्दभुजफल}$$

स्पा फ ज्याको चाप स्पा मा हो । यो स्पा मा चाप मन्दभुजफल स्पा फ को चाप हो ।

मृदुदोःफलस्य चापं बुधा मन्दफलं वदन्ति ।।२९।। भनी भनेकोले सूर्यको मन्दफल स्पा मा चाप हुन्छ । यस कारण मन्दप्रतिवृत्तमा स्पष्टसूर्यको स्थान स्पा हुन्छ ।

स्पा मा चाप = स्प म चाप ।

यस कारण कक्षावृत्तमा स्पष्टसूर्यको स्थान स्प हुन्छ ।

यति कुरा पहिले सम्झनुपर्छ ।

उ स्प चाप = स्पष्टकेन्द्र । स्पष्टकेन्द्रज्या = स्प ग । स्पष्टकेन्द्रकोटिज्या = स्प ट = ग भू ।

यहां उच्चबिन्दु उ तथा स्पष्टसूर्य स्प को अन्तर उ स्प चाप ३ राशिभन्दा थोरै छ । यस कारण स्पष्टकेन्द्र मकरादि हुन्छ ।

प्र स्प ग तथा स्प स्पा फ त्रिभुजका तीनै कोण परस्परमा बराबर छन् ।

यस कारण रेखागणित ६।४ अनुसार

$$\text{स्पा फ} = \frac{\text{स्प ग} \times \text{स्प स्पा}}{\text{प्र स्प}} = \frac{\text{स्पष्टकेन्द्रज्या} \times \text{अन्त्यफलज्या}}{\text{प्र स्प}}$$

$$\text{प्र स्प} = \sqrt{(\text{स्प ग})^2 + (\text{प्र ग})^2} = \sqrt{(\text{स्प ग})^2 + (\text{ग भू} - \text{प्र भू})^2}$$

$$= \sqrt{(\text{स्पष्टकेन्द्रज्या})^2 + (\text{स्पष्टकेन्द्रकोटिज्या} - \text{अन्त्यफलज्या})^2}$$

स्वकोटिजीवान्त्यफलज्ययोर्यो योगो मृगादावथ कर्कटादौ ।

केन्द्रेऽन्तरं तद्भुजजीवयोर्यद् वर्गैक्यमूलं कथितः स कर्णः ।।२७।।

यस सूत्रअनुसार मकरादिकेन्द्र भएमा केन्द्रकोटिज्या र अन्त्यफलज्याको योग गरी कोटि ल्याई कर्ण ल्याउनुपर्थ्यो । परन्तु यहां मकरादिकेन्द्र हुँदा केन्द्रकोटिज्या र अन्त्यफलज्याको अन्तर गरी कोटि ल्याई कर्ण ल्याइएको छ । यस कारण कर्कटादि मकरादि स्पष्टकेन्द्रलाई उल्टो सम्झी शीघ्रकर्ण ल्याएकै रीतिले स्पष्टमन्दकेन्द्रबाट मन्दकर्ण ल्याउनू, मन्दकर्ण ल्याई त्यसबाट शीघ्रफल ल्याए जस्तै गरी फल ल्याउनू, त्यही मन्दफल हुन्छ भनी बोलिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अब यस सूत्रअनुसार स्पष्टमेषसङ्क्रान्तिकालका स्पष्टसूर्यबाट मन्दफल ल्याइन्छ । त्यस मन्दफलबाट स्पष्ट-मेषसङ्क्रान्तिकालका मध्यमसूर्य ल्याइन्छ । त्यताबाट मध्यममेषसङ्क्रान्ति र स्पष्टमेषसङ्क्रान्तिको अन्तर वारापि ल्याई स्पष्टमेषसङ्क्रान्तिकाल ल्याइन्छ ।

१ उदाहरण

वि. सं. १५५७ को स्पष्टमेषसङ्क्रान्तिकाल ल्याऊ ।

वि. सं. १५५७ को सूर्यको राश्यादि मन्दोच्च = २।१७।५६·६४२४ (यही अङ्कको २१९ पृष्ठ)

सूर्यको कलादि मान्दान्त्यफलज्या = १३०।३१ = १३०·५१६६ (यही अङ्कको २३९ पृष्ठ)

स्पष्टमेषसङ्क्रान्तिकालमा राश्यादि स्पष्टसूर्य = ०।०।०

			रा.	अं.	क.
स्पष्टसूर्य	=		०।	०।	०
सूर्यमन्दोच्च	=	−	२।	१७।	५६·६४२४
सूर्यको स्पष्टमन्दकेन्द्र	=		९।	१२।	३·३५७६

स्पष्टमन्दकेन्द्र ९ राशिभन्दा बढ्ता भएकोले स्पष्टमन्दकेन्द्रको भुज ल्याउन यसलाई १२ राशिबाट घटाउनुपर्‍यो ।

			रा.	अं.	क.
			१२।	०।	०
सूर्यको स्पष्टमन्दकेन्द्र	=	−	९।	१२।	३·३५७६
सूर्यको स्पष्टमन्दकेन्द्रको भुज	=		२।	१७।	५६·६४२४
			३।	०।	०
सूर्यको स्पष्टमन्दकेन्द्रको भुज	=	−	२।	१७।	५६·६४२४
सूर्यको स्पष्टमन्दकेन्द्रको कोटि	=		०।	१२।	३·३५७६

स्पष्टमन्दकेन्द्रको अंशादि भुज = ७७।५६·६४२४

स्पष्टमन्दकेन्द्रको अंशादि कोटि = १२ । ३·३५७६

भुज, कोटि इत्यादिका विचार श्रीगुरु पं. नयराज पन्तद्वारा विरचित त्रिकोणमितिमा (पूर्णिमा १–७,१२–१४, १६–१७ अङ्कमा) प्रकाशित भएका छन् । पूर्णिमा ६ अङ्कको ८४ पृष्ठमा प्रकाशित ज्यासारणीको आधारमा भुजज्या र कोटिज्या ल्याइन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

	अं. क.		अं. क.	ज्या
	७८। ४५		७८। ४५	३३७१·९३९८*
भुज = -	७७। ५६·६४२४		- ७५।	- ३३२०.८५३०
	०।४८·३५७६ = शेष		३।४५	५१.०८६८ = ज्यान्तर

कला : ज्यान्तर :: शेषकला

२२५ : ५१·०८६८ :: ४८·३५७६

$$\frac{५१·०८६८ \times ४८·३५७६}{२२५} = \frac{२४७०·४३५०३९६८}{२२५} = १०·९७९७$$

५१·०८६८ = ज्यान्तर

× ४८·३५७६ = शेषकला

३०६५२०८
३५७६०७६
२५५४३४०
१५३२६०४
४०८६९४४
२०४३४७२

२४७०·४३५०३९६८

२२५)२४७०·४३५०३९६८(१०·९७९७
२२५
२२०४
२०२५
१७९३
१५७५
२१८५
२०२५
१६००
१५७५
२५

अं. क.	ज्या	
७८।४५	३३७१·९३९८	
- ४८·३५७६	- १०·९७९७	
७७।५६·६४२४	३३६०·९६०१	= केन्द्रभुजज्या

	अं. क.	अं. क.	ज्या
कोटि =	१२। ३·३५७६	१५।	८८९·८१९८
	- ११।१५	- ११। १५	- ६७०·७२०५
	०।४८·३५७६ = शेष	३। ४५	२१९·०९९३ = ज्यान्तर .

*पूर्णिमा ६ अङ्कको ७ सारणीबाट ज्या ल्याउँदा यहाँ दशमलव ४ स्थानसम्म मात्र लिइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कला		ज्यान्तर		शेषकला
२२५	:	२१९.०९९३	::	४८·३५७६

$$\frac{२१९·०९९३ \times ४८·३५७६}{२२५} = \frac{१०५९५·११६३०९६८}{२२५} = ४७·०८९४$$

```
  २१९·०९९३     = ज्यान्तर
× ४८·३५७६      = शेषकला
------------------------
       १३१८५९५८
      १५३३६९५१
     १०९५४९६५
    ६५७२९७९
   १७५२७९४४
  ८७६३९७२
------------------------
  १०५९५·११६३०९६८
```

```
२२५)१०५९५·११६३०९६८(४७·०८९४
    ९००
    -----
    १५९५
    १५७५
    -----
      २०११
      १८००
      -----
      २११६
      २०२५
      -----
        ९१३
        ९००
        ----
         १३
```

अं. क.	ज्या	
११।१५	६७०.७२०५	
+ ४८·३५७६	+ ४७·०८९४	
१२। ३·३५७६	७१७·८०९९	=केन्द्रकोटिज्या

केन्द्रभुजज्या = ३३६०·९६०१

केन्द्रकोटिज्या = ७१७·८०९९

यहाँ केन्द्र मकरादि भएको हुनाले कोटिज्या र मान्दान्त्यफलज्याको योग गर्नुपर्थ्यो। तर व्यस्तसंस्कार गरी कर्ण ल्याउनू भनेकोले केन्द्रकोटिज्या र मान्दान्त्यफलज्याको अन्तर गर्नुपर्छ।

केन्द्रकोटिज्या−अन्त्यफलज्या = ७१७·८०९९−१३०·५१६६ = ५८७·२९३३ = स्पष्टकोटि = कोटि

केन्द्रभुजज्या = ३३६०·९६०१ = भुज

$$\sqrt{कोटि^2 + भुज^2} = \sqrt{(५८७·२९३३)^2 + (३३६०·९६०१)^2}$$

$$= \sqrt{३४४९१३·४२०२२४८९ + ११२९६०५२·७९३७९२०१}$$

$$= \sqrt{११६४०९६६.२१४०१६९०} = ३४११·८८६० = कर्ण$$

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

५८७·२९३३ = कोटि	३३६०·९६०१ = भुज
३५२३३७५८९	६७२१९२०१
३५२३३७४९	४०३३११६
१०५७०४१	६०४८८१
२३४८४	३९९६
८१६९	१८९
८६४	९
२५	
३४४९१३·४२०२२४८९	११२९६०५२·७९३७९२०१

११२९६०५२·७९३७९२०१ = भुजवर्ग

\+ ३४४९१३·४२०२२४८९ = कोटिवर्ग

११६४०९६६·२१४०१६९० = वर्गयोग

३	११६४०९६६·२१४०१६९० (३४११·८८६०२
३	९
६४	२६४
४	२५६
६८१	८०९
१	६८१
६८२१	१२८६६
१	६८२१
६८२२८	६०४५२१
८	५४५८२४
६८२३६८	५८६९७४०
८	५४५८९४४
६८२३७६६	४१०७९६१६
६	४०९४२५९६
६८२३७७२०२	१३७०२०९०००
२	१३६४७५४४०४
६८२३७७२०४	५४५४५९६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

$$\text{फल} = \frac{\text{केन्द्रभुजज्या} \times \text{अन्त्यफलज्या}}{\text{कर्ण}}$$

कला

$$= \frac{\text{३३६०·९६०१} \times \text{१३०·५१६६}}{\text{३४११·८८६०}} = \frac{\text{४३८६६१·०८४९८७६६}}{\text{३४११·८८६०}} = \frac{\text{४३८६६१०८४९·८७६६}}{\text{३४११८८६०}} = \text{१२८·५६८५}$$

```
  ३३६०·९६०१ =के. भु. ज्या.     ३४११८८६०) ४३८६६१०८४९·८७६६ (१२८·५६८५१
 ×१३०.५१६६ =अ. फ. ज्या.                  ३४११८८६०
 ____________________                     _________
    २०१६५७६०६                              ९७४७२४८४
   २०१६५७६०६                               ६८२३७७२०
   ३३६०९६०१                                _________
  १६८०४८००५                                २९२३४७६४९
 १००८२८८०३                                 २७२९५०८८०
 ३३६०९६०१                                  __________
 ______________________                      १९३९६७६९८
 ४३८६६१·०८४९८७६६                            १७०५९४३००
                                            __________
                                              २३३७३३९८७
                                              २०४७१३१६०
                                              __________
                                               २९०२०८२७६
                                               २७२९५०८८०
                                               __________
                                                १७२५७३९६६
                                                १७०५९४३००
                                                _________
                                                  १९७९६६६०
```

यताबाट स्पष्टमेषसङ्क्रान्तिकालमा सूर्यको अंशादि मन्दफल २।८·५६८५१ हुने देखिन्छ । यहाँ केन्द्र तुलादि भएको हुनाले यो मन्दफल धनात्मक आउँछ । तर व्यस्तसंस्कार गर्नू भनेको हुनाले यो मन्दफल ऋण हुन्छ ।

अब स्पष्टमेषसङ्क्रान्तिकालमा मध्यमसूर्य ल्याइन्छन् ।

	राशि	अंश	कला
स्पष्टसूर्य =	१२ ।	० ।	०
सूर्यमन्दफल = −		२ ।	८·५६८५१
मध्यमसूर्य =	११ ।	२७ ।	५१·४३१४९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

		रा.	अं.	क.
मध्यममेषसङ्क्रान्तिकालमा मध्यमसूर्य	=	१२	०	०

यताबाट स्पष्टमेषसङ्क्रान्तिकाल र मध्यममेषसङ्क्रान्तिकालको अन्तर ल्याइन्छ ।

		क.	वि.	प्र.वि.	प्र.प्र.वि.
सूर्यको दैनिक मध्यम गति	=	५९	८	१०	२१

(सिद्धान्तशिरोमणि मध्यमाधिकार प्रत्यब्दशुद्धिको १५ श्लोकको उपपत्ति)

सूर्यको दैनिक मध्यम गति (५९।८।१०।२१) को कला बनाउँदा गतिकला ५९·१३६२०८३ हुन्छ ।

६०)२१(·३५
१८
३०
३०

६०)१०·३५(·१७२५
६
४३
४२
१५
१२
३०
३०

६०)८·१७२५(·१३६२०८३
६
२१
१८
३७
३६
१२
१२
५०
४८
२०
१८
२

गतिकला		दिन		मन्दफलकला
५९·१३६२०८३	:	१	::	१२८·५६८५१

दिन

$$\frac{१ \times १२८.५६८५१}{५९·१३६२०८३} = \frac{१२८५६८५१००}{५९१३६२०८३} = २·१७४१०८$$

५९१३६२०८३) १२८५६८५१०० (२·१७४१०८
११८२७२४१६६
१०२९६०९३४०
५९१३६२०८३
४३८२४७२५७०
४१३९५३४५८१
२४२९३७९८९०
२३६५४४८३३२
६३९३१५५८०
५९१३६२०८३
४७९५३४९७००
४७३०८९६६६४
६४४५३०३६

२·१७४११ यस दिनलाई दिन, घडी, पला, विपला, प्रतिविपला बनाइन्छ ।

$$\frac{·१७४११ \times ६०}{१०·४४६६० \text{ घडी}}$$

$$\frac{·४४६६ \times ६०}{२६·७९६० \text{ पला}}$$

$$\frac{·७९६ \times ६०}{४७·७६० \text{ विपला}}$$

$$\frac{·७६ \times ६०}{४५·६० \text{ प्रतिविपला}}$$

दि.	घ.	प.	वि.	प्र. वि.
२	१०	२६	४७	४५·६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यताबाट मध्यममेषसङ्क्रान्ति हुनुभन्दा २ दिन १० घडी २६ पला ४७ विपला ४५·६ प्रतिविपलाअगाडि मै स्पष्टमेषसङ्क्रान्ति हुने देखिन्छ । त्यस कारण

			वा.	घ.	प.	वि.	प्र.वि.
१ उदाहरणमा दिइएको वि. सं. १५५७ को मध्यममेषसङ्क्रान्तिको वारादि	=		६	४	१५	२२	३०
मध्यम र स्पष्टमेषसङ्क्रान्तिको अन्तरदिनादि	=	−	२	१०	२६	४७	४५·६
स्पष्टमेषसङ्क्रान्तिको वारादि	=		३	५३	४८	३४	४४·४

∴ वि. सं. १५५७ को स्पष्टमेषसङ्क्रान्ति बुधवार ५३ घडी ४८ पला ३४ विपला ४४·४ प्रतिविपलामा हुने देखिन्छ ।

२ उदाहरण

वि. सं. ६४१ को स्पष्टमेषसङ्क्रान्तिकाल ल्याऊ ।

वि. सं. ६४१ को सूर्यको राश्यादि मन्दोच्च = २ । १७ । ५४·४४४ (यही अङ्कको २३० पृष्ठ)

			रा.	अं.	क.
स्पष्टसूर्य	=		०	०	०
सूर्यमन्दोच्च	=	−	२	१७	५४·४४४
सूर्यको स्पष्टमन्दकेन्द्र	=		९	१२	५.५५६

			रा.	अं.	क.
			१२	०	०
सूर्यको स्पष्टमन्दकेन्द्र	=	−	९	१२	५·५५६
सूर्यको स्पष्टमन्दकेन्द्रको भुज	=		२	१७	५४·४४४

			३	०	०
सूर्यको स्पष्टमन्दकेन्द्रको भुज	=	−	२	१७	५४·४४४
सूर्यको स्पष्टमन्दकेन्द्रको कोटि	=		०	१२	५·५५६

स्पष्टमन्दकेन्द्रको अंशादि भुज = ७७ । ५४·४४४

स्पष्टमन्दकेन्द्रको अंशादि कोटि = १२ । ५·५५६

	अं.	क.		अं.	क.	ज्या
	७८	४५		७८	४५	३३७१·९३९८]
भुज = −	७७	५४·४४४		− ७५		− ३३२०·८५३०
	०	५०·५५६ = शेष		३	४५	५१·०८६८ = ज्यान्तर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कला ज्यान्तर शेषकला
२२५ : ५१·०८६८ :: ५०·५५६

$$\frac{५१·०८६८ \times ५०·५५६}{२२५} = \frac{२५८२·७४४२६०८}{२२५} = ११·४७८८$$

५१·०८६८ = ज्यान्तर
× ५०·५५६ = शेषकला

३०६५२०८
२५५४३४०
२५५४३४०
२५५४३४०

२५८२·७४४२६०८

२२५) २५८२·७४४२ (११·४७८८
२२५
३३२
२२५
१०७७
९००
१७७४
१५७५
१९९
१९९४
१८००
१९४२
१८००
१४२

अं. क. ज्या
७८।४५ ३३७१·९३९८
− ५०·५५६ − ११·४७८८
७७।५४·४४४ ३३६०·४६१० =केन्द्रभुजज्या

अं. क. अं. क. ज्या
कोटि = १२। ५·५५६ १५। ८८९·८११९
− ११।१५ − ११। १५ − ६७०·७२०५
०।५०·५५६ = शेष ३। ४५ २१९·०९९४ = ज्यान्तर

कला ज्यान्तर शेषकला
२२५ : २१९·०९९४ :: ५०·५५६

$$\frac{२१९·०९९४ \times ५०·५५६}{२२५} = \frac{११०७६·७८९२६६४}{२२५} = ४९·२३०१७$$

२१९·०९९४ = ज्यान्तर
× ५०·५५६ = शेषकला

१३१४५९६४
१०९५४९७०
१०९५४९७०
१०९५४९७०

११०७६·७८९२६६४

२२५) ११०७६·७८९२६ (४९·२३०१७
९००
२०७६
२०२५
५१७
४५०
६७८
६७५
३
३९२
२२५
१६७६
१५७५
१०१

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अं. क.	ज्या	
११।१५	६७०·७२०५	
+ ५०·५५६	+ ४९·२३०२	
१२। ५·५५६	७१९·९५०७	=केन्द्रकोटिज्या

केन्द्रभुजज्या = ३३६०·४६१०

केन्द्रकोटिज्या = ७१९·९५०७

केन्द्रकोटिज्या– अन्त्यफलंज्या = ७१९·९५०७–१३०·५१६६ =५८९·४३४१ =स्पष्टकोटि =कोटि

केन्द्रभुजज्या =३३६०·४६१० =भुज

$\sqrt{\text{कोटि}^2+\text{भुज}^2} = \sqrt{(\text{५८९·४३४१})^2+(\text{३३६०·४६१०})^2}$

$=\sqrt{\text{३४७४३२·५५८२४२८१}+\text{११२९२६९८·१३२५२१००}}$

$=\sqrt{\text{११६४०१३०·६९०७६३८१}}$ =३४११·७६३५= कर्ण

५८९·४३४१ =कोटि

११७८८६८१
४७१५४५६
३५३६४९
४७१३६
१०५२१
८६४
२५

३४७४३२·५५८२४२८१

३३६०·४६१० =भुज

६७२०९२१
४०३२५१६
२६८८१६
३९९६
१८९
९

११२९२६९८·१३२५२१००

११२९२६९८·१३२५२१०० =भुजवर्ग
+ ३४७४३२·५५८२४२८१ =कोटिवर्ग

११६४०१३०·६९०७६३८१ =वर्गयोग

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

३	११६४०१३०·६९०७६३८१ (३४११·७६३५
३	९
६४	२६४
४	२५६
६८१	८०१
१	६८१
६८२१	१२०३०
१	६८२१
६८२२७	५२०९६९
७	४७७५८९
६८२३४६	४३३८००७
६	४०९४०७६
६८२३५२३	२४३९३१६३
३	२०४७०५६९
६८२३५२६५	३९२२५९४८१
५	३४११७६३२५
६८२३५२७०	५१०८३१५६

$$\text{फल} = \frac{\text{केन्द्रभुजज्या} \times \text{अन्त्यफलज्या}}{\text{कर्ण}}$$

फला

$$= \frac{\text{३३६०·४६१०} \times \text{१३०·५१६६}}{\text{३४११·७६३५}} = \frac{\text{४३८५९५·९४४१५२६०}}{\text{३४११·७६३५}} = \frac{\text{४३८५९५९४४१·५२६०}}{\text{३४११७६३५}} = \text{१२८·५५४०२९१}$$

३३६०·४६१० =के. भु. ज्या. ३४११७६३५) ४३८५९५९४४१·५२६० (१२८·५५४०२९१

×१३०·५१६६ =अ. फ. ज्या.	३४११७६३५	
२०१६२७६६०	९७४१९५९४	१३७४६२२७६
२०१६२७६६०	६८२३५२७०	१३६४७०५४०
३३६०४६१०	२९१८४३२४१	९९१७३६००
१६८०२३०५०	२७२९४१०८०	६८२३५२७०
१००८१३८३०	१८९०२१६१५	३०९३८३३००
३३६०४६१०	१७०५८८१७५	३०७०५८७१५
४३८५९५·९४४१५२६०	१८४३३४०२	२३२४५८५०
	१७०५८८१७५	
	१३७४६२२७	

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यताबाट स्पष्टमेषसङ्क्रान्तिकालमा सूर्यको अंशादि मन्दफल २।८'५४५०२९१ हुने देखिन्छ ।

सूर्यको दैनिक मध्यमगतिकला = ५९·१३६२०८३ (यही अङ्कको २५५ पृष्ठ)

दैनिक मध्यमगतिकला		दिन		मन्दफलकला
५९·१३६२०८३	:	१	::	१२८·५५४०२९१

$$\frac{१ \times १२८·५५४०२९१}{५९·१३६२०८३} = \frac{१२८५५४०२९१}{५९१३६२०८३} = २·१७३८६३ \text{ दिन}$$

```
५९१३६२०८३)  १२८५५४०२९१ (२·१७३८६३
             ११८२७२४१६६
             -----------
              १०२८१६१२५०
               ५९१३६२०८३
             -----------
               ४३६७९९१६७०
               ४१३९५३४५८१
             -----------
                २२८४५७०८९०
                १७७४०८६२४९
             -----------
                 ५१०४८४६४१०
                 ४७३०८९६६६४
             -----------
                  ३७३९४९७४६०
                  ३५४८१७२४९८
             -----------
                   १९१३२४९६२०
                   १७७४०८६२४९
             -----------
                    १३९१६३३७१
```

२·१७३८६३ यस दिनलाई दिन, घडी, पला, विपला, प्रतिविपला बनाइन्छ ।

```
·१७३८६३ × ६०
-------------
१०·४३१७८० घडी
  ·४३१७८ × ६०
  ------------
  २५·९०६८० पला
    ·९०६८ × ६०
    -----------
    ५४·४०८० विपला
      ·४०८ × ६०
      ---------
      २४· ४८० प्रतिविपला
```

दि.	घ.	प.	वि.	प्र.वि
२	१०	२५	५४	२४·५

यताबाट मध्यममेषसङ्क्रान्ति हुनुभन्दा २ दिन १० घडी २५ पला ५४ विपला २४·५ प्रतिविपलाअगाडि नै स्पष्टमेषसङ्क्रान्ति हुने देखिन्छ । त्यस कारण

		वा.	घ.	प.	वि.	प्र.वि.
२ उदाहरणमा दिइएको वि. सं. ६४१ को मध्यममेषसङ्क्रान्तिको वारादि	=	१	२०	३१	५२	३०
मध्यम र स्पष्टमेषसङ्क्रान्तिको अन्तरदिनादि	= −	२	१०	२५	५४	२४·५
स्पष्टमेषसङ्क्रान्तिको वारादि	=	६	१०	५	५८	५·५

∴ वि. सं. ६४१ को स्पष्टमेषसङ्क्रान्ति शनैश्चरवार १० घडी ५ पला ५८ विपला ५·५ प्रतिविपलामा हुने देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

३ उदाहरण

वि. सं. ० को स्पष्टमेषसङ्क्रान्तिकाल ल्याऊ ।

वि. सं. ० को कल्पगत वर्षगण = १,९७,२९,४७,०४४ **(यही अङ्कको २१० पृ.)**

यही अङ्कका २२८–२२९ पृष्ठमा दिइएको रीतिअनुसार

वि. सं. ० को सूर्यमन्दोच्च = $\frac{१,९७,२९,४७,०४४ \times ४८०}{४,३२,००,००,०००}$

म. रा. अं. क.

$= \frac{१,९७,२९,४७,०४४}{९०,००,०००} =$ २१९ । २ । १७ । ५२·९०५६

म. रा. अं. क.

९००००००) १९७२९४७०४४ (२१९ । २ । १७ । ५२·९०५६

१८००००००

१७२९४७०४

९००००००

८२९४७०४४

८१००००००

१९४७०४४ × १२

७५००००) १९४७०४४

१५०००००

४४७०४४ × ३०

२५०००) ४४७०४४

२५०००

१९७०४४

१७५०००

२२०४४ × ६०

२२०४४ × ३

१२५०) ६६१३२

६२५०

३६३२

२५००

११३२

१२५) ११३२

११२५

७००

६२५

७५०

७५०

∴ वि सं ० को राश्यादि सूर्यमन्दोच्च = २ । १७ । ५२·९०५६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

		रा. अं. क.
स्पष्टसूर्य	=	० । ० । ०
सूर्यमन्दोच्च	= −	२ । १७ । ५२·९०५६
सूर्यको स्पष्टमन्दकेन्द्र	=	९ । १२ । ७·०९४४

		रा. अं. क.
		१२ । ० । ०
सूर्यको स्पष्टमन्दकेन्द्र	= −	९ । १२ । ७·०९४४
सूर्यको स्पष्टमन्दकेन्द्रको भुज	=	२ । १७ । ५२·९०५६
		३ । ० । ०
सूर्यको स्पष्टमन्दकेन्द्रको भुज	= −	२ । १७ । ५२·९०५६
सूर्यको स्पष्टमन्दकेन्द्रको कोटि	=	० । १२ । ७·०९४४

स्पष्टमन्दकेन्द्रको अंशादि भुज = ७७ । ५२·९०५६

स्पष्टमन्दकेन्द्रको अंशादि कोटि = १२ । ७·०९४४

	अं. क.	अं. क.	ज्या
	७८ । ४५	७८ । ४५	३३७१.९३९८
भुज = −	७७ । ५२·९०५६	− ७५ ।	− ३३२०·८५३०
	० । ५२·०९४४ = शेष	३ । ४५	५१·०८६८ = ज्यान्तर

कला		ज्यान्तर		शेषकला
२२५	:	५१·०८६८	::	५२·०९४४

$$\frac{५१·०८६८ \times ५२·०९४४}{२२५} = \frac{२६६१·३३६१९३९२}{२२५} = ११·८२८२$$

५१·०८६८ = ज्यान्तर
× ५२·०९४४ = शेषकला

२०४३४७२
२०४३४७२
४५९७८?२
१०२१७३६
२५५४३४०

२६६१·३३६१९३९२

२२५) २६६१·३३६१९ (११·८२८१६
२२५
४११
२२५
१८६३
१८००
६३३
४५०
१८३
१८३६
१८००
३६१
२२५
१३६९
१३५०
१९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अं. क.   ज्या

७८।४५   ३३७१·९३९८
− ५२·०९४४   − ११·८२८२
७७।५२·९०५६   ३३६०·१११६ =केन्द्रभुजज्या

अं. क.   अं. क.   ज्या

कोटि = १२। ७·०९४४   १५।   ८८९·८१९९
− ११।१५   − ११। १५   − ६७०·७२०५
०।५२·०९४४ = शेष   ३। ४५   २१९·०९९४ = ज्यान्तर

कला   ज्यान्तर   शेषकला
२२५ : २१९·०९९४ :: ५२·०९४४

(२१९·०९९४ × ५२·०९४४) / २२५ = ११४१३·८५१७८३३६ / २२५ = ५०·७२८२

२१९·०९९४ = ज्यान्तर
× ५२·०९४४ = शेषकला
८७६३९७६
८७६३९७६
१९७१८९४६
४३८१९८८
१०९५४९७०
११४१३·८५१७८३३६

२२५) ११४१३·८५१७ (५०·७२८२
११२५
१६३८   ५१७
१५७५   ४५०
६३५   ६७
४५०
१८५१
१८००
५१

अं. क.   ज्या

११।१५   ६७०·७२०५
+ ५२·०९४४   + ५०·७२८२
१२। ७·०९४४   ७२१·४४८७ =केन्द्रकोटिज्या

केन्द्रभुजज्या = ३३६०·१११६
केन्द्रकोटिज्या = ७२१·४४८७

केन्द्रकोटिज्या− अन्त्यफलज्या = ७२१·४४८७−१३०·५१६६ = ५९०·९३२१ = स्पष्टकोटि = कोटि

केन्द्रभुजज्या = ३३६०·१११६ = भुज

√(कोटि² + भुज²) = √((५९०·९३२१)² + (३३६०·१११६)²)
= √(३४९२०·७४६८१०४१ + ११२९०३४९·९६४४५४५६)
= √(११६३९५५०·७११२६४९७) = ३४११·६७८६ = कर्ण

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

५९०·९३२१ =कोटि

११८१८६४१
२३६३७२४
३५४५४९
१०६२८१
९८१
२५

३४९२००·७४६८१०४१

३३६०·१११६ =भुज

४०३२१३३५६
६७२०२२१
६७२०२१
६७२०१
३९९६
१८९
९

११२९०३४९·९६४४५४५६

११२९०३४९·९६४४५४५६= भुजवर्ग
+ ३४९२००·७४६८१०४१ =कोटिवर्ग

११६३९५५०·७११२६४९७ =वर्गयोग

३	११६३९५५०·७११२६४९७ (३४११·६७८६
३	९
६४	२६३
४	२५६
६८१	७९५
१	६८१
६८२१	११४५०
१	६८२१
६८२२६	४६२९७१
६	४०९३५६
६८२३२७	५३६१५१२
७	४७७६२८९
६८२३३४८	५८५२२३६४
८	५४५८६७८४
६८२३३५६६	३९३५५८०९७
६	४०९४०१३९६
६८२३३५७२	

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

$$\text{फल} = \frac{\text{केन्द्रभुजज्या} \times \text{अन्त्यफलज्या}}{\text{कर्ण}} = \frac{\text{३३६०·१११६} \times \text{१३०·५१६६}}{\text{३४११·६७८६}}$$

$$= \frac{\text{४३८५५०·३४१६५२५६}}{\text{३४११·६७८६}} = \frac{\text{४३८५५०३४१६·५२५६}}{\text{३४११६७८६}} = \text{१२८·५४३८६१६ कला}$$

३३६०·१११६ = केन्द्रभुजज्या
× १३०·५१६६ = अन्त्यफलज्या
२०१६०६६९६
२०१६०६६९६
३३६०१११६
१६८००५५८०
१००८०३३४८
३३६०१११६
४३८५५०·३४१६५२५६

३४११६७८६)४३८५५०३४१६·५२५६ (१२८·५४३८६१६
३४११६७८६
९७३८२४८१
६८२३३५७२
२९१४८९०९६
२७२९३४२८८
१८५५४८०८५
१७०५८३९३०
१४९६४१५५२
१३६४६७१४४
१३१७४४०८५
१०२३५०३५८
२९३९३७२७

२९३९३७२७६
२७२९३४२८८
२१००२९८८०
२०४७००७१६
५३२९१६४०
३४११६७८६
१९१७४८५४०
२०४७००७१६

यताबाट स्पष्टमेषसङ्क्रान्तिकालमा सूर्यको अंशादि मन्दफल २।८·५४३८६१६ हुने देखिन्छ ।

दैनिकगतिकला   दिन   मन्दफलकला
५९·१३६२०८३ :   १ : : १२८·५४३८६१६

$$\frac{\text{१} \times \text{१२८·५४३८६१६}}{\text{५९·१३६२०८३}} = \frac{\text{१२८५४३८६१६}}{\text{५९१३६२०८३}} = \text{२·१७३६९१३ दिन}$$

५९१३६२०८३)१२८५४३८६१६ (२.१७३६९१३०
११८२७२४१६६
१०२७१४४५००
५९१३६२०८३
४३५७८२४१७०
४१३९५३४५८१
२१८२८९५८९०
१७७४०८६२४९
४०८८०९६४१०
३५४८१७२४९८
५३९९२३९१२०
५३२२२५८७४७
७६९८०३७३

७६९८०३७३०
५९१३६२०८३
१७८४४१६४७०
१७७४०८६२४९
१०३३०२२१०

२·१७३६९१३ यस दिनलाई दिन, घडी, पला, विपला, प्रतिविपला बनाइन्छ ।

२ दिन
·१७३६९१३ × ६०
१०·४२१४७८० घडी
·४२१४७८ × ६०
२५·२८८६८० पला
·२८८६८ × ६०
१७·३२०८० विपला
·३२०८ × ६०
१९·२४८० प्रतिविपला

यताबाट मध्यममेषसङ्क्रान्ति हुनुभन्दा २ दिन १० घडी २५ पला १७ विपला १९·२ प्रतिविपला– अगाडि नै स्पष्टमेषसङ्क्रान्ति हुने देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१ सारणीमा वि. सं ० को मध्यममेषसङ्क्रान्तिकालको वारादि ० । ४१ । १ । ३० । ० दिइएको छ (यही अङ्कको २२६ पृष्ठ)।

वि. सं. ० को मध्यममेषसङ्क्रान्तिको वारादि	=	०।४१। १।३०।०
मध्यम र स्पष्टमेषसङ्क्रान्तिको अन्तर दिनादि	=	– २।१०।२५।१७।१९·२
स्पष्टमेषसङ्क्रान्तिको वारादि	=	५।३०।३६।१२।४०·८

यहां दिइएको वार वर्तमान हो।

∴ वि. सं. ० को स्पष्टमेषसङ्क्रान्तिकाल बृहस्पतिवार ३० घडी ३६ पला १२ विपला ४०·८ प्रतिविपलामा हुने देखिन्छ।

वि. सं. ० को स्पष्टमेषसङ्क्रान्तिको वारादि ५।३०।३६।१२।४०·८ लाई क्षेपक[११] मानी यही अङ्कको २२७ पृष्ठमा बताइएअनुसार इष्ट विक्रमसंवत्‌को स्पष्टमेषसङ्क्रान्तिकाल ल्याउन सकिन्छ।

जस्तै–

वि. सं. १८७१ को स्पष्टमेषसङ्क्रान्तिको वारादि ल्याउँदा

		वा. घ. प. वि. प्र. त्रि.
१००० वर्षको वारादि	=	५ । २६ । १५ । ० । ०
८०० वर्षको वारादि	=	५ । ४५ । ० । ० । ०
७० वर्षको वारादि	=	४ । ५ । २६ । १५ । ०
१ वर्षको वारादि	=	१ । १५ । ३० । २२ । ३०
१८७१ वर्षको वारादि	=	२ । ३२ । ११ । ३७ । ३०
क्षेपक वारादि	=	५ । ३० । ३६ । १२ । ४०·८
		१ । २ । ४७ । ५० । १०.८

∴ वि. सं. १८७१ को स्पष्टमेषसङ्क्रान्तिकाल आदित्यवार २ घडी ४७ पला ५० विपला १०·८ प्रतिविपलामा हुने देखिन्छ।

४ प्रश्नमाला

तल दिइएका विक्रमसंवत्‌का स्पष्टमेषसङ्क्रान्तिका वारादि ल्याऊ।

(१) वि. सं. २०२३	(२) वि. सं. २०२२	(३) वि. सं. २०२१	(४) वि. सं. २०२०
(५) वि. सं. २०१९	(६) वि. सं. २०१८	(७) वि. सं. १८६०	(८) वि. सं. १८६१
(९) वि. सं. १८६७	(१०) वि. सं. १८६८	(११) वि. सं. १८६९	(१२) वि. सं. १८७०
(१३) वि. सं. १९६०	(१४) वि. सं. १९६१	(१५) वि. सं. १८५४	(१६) वि. सं. १८५५
(१७) वि. सं. १८११	(१८) वि. सं. १८१०	(१९) वि. सं. १७३१	(२०) वि. सं. १७३२

११. सूर्यमन्दोच्चको गति अत्यन्त अल्प भएकोले वि. सं. ० को सूर्यमन्दोच्चअनुसार आएको वि. सं ० को स्पष्टमेषसङ्क्रान्तिको वारादिलाई क्षेपक मानी यहां काम गरिएको छ। यस कारण १००० वर्षमा १ पला जति अन्तर पर्छ। सो अन्तर पनि हटाउन कालान्तरसारणी पछि प्रकाश गर्नेछु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(२१) वि. सं. १६१६ (२२) वि. सं. १६१७ (२३) वि. सं. १६१५ (२४) वि. सं. १५३८

(२५) वि. सं. १५३७ (२६) वि. सं. १४४४ (२७) वि. सं. १४४३ (२८) वि. सं. १३५२

(२९) वि. सं. १३५३ (३०) वि. सं. २ (३१) वि. सं. १ (३२) वि. सं. ०

(३३) वि. सं. ६४० (३४) वि. सं. ६३९ (३५) वि. सं. १९७० (३६) वि. सं. १९७१

उत्तर

	वा.	घ.	प.	वि.	प्र. वि
(१)	३	१९	४४	५०	१०·८
(३)	०	४८	४४	५	१०·८
(५)	५	१७	४३	२०	१०·८
(७)	१	१२	१३	४२	४०·८
(९)	३	०	४६	२०	१०·८
(११)	५	३१	४७	५	१०·८
(१३)	१	२	५१	१२	४०·८
(१५)	०	३९	११	२७	४०·८
(१७)	२	३२	२५	२०	१०·८
(१९)	६	५१	५५	२०	१०·८
(२१)	२	८	४२	१२	४०·८
(२३)	०	५३	११	५०	१०·८
(२५)	०	४३	४२	३५	१०·८
(२७)	१	२६	७	२०	१०·८
(२९)	०	१०	३३	३५	१०·८
(३१)	६	४६	६	३५	१०·८
(३३)	५	५४	३६	१२	४०·८
(३५)	६	३७	५४	५७	४०·८

	वा.	घ.	प.	वि.	प्र. वि.
(२)	२	४	१४	२७	४०·८
(४)	६	३३	१३	४२	४०·८
(६)	४	२	१२	५७	४०·८
(८)	२	२७	४४	५	१०·८
(१०)	४	१६	१६	४२	४०·८
(१२)	६	४७	१७	२७	४०·८
(१४)	२	१८	२१	३५	१०·८
(१६)	१	५४	४१	५०	१०·८
(१८)	१	१६	५४	५७	४०·८
(२०)	१	७	२५	४२	४०·८
(२२)	३	२४	१२	३५	१०·८
(२४)	१	५९	१२	५७	४०·८
(२६)	२	४१	३७	४२	४०·८
(२८)	५	५५	३	१२	४०·८
(३०)	१	१	३६	५७	४०·८
(३२)	५	३०	३६	१२	४०·८
(३४)	४	३९	५	५०	१०·८
(३६)	०	५३	२५	२०	१०·८

सूचना– २२५ कलासम्म ज्या र चापको अभेद हुन्छ । यस कारण सूर्यको मन्दफलज्या नै मन्दफलकला हुन्छ । सोहीअनुसार यस निबन्धमा गणित गरिएको छ ।

यही अङ्कको २४५ पृष्ठमा छापिएको ३ चित्रमा भू फ प्र कोण समकोण हुनुपर्नेमा अलिकता फरक परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लिच्छविसंवत्को निष्कर्षमा दिइएको वि. सं. ६४१ को मेषसङ्क्रान्ति अशुद्ध छ

–देवीप्रसाद भण्डारी

वि. सं. २०३१ आषाढ २६ गते साथी श्रीशङ्करमान राजवंशीले आफ्नो लिच्छविसंवत्को निष्कर्ष-नामको पुस्तक मलाई दिनुभएको थियो । सो पुस्तकमा

ब्रह्मसिद्धान्तको सैद्धान्तिक परिपाटी अनुसार…

शक	संक्रान्ति	वार	घडी	पला
५०६	वैशाख	६	२३	३०

(लिच्छविसंवत्को निष्कर्षको १७ पृष्ठ)

भन्ने लेखिएको रहेछ ।

यताबाट वि. सं. ६४१ को मेषसङ्क्रान्ति ब्रह्मसिद्धान्तअनुसार शुक्रवार २३ घडी ३० पलामा आउँछ भनी शङ्करमानले सम्झनुभएको देखिन्छ । तर ब्रह्मसिद्धान्तअनुसार[1] गणना गर्दा वि. सं. ६४१ को मेषसङ्क्रान्ति शनैश्चरवार १० घडी ६ पलामा आउँछ (यही अङ्कको २६० पृष्ठ) ।

यस कारण लिच्छविसंवत्को निष्कर्षमा दिइएको वि. सं. ६४१ को मेषसङ्क्रान्ति अशुद्ध देखिन्छ । त्यस ग्रन्थमा अरू गणना पनि अशुद्ध छन् । तिनलाई क्रमशः सप्रमाण पूर्णिमामा प्रकाश गर्दै जानेछु ।

---

१. ब्रह्मसिद्धान्तोक्त भगण लिई सिद्धान्तशिरोमणि बनेको हो भन्ने कुरा पूर्णिमा ३५ अङ्कमा छापिएको श्रीगुरु पं. नयराज पन्तको लिच्छविसंवत्को निष्कर्षको परीक्षानामक लेख (सो अङ्कका १८०–१८३ पृष्ठ) बाट स्पष्ट हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मानदेवसंवत्

–दिनेशराज पन्त

नेपाल–राष्ट्रिय–अभिलेखालयमा रहेको सुमतितन्त्रनामक सिद्धान्तज्यौतिषग्रन्थमा मध्यमाधिकार, स्पष्टाधिकार, त्रिप्रश्नाधिकार, चन्द्रग्रहणाधिकार, सूर्यग्रहणाधिकार तथा ब्रह्माण्डाधिकार छन् । नेपालखाल्डोमै रचना भएको भनी अन्वेषणद्वारा सिद्ध भएको[१] त्यस ग्रन्थको राम्रो अध्ययन हुन सकेको खण्डमा नेपालमा चलेको पञ्चाङ्गगणनापद्धतिमा धेरै प्रकाश पर्न सक्छ । यसरी नेपालमा चलेको पञ्चाङ्गगणनापद्धतिमा प्रकाश पार्न खोज्ने गणकहरूलाई यस ग्रन्थले तान्छ भने लिच्छविकालको अभिलेखमा पाइएका संवत् कुन कुन हुन् भनी छटपटाइरहेका ऐतिहासिकहरूको तिर्खा पनि यसले मेट्न सक्छ । त्यही ग्रन्थको आधारमा लिच्छविकालमा चलेको एकथरी संवत् (मानदेव-संवत्) को विषयमा यस निबन्धमा केही लेखिन्छ ।

जातो दुर्योधनो राजा कलि– –प्रवर्त्तते ।
युधिष्ठिरो महाराजो दुर्योधनस्तयो:पि वा ।
उभौ राजौ सहस्रे द्वे वर्षन्तु सम्प्रवर्त्तति ।
नन्दराज्यं शताष्टञ्च श्चन्द्रगुप्तस्ततोपरे
राज्यङ्करोति तेनापि द्वात्रिंशच्चाधिकं शतम् ।
राजा शूद्रकदेवश्च वर्ष सप्ताब्धि चाश्विनौ
शकराजा ततो पश्चाद्वसुरन्ध्रकृतन्तथा ।
इत्येते–षिसम्मह्यं ज्ञेया राजा क्रमेण तु ।[२]

१. वि. सं. २०३३ गुरुपूर्णिमामा त्रिभुवनविश्वविद्यालयको संस्कृतअध्ययनसंस्थानको वाल्मीकिविद्यापीठद्वारा प्रकाशित मर्यादा १२ अङ्कमा छापिएको पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, दिनेशराज पन्तको सुमतितन्त्रको केही परिचय भन्ने निबन्ध, सो अङ्कका ५४–६३ पृ. ।

२. अरुहरूले यस अंशको पाठ यसरी दिएका छन्—
जातो दुर्योधनो राजा कलि (..) प्रवर्त्तते । युधिष्ठिरो महाराजो दुर्योधनस्तयाऽपि वा ।
उभौ राजौ सहस्रे द्वे वर्षन्तु सम्प्रवर्त्तति । नन्दराज्यं शताष्टं वा श्चन्द्रगुप्तस्ततो पर (म्) ।
राज्यङ्करोति तेनापि द्वात्रिंशच्चाधिकं शतम् । राजा शूद्रकदेवश्च वर्षसप्ताब्धिचाश्विनौ ।
शकराजा ततो पश्चाद्वसुरन्ध्रकृतन्तथा । इत्येते (मा)षितं मह्यं ज्ञेया राजा कमेणतु
[वि. सं. १९९४ मा पटनाको एम्. एन्. बर्मन् यान्ड् कम्पनीद्वारा प्रकाशित काशीप्रसाद जायसवालको क्रनलजि यान्ड् हिस्टरि अफ् नेपाल् (नेपालको कालगणना र इतिहास) को ३७ पृ.]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

जातो दुर्योधनो राजा कलि (स्तत्र) प्रवर्तते युधिष्ठिरो महाराजो दुर्योधनस्तयापि वा
उभौ राजौ (?) सहस्रे द्वे वर्षन्तु सम्प्रवर्तते नन्दराज्यं शताष्टं वा चन्द्रगुप्तस्ततो (तः) परं
राज्यङ्करोति तेनापि (?) द्वात्रिंशच्चाधिकं शतं राजा शूद्रकदेवश्च वर्ष सप्ताब्धिचाश्विनौ
शकराजा ततो (तः) पश्चाद्वसुरन्ध्रकृतन्तथा इत्येते भाषितं मह्यां (?) ज्ञेया राजा (?) क्रमेण तु

(वि. सं. २०१९ मा भोजपुरको नेपाल– इतिहास– विकास– समितिद्वारा प्रकाशित ज्ञानमणि नेपालको नेपालको प्राचीन इतिहासमा नयाँ प्रकाशको ५० पृ.)

युधिष्ठिरमहाराजो दुर्योधनस्तयोः पि वा उभौ राजौ सहस्रे द्वे वर्षन्तु सम्प्रवर्तति
नन्दराज्यं शताष्टश्चश्चन्द्रगुप्तस्ततो परे राज्यङ्करोति तेनापि द्वात्रिंशच्चाधिकं शतम्
राजा शूद्रकदेवश्च वर्षसप्ताब्धि चाश्विनौ शकराजा ततोः पश्चाद्वसुरन्ध्रकृतन्तथा

(वि. सं. २०२२ वैशाखमा प्रकाशित पूर्णिमा ५ अङ्कका ९–१६ पृष्ठमा छापिएको शङ्करमान राजवंशीको पाटन सुनधाराको अभिलेखमा रहेका राजा र संवत्‌विषयको विचार भन्ने निबन्ध, सो अङ्कको ११ पृ.)

जातो दुर्योधनो राजा कलियुग प्रवर्त्तते। युधिष्ठिरो महाराजो दुर्योधनस्तयोःऽपि वा।
उभौ राजौ सहस्रेब्दे वर्षन्तु संप्रवर्तति। नन्दराज्यं शताष्टश्च चन्द्रगुप्तस्ततः परे।
राज्यं करोति तेनापि द्वात्रिंशच्चाधिक शतं। राजा शूद्रकदेवश्च वर्षं सप्ताब्धि चाश्विनौ।
शकराज्यं ततः पश्चाद्वसुरन्ध्रकृतन्तथा,

(वि. सं. २०२४ आश्विनमा श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित प्राचीन नेपाल १ अङ्कमा छापिएको देवीप्रसाद लंसालको सुमतितन्त्र भन्ने निबन्ध, सो अङ्कको ६ पृ.)

युधिष्ठिरो महाराजो दुर्योधनस्तयोः पिवा उभौराजौ सहस्रौ द्वे वर्षन्तु सम्प्रवर्तति।
नन्दराज्यं शताष्टश्च चन्द्रगुप्तस्ततो परंराज्यङ्करोति तेनापि द्वात्रिंशञ्चाधिकं शतं।
राजा शूद्रक देवश्च वर्ष संप्राब्धिचाश्विनौ शकराजा ततोपश्चाद्वसुरन्ध्र कृतान्तथा।
इत्यंते भाषितन्मह्यां ज्ञेया राजा क्रमेणतु ॥

[वि. सं. २०२६ मा कलकत्ताका फर्मा के. एल्. मुखोपाध्यायद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको एन्शन्ट् नेपाल् (प्राचीन नेपाल) को तेस्रो संस्करणको १०७ पृ.]

युधिष्ठिरो महाराजो दुर्योधनस्तयोः पिवा उभौ राजौ सहस्रे द्वे वर्षन्तु सम्प्रवर्तति
नन्दराज्यं शताष्टश्चश्चन्द्रगुप्तस्ततो परे राज्यङ्करोति तेनापि द्वात्रिंशच्चाधिकं शतं
राजा शूद्रकदेवश्च वर्षसप्ताब्धिचाश्विनौ शकराजा ततो पश्चाद्वसुरन्ध्रकृतन्तथा
इत्येते (ति) षितम्मह्यां ज्ञेया राजा क्रमेण तु

(वि. सं. २०३० कार्तिकमा काठमाडौंका दिलीपमान राजवंशीद्वारा प्रकाशित शङ्करमान राजवंशीको लिच्छविसंवत्‌को निष्कर्षका २८–२९ पृ.)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

· · ·कृतअम्बराग्नि——ैमानदेवाब्द प्रयुज्यमाना एतानि पिण्ड[३]· · ·

(वीरपुस्तकालय चौयो ५७ सङ्ख्याको सुमतितन्त्र । ताडपत्र २ ख पत्र)

युधिष्ठिर दुर्ज्जोधन उभो राज्याब्द २००० नन्दराज्याब्द ८०० चन्द्रगुप्तराज्याब्द १३२ सुद्रकदेवराज्याब्द २४७ शकराज्याब्द ४९८ मानन्देवस्य राज्याब्द ३०४[४]

(ताडपत्र । यहाँ पत्रसङ्ख्या देखिँदैन)

---

३. वीरपुस्तकालयमा रहेको प्रतिमा मूलमा मानदेवसंवत्सम्बन्धी वाक्य छैन भनी अरूहरूले लेखेका छन् [क्रनल्अजि यान्ड् हिस्टरि अफ् नेपाल्को ३९ पृ., वि. सं. २०१८ मार्ग– पौषमा रोमको इस्तित्युतो इतालिआनो पर् इल् मेदिओ इद् इस्तर्मो ओरियन्तद्वारा प्रकाशित ईस्ट् यान्ड् वेस्ट् (पूर्व र पश्चिम) को १२ भागको ४ अङ्कमा छापिएको लूच्यानो पेतेकको द क्रोनल्अजि अफ् दि अर्लि इन्स्क्रिप्शन्ज् अफ् नेपाल् (नेपालका प्राचीन अभिलेखहरूको कालनिर्णय) भन्ने निबन्ध (सो अङ्कको २२८ पृ.), नेपालको प्राचीन इतिहासमा नयाँ प्रकाशको ५० पृ., एन्शन्ट् नेपालको १०७ पृ., लिच्छविसंवत्को निष्कर्षका २९–३० पृ.]

ताडपत्रमा शकसंवत्सम्बन्धी वर्णन सिद्धिएपछि थपेको चिनो दिइएको छ। माथितिर केही अक्षर लेखिएका छन्, तर आधा जति भाँचिएकोले पढ्न सकिँदैन। वि. सं. २०३३ आषाढमा एकदिन सुमतितन्त्रको सारेर ल्याएको प्रतिलिपिसँग मूल पुस्तक रुजु गरिरहँदा तलतिर लेखिएको मानदेवसंवत्सम्बन्धी वर्णनमा अकस्मात् मेरो आँखा पर्न गएको हो। मसी उडिसकेको हुनाले अक्षर अत्यन्त अस्पष्ट छन् तापनि गढेर हेरेमा पढ्न सकिन्छ।

४. अरूहरूले यस अंशको पाठ यसरी दिएका छन्—

युधिष्ठिर दुर्योधन उभो राज्याब्द २०००[,] नन्द राज्याब्द ८००[,] चन्द्रगुप्त राज्याब्द १३२[,] शूद्रकदेव राज्याब्द......शक राज्याब्द ४९८[,] मानदेवस्य राज्याब्द ३०४[.]

(क्रनल्अजि यान्ड् हिस्टरि अफ् नेपाल्को ३७ पृ.)

युधिष्ठिर दुर्योधन उभो राज्याब्द २०००, नन्द राज्याब्द ८००, चन्द्रगुप्त राज्याब्द १३२, शुद्रकदेव राज्याब्द .... शक राज्याब्द ४९८, मानदेवस्य राज्याब्द ३०४,

(इस्ट् यान्ड् वेस्ट् १२ भाग ४ अङ्कको २२८ पृ.)

युधिष्ठिर दुर्योधन उभो राज्याब्द २०००। नन्दराज्याब्द ८००। चन्द्रगुप्त राज्याब्द १३२। शूद्रकराज्याब्द २४७। शकराज्याब्द ४९८। मानदेवस्य राज्याब्द ३०४

(नेपालको प्राचीन इतिहासमा नयाँ प्रकाशको ५० पृ.)

युधिस्थिर दुर्ज्जोधन उभो राज्याब्द २००० नन्दराज्याब्द ८०० चन्द्रगुप्तराज्याब्द १३२ सूद्रकदेवराज्याब्द २४७ शकराज्याब्द ४९८ मानन्देवस्य राज्याब्द ३०४

(पूर्णिमा ५ अङ्कको ११ पृ.)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

[दुर्योधन राजा भएपछि कलियुग लाग्नेछ। राजा युधिष्ठिर र राजा दुर्योधनको संवत् २००० वर्षसम्म चल्नेछ। त्यसपछि ८०० वर्षसम्म राजा नन्दको संवत् चल्नेछ। त्यसपछि १३२ बर्षसम्म राजा चन्द्रगुप्तको संवत् चल्नेछ। त्यसपछि २४७ वर्षसम्म राजा शूद्रकदेवको संवत् चल्नेछ। त्यसपछि ४९८ वर्षसम्म शक राजाको संवत् चल्नेछ। राजाहरूका यी संवत् बताइए। त्यसपछि ३०४ वर्षसम्म राजा मानदेवको संवत् चल्नेछ।]

यस वर्णनबाट २०००+८००+१३२+२४७+४९८= ३६७७ कलिगतवर्ष बितेपछि मानदेवसंवत् चलेको देखिन्छ। कलिगतवर्ष ३०४४ बितेपछि विक्रमसंवत्को प्रारम्भ हुन्छ५। यस कारण ३६७७-३०४४= ६३३ वि. सं. बितेपछि मानदेवसंवत्को प्रारम्भ भएको देखिन्छ।

सुमतितन्त्रको अर्को प्रति ब्रिटिश म्यूजियममा छ। सो पुस्तक पनि ताडपत्रमा लेखिएको छ। त्यहाँ मानदेवसंवत्को उल्लेख यसरी गरिएको छ-

सेषा युताश्च कृतअम्बराग्नि ३०४
श्रीमानदेवाब्द प्रयुज्यमाना
एतानि पिण्ड कलिवर्षमाहुः॥

[यो अंश वि. सं. १९५९ मा लण्डनबाट प्रकाशित सेसिल बेण्डालको क्याट्अलग् अफ् द स्यान्स्क्रिट् म्यानुस्क्रिप्ट्स् इन् द ब्रिट्इश् म्युजिअम् (ब्रिटेनी सङ्ग्रहालयमा रहेका संस्कृतका लेखोट पुस्तकहरूको सूची) को १९३ पृष्ठमा छापिएको छ। त्यसपछि क्रोनल्अजि यान्ड् हिस्टरि अफ् नेपाल्को ३९ पृष्ठमा छापिएको छ। त्यसपछि इस्ट् यान्ड वेस्ट् १२ भागको ४ अङ्कको २२८ पृष्ठमा छापिएको छ। त्यसपछि एन्शन्ट् नेपालको १०७ पृष्ठमा छापिएको छ। त्यसपछि वि. सं. २०३० मा काशीको भारतीय-विद्या-प्रकाशनद्वारा प्रकाशित

युधिष्ठिर दुर्योधन उभौराज्याब्द २०००। नन्दराज्याब्द ८००। चन्द्रगुप्तराज्याब्द १३२। शूद्रक देव राज्याब्द २४७। शक राज्याब्द ४९८। मानदेव राज्याब्द ३०४।

(प्राचीन नेपाल १ अङ्कको ७ पृ.)

युधिष्ठिर दुर्जोधन उभो राज्याब्द २००० नन्दराज्याब्द ८०० चन्द्रगुप्त राज्याब्द १३२ शूद्रकदेवराज्याब्द २४७ शकराज्याब्द ४९८ मानदेवस्य राज्याब्द ३०४

(एन्शन्ट् नेपाल्को १०८ पृ.)

युधिस्यिर दुर्ज्जोधन उभो राज्याब्द २००० नन्दराज्याब्द ८०० चन्द्रगुप्तराज्याब्द १३२ सुद्रकदेवराज्याब्द २४७ शकराज्याब्द ४९८ मानदेवस्य राज्याब्द ३०४

(लिच्छविसंबत्को निष्कर्षको ३० पृ.)

५. पूर्णिमा ५ अङ्कको १० पृ.।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

श्रीराम गोयलको प्राचीन नेपालका राजनीतिक और सांस्कृतिक इतिहासको ४६ पृष्ठमा छापिएको छ । इस्ट् यान्ड् वेस्ट् र प्राचीन नेपालका राजनीतिक और सांस्कृतिक इतिहासमा अम्बरागिन ३०४ छापिएको छ, कृत छुटेको छ ।]

यति कुराबाट वि. सं. ६३३ दखि मानदेवसंवत्नामक नयाँ संवत् चलेको रहेछ भन्ने स्पष्ट हुन्छ ।

चाँगुको अंशुवर्माको अभिलेखको तिथिमितिको गणना

—दिनेशराज पन्त

अहिलेसम्म लिच्छविकालका करीब २०० अभिलेख छापिइसकेका छन्, तर चाँगुनारायणको अंशुवर्माको सुवर्णपत्रको अभिलेखलाई छोडेर अरू अभिलेखमा वारको उल्लेख आएको छैन । यस अभिलेखमा संवत्, महीना, तिथि, नक्षत्रको साथै वारको पनि उल्लेख छ । यस कारण अंशुवर्माले व्यवहार गरेको संवत्को विषयमा यस अभिलेखबाट प्रकाश पर्ने हुनाले यस अभिलेखको तिथिमितिको गणनाविषयमा यस निबन्धमा केही लेखिन्छ ।

चांगुनारायणको सो अभिलेख यस प्रकारको छ–

ॐ
एकत्रिंशत्तमे वर्षे वर्तमाने स्वसंस्थया
माघशुक्लत्रयोदश्याम्पुष्येण सवितुर्दिने १
कालेन शीर्णमवलोक्य समस्तमाद्यं
हैमं हरेर्भगवतः कवचं सताक्ष्यर्म्
तस्मान्निदर्शनमवाप्य जगद्धितार्थं
सञ्चस्कृवान्नरपतिः पुनरंशुवर्मा २

(चांगुनारायणको सुनको कवचको मनि रहेको सुवर्णपत्रको अभिलेख । यो अभिलेख सर्वप्रथम वि. सं. २०३० आषाढमा त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित धनवज्र वज्राचार्यको लिच्छविकालका अभिलेखका ३१७–३१९ पृष्ठमा ७६ सङ्ख्याको रूपमा अनुवाद, व्याख्यासहित

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

छापिएको छ। त्यसपछि वि. सं. २०३० कार्तिकमा काठमाडौंका दिलीपमान राजवंशीद्वारा प्रकाशित शङ्करमान राजवंशीको लिच्छविसंवत्को निष्कर्षको ६ पृष्ठमा प्रतिलिपि, अनुवाद तथा व्याख्यासहित छापिएको छ। त्यसपछि वि. सं. २०३० चैत्रमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा प्रकाशित हरिराम जोशीको नेपालको प्राचीन अभिलेखका २८९–२९२ पृष्ठमा ७८ सङ्ख्याको रूपमा प्रतिलिपि, व्याख्यासहित छापिएको छ।)

[भगवान् नारायणको पहिलेको सुनको कवच र गरुड कालक्रमले जीर्ण भएको देखेर राजा अंशुवर्माले संवत् ३१ माघशुक्ल त्रयोदशी आदित्यवार पुष्यनक्षत्रको दिन संसारको हित होस् भनी पुरानै नमूनाबमोजिम सम्पूर्ण जीर्णोद्धार गर्नुभयो।]

(यो अनुवाद लिच्छविकालका अभिलेखको ३१७ पृष्ठबाट सारिएको हो।)

· · ·यस्त्वेतामाज्ञां विलङ्घ्यान्यथा प्रवर्तिष्यते . . . मर्यादाज्ञाव्यतिक्रमकारिणो
· · ·रपि भूपतिभिर्धर्मगुरुतया गुरुकृतप्रसादानु(व)र्त्तिभिरेव भवितव्यमिति
स्वयमाज्ञा दूतकोत्र राजपुत्रस्थितिवर्मा
संवत् ३१ द्वितीयपौषशुक्लाष्टम्याम्

[भक्तपुर इनाचो माहेश्वरीपीठनगीचै हनुमन्ते खोलाको तीरमा उत्तरपट्टि घरको पर्खालमा दक्षिणाभिमुख भई रहेको शिलालेख। यो शिलालेख सर्वप्रथम वि. सं. २०३० वैशाख १ गते काठमाडौंबाट प्रकाशित समीक्षा साप्ताहिकमा मोहनप्रसाद खनालद्वारा छापिएको छ। त्यसपछि लिच्छविकालका अभिलेखका ३१५–३१६ पृष्ठमा ७५ सङ्ख्याको रूपमा बढी पाठ, अनुवाद तथा व्याख्यासहित छापिएको छ। त्यसपछि वि. सं. २०३० आषाढमा डुमाखाल काठमाडौंका मोहनप्रसाद खनालद्वारा प्रकाशित उनैको मध्यकालीन अभिलेखको ७७ पृष्ठमा छापिएको छ। त्यसपछि वि. सं. २०३० मा काठमाडौंको रत्नपुस्तक भण्डारद्वारा प्रकाशित कैलाश १ वर्ष २ अङ्कमा छापिएको गौतमवज्र वज्राचार्यको रिसेन्ट्लि डिस्कोभ्अर्ड् इन्स्क्रिप्शन्ज् अफ् लिच्छवि नेपाल् (लिच्छविकालको नेपालका भरखरै पाइएका अभिलेखहरू) भन्ने निबन्धमा (सो अङ्कको १२५ पृष्ठमा) अनुवाद तथा प्रतिलिपिसहित छापिएको छ।]

[जसले यो आज्ञा नाघेर अन्यथा गर्ला। मर्यादा र आज्ञा नाघ्ने (त्यसलाई सहनेछैनौं।)
पछि हुने राजाहरूले पनि नियम कानूनलाई ठूलो सम्झी मान्य जनले गरेको निगाहको ख्याल राख्नुपर्छ।
यो मेरो आफ्नै आज्ञा हो। यस बातका दूतक (मार्फत) राजपुत्र स्थितिवर्मा छन्।
संवत् ३१ द्वितीय पौषशुक्ल अष्टमी।]

(यो अनुवाद लिच्छविकालका अभिलेखको ३१५ पृष्ठबाट सारिएको हो)।

यस अभिलेखबाट संवत् ३१ मा पौषमा अधिमास परेको थियो भन्ने बुझिन्छ।

चाँगुको अंशुवर्माको अभिलेखमा संवत् ३१ माघशुक्ल त्रयोदशी आदित्यवार पुष्यनक्षत्र लेखिएको र भक्तपुर इनाचोको अभिलेखबाट संवत् ३१ मा पौषमा अधिमास परेको थियो भन्ने थाहा पाइएकोले माघशुक्ल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

त्रयोदशीको गणना गर्दा पौषको अधिमासको विचार पनि राख्नुपर्ने देखियो ।

चैत्र, वैशाख, ज्येष्ठ, आषाढ, श्रावण, भाद्र, आश्विन, कार्तिक, मार्ग, प्रथम पौष, द्वितीय पौष यो ११ महीनाका ३३० तिथि र माघशुक्ल प्रतिपद्देखि त्रयोदशीसम्म १३ तिथिसमेत जम्मा ३४३ तिथि लिनुपर्ने यताबाट देखियो । सोहीअनुसार तिथि लिई यस अभिलेखको संवत्लाई वि. सं. ६३३ देखि उठेको मानदेवसंवत् मानी गणना गर्दा आएको नतीजा यस प्रकारको छ–

संवत् ३१ (वि. सं. ६६४) माघशुक्ल

गते	वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला
फाल्गुन १७	आदित्य	त्रयोदशी	४०।	५४	पुष्य	११।	१२।

यताबाट चाँगुको अंशुवर्माको उपर्युक्त अभिलेखको गणना वि. सं. ६३३ देखि उठेको मानदेवसंवत्अनुसार मानी गर्दा तिथि, वार, नक्षत्र मिल्छन् भन्ने स्पष्ट हुन्छ ।

यस कारण

…संवत् ३१ लाई वि. सं. ६३३ बाट उठेको मानदेवसंवत् मान्दा ६३३+३१=६६४ वि. सं. (शक ५२९) हुन्छ । यसबाट गणना गर्दा शुक्रवार आयो र मिलेन ।

(लिच्छविसंवत्को निष्कर्षको ७ पृ.)

श्रीशङ्कुरमान राजवंशीले लेख्नुभएको यो कुरा अशुद्ध ठहर्छ ।

यसरी लिच्छविकालमा चलेका दुइथरी संवत्मध्ये पछिल्लो संवत् वि. सं. ६३३ देखि चलेको मानदेवसंवत् हो भन्ने स्पष्ट हुन्छ ।

केसरपुस्तकालयको ६९९ हस्तलिखित ग्रन्थसङ्ख्यामा रहेको सौश्रुती संहिता सहोत्तरा[1]मा संवत् ३०१ मा राजा मानदेवको पालामा यो ग्रन्थ सारिएको हो भनी लेखिएको छ, त्यसमा तिथिका साथै वार, नक्षत्र पनि छन्[2] । त्यसलाई पनि वि. सं. ६३३ देखि उठेको मानदेवसंवत् मानी गणना गर्दा मिल्न आउँछ । यस विषयमा पछि लेखिनेछ ।

---

१. पूर्णिमा ३५ अङ्कमा छापिएको महेशराज पन्तको वेदाङ्गज्यौतिषको कालमानको भष्टाध्यायी, सुश्रुतसंहिता र कौटलीय अर्थशास्त्रमा परेको प्रभाव भन्ने निबन्ध, सो अङ्कको १५३ पृ. ।

२. लिच्छविकालका अभिलेखको ५९९ पृ. ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

श्री ३ महाराज देवशमशेरको आत्मकथा

—नयराज पन्त

भेडा बाखा प्रभृति पशु झैँ मै कमारा कमारी
बेच्छन् दिन्छन् धनिकहरुले स्वार्थ आफ्नो बिचारी।
स्वेच्छाले यी घरजम गरी बस्न ता पाउँदैनन्,
छोराछोरीसँग पनि पृथक् यी बलैले गरिन्छन् ।।१।।

२०३१।१२।४।२

यो हो हाम्रो धन, जति सक्यो बेसरी जोत्नुपर्छ,
खाओस् बाँचोस् यदि मरिगयो यो भने साउँ डुब्छ।
यस्तो सम्झी कृषकहरुले गेहमा गोरु पाल्छन्,
यस्तै सम्झी धनिकहरुले दास दासी थुपार्छन् ।।२।।

२०३१।१२।५।३

मान्छेलाई पशुसरि गरी राख्नु राम्रो हुँदैन,
यो हो ज्यादै कुचरित तथा न्याय यस्तो हुँदैन।
ठूला नामी मुलुकहरुमा दासता छैन आज,
यल्ले गर्दा कलुषित निकै हुन्छ हाम्रो समाज ।।३।।

हाम्रो राम्रो यस मुलुकमा दासताको नराम्रो
कालो लाग्यो, भरसक छिटै मेट्नु नै यो छ राम्रो।
भन्ने सम्झी मुलुकभरका दास दासी स्वतन्त्र
पारूँ भन्दै सब तरहले गर्न लागेँ प्रबन्ध ।।४।।

२०३१।१२।६।४

राम्रा राम्रा हितकर कथा भन्न सक्ने सुधी छन्,
पात्रो हेर्ने गणकहरु छन्, कर्मकाण्डीहरू छन्।
झार्ने फुक्ने मनुजहरु छन्, वैद्य नाऊहरू छन्,
कारिन्दा छन्, सरस कवि छन् जो नयाँ काव्य रच्छन् ।।५।।

२०३१।१२।८।६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यस्तै मान्छेहरुकन यहाँ भन्दछन् हुन् पढैया,
खोजी पस्ता पनि त यिनको हुन्न धेरै त सङ्ख्या।
हाम्रो आफ्नो प्रतन विधिको जो छ शिक्षाप्रणाली,
त्यल्ले यस्तै मनुजहरुको गर्छ उत्पत्ति खालि ॥६॥

२०३१।१२।१०।११

नामी सम्राट् मुगलहरुको राज्यमा फारसीमा
हुन्थ्यो सारा व्यवहृति, थियो मान त्यै भारतीमा।
बढ्दै जाँदा सितवदनको देहलीमा प्रभुत्व
अङ्ग्रेजीले क्रमसँग हऱ्यो फारसीको महत्त्व ॥७॥

पैले पढ्थे यस मुलुकमा फारसी क्यै मनुष्य,
अङ्ग्रेजीमा अब रुचि यहाँ बढ्न लागीरहेछ।
हाम्रो लेखा अधिक महँगो आङ्ग्लशिक्षा हुनाले
ज्यादै थोरै मनुजहरुको पौँचमा यो छ ऐले ॥८॥

२०३१।१२।१२।१३

ज्यादै थोरै जनहरु यहाँ सक्तछन् लेख्न पढ्न,
ज्यादै धेरै मनुजहरु छन् चेतनाले विहीन।
ज्यादै धेरै अपढ जनता भैदिँदा देश आज
ज्यादै दुःखी मनुजहरुको वासभू भैरहेछ ॥९॥

२०३१।१२।१३।१४

यस्तो देखें, मन विकल भो, देश हाम्रो बनोस् यो,
पाऊन् शिक्षा सब जन भनी भाव मेरो उदायो।
तत्कालैमा शहरहरुमा पाठशाला खुलाएँ,
शिक्षा होओस् विकसित भनी योजना गर्न लागें ॥१०॥

हाम्रो कस्तो मुलुक छ, अरू देशको के छ हाल,
कस्तो गर्दा निज मुलुकमा हुन्छ राम्रो सुधार।
यस्तो बुझ्नेतिर मन झुकोस् बुद्धिजीवीहरूको
भन्ने मेरो मन हुन गयो, गोरखापत्र जन्म्यो ॥११॥

२०३१।१२।१४।१५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

के भन्छन् दुनियाँहरू, छ तिनको कस्तो कुरामा रस,
के मर्का छ तिनीहरूकन तथा के के कहाँ गर्नु छ।
जानूँ वास्तव लोकसंमति भनी मेरो भयो चिन्तन,
धेरै नै मतपेटिका पनि रहे ती बात बुझ्नाकन ।।१२।।

२०३४।११।१४।३

आफ्ना भाईहरु सब बनून् योग्य औ कर्मशूर
भन्ने सम्झी तिनकन दिएँ धेर पूर्णाधिकार।
ठूला ठूला अधिकृति दिएँ राज्यमा चन्द्रलाई,
ठूला ठूला अधिकृति दिएँ सैन्यमा भीमलाई ।।१३।।

शङ्का छोडी निज हजुरिया फत्यलाई बनाएँ,
भाई सम्झी स्वतनुतकको त्राणको भार सुम्पेँ।
सप्रोस् आफ्नो मुलुक, दुनियाँ हून् सुखी, बन्धुवर्ग
होओस् राम्रो प्रमुदित भनी गर्न लागेँ विचार ।।१४।।

२०३१।१२।१५।६

नेपालीहरु भोटमा करविना व्यापार आफ्नो गरून्,
नेपालाधिपलाइ भोटपतिले बर्सेनि सिर्तो तिरून्।
आएमा यदि भोटभित्र बलियो सेना कुनै शत्रुको
नेपालाधिपले स्वसैन्यबलले रक्षा गरून् भोटको ।।१५।।

हाम्रो भोटधराधिपालसँगमा यो भावको सन्धि छ,
हाम्रा भूपतिको प्रतापमहिमा यो सन्धि फैलाउँछ।
हाम्रा देशज सार्थवाहहरुको वाणिज्यको उन्नति
यो गर्दिन्छ, तसर्थ यो छ बढिया नेपाललाई अति ।।१६।।

२०३१।१२।१८।२

भोटाधीश्वरसाथ रूसपतिको सम्बन्ध क्यै देखियो,
त्यल्ले भारतनाथ आङ्ग्लनृपको मस्तिष्क तातो भयो।
जोड्ने भारत भोटलाइ बढिया बाटो बनाऊँ नव,
पारूँ भोटनपाललाइ वशमा अङ्ग्रेज भन्छन् अब ।।१७।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२०३१।१२।१९।३

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हाम्रो साम्राज्यलाई अहितकर कुरो भोटमा भैरहेछ,
हामीले आत्मरक्षातिर पनि अब ता क्यैनक्यै गर्नुपर्छ ।
हिन्दुस्तानी चमूको लघुतर दल क्यै कालमा जान्छ भोट,
सक्तो साहाय्य आओस् यस विषयविषे मित्र नेपालबाट ॥१८॥

२०३१।१२।२०।४

आयो भारतनाथ गौरमुखको सन्देश यो भावको,
हाम्रो सामु खडा भयो अति कडा दोधार कर्तव्यको ।
हाम्रो सन्धि छ भोटसाथ, त्यसले सन्देश सुन्नाकन
सक्तैनौं, तर यो नसुन्नु कसरी भन्ने बढ्यो चिन्तन ॥१९॥

२०३१।१२।२२।६

जोड्ने भारत भोटलाइ अहिले नेपालको मार्ग छ,
हाम्रा देशज सार्थवाहहरुको त्यो आयको स्रोत छ ।
हाम्रो राष्ट्रिय आयमा अलिकता त्यो मार्गले थप्तछ,
सोझै भारत भोट जोडिन गए हाम्रो निकै हानि छ ॥२०॥

२०३१।१२।२३।७

वैरीको बलले बलैसँग मिच्यो सीमा भने भोटको
हामीले अघि सर्नुपर्छ रणमा रक्षार्थ सो देशको ।
हाम्रो सन्धि छ भोटसाथ, त्यसले यो भाव दर्शाउँछ,
गोरालाइ कृतार्थ पार्न अहिले यै सन्धिले रोक्तछ ॥२१॥

२०३१।१२।२४।१

हाम्रोभन्दा अतिशय बडो राज्य अङ्ग्रेजको छ,
हाम्रोभन्दा अतिशय बडो सैन्य अङ्ग्रेजको छ ।
छैनन् कोही नरपतिहरू भारतीय स्वतन्त्र,
हाम्रो गोरासँग कल परे साथ कल्ले दिनेछ ॥२२॥

२०३१।१२।२५।२

मान्दा अङ्ग्रेजलाई यस विषयविषे हानि नै हात लाग्छ,
तोड्दा अङ्ग्रेजलाई पनि अशुभ कुरो तानुनै आइपर्छ ।
के गर्ने के नगर्ने यस समय भनी चित्त दोधारमा भो,
दाज्यैज्यू, वीरलाई हृदयगत कडा रोग जस्तै भयो यो ॥२३॥

२०३१।१२।२६।३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बित्दै काल गईरहेछ, यसले बढ्दैछ हाम्रो खति,
देऊ फट्ट निधो, ढिलो अभ्र गरे होला नराम्रो अति ।
यो सन्देश दिए सितास्यपतिले, हाम्रो हरे इज्जत,
दाज्यू वीर भए अधीर, उनको गो रोगले जीवित ।।२४।।

२०३१।१२।२७।४

मेरो आफ्नै शिरबिच पऱ्यो राज्यको कार्यभार,
मैले सोर्छु अब लिनुपऱ्यो दूरसम्मन् विचार ।
गोरालाई कुन तवरको पत्र लेख्ने भनेर
लागे मेरो हृदयतहमा उठ्न नाना विचार ।।२५।।

२०३१।१२।२८।५

हामीलाई सितवदनले हेप्न लागीरहेछ,
निर्धो सम्झीकन मनपरी गर्न लागीरहेछ ।
हाम्रो आफ्नो पनि बल भए हेप्न सक्तैनथ्यो त्यो,
मेरो भित्री हृदयतहमा यो कुरो खेल्न लाग्यो ।।२६।।

२०३१।१२।२९।६

हाम्रा रैतीहरु अधिक छन् चेतनाले विहीन,
आफ्नो राम्रो हित पनि यिनी बुझ्न छन् शक्तिशून्य ।
हामीलाई परजनहरू ङ्याच्न खोज्छन् त्यसैले,
जान्ने हाम्रा जन हुन गए दोष यो हट्छ ऐले ।।२७।।

२०३१।१२।३०।७

आफ्नो साम्राज्यलाई अतिशय बलियो पार्न अङ्ग्रेज खोज्छन्,
हामीलाई बलैले सितवदन त्यही काममा जोत्न खोज्छन् ।
भन्ने चिन्ता उदाओस् जनहृदयमहाँ यो भयो भाव मेरो,
यल्ले भो काम मेरो सितमुखपतिको नेत्रको खास काँढो ।।२८।।

२०३१।१२।३१।१

हाम्रो भाइ रहेछ चन्द्र मनमा कालो भएको अति,
गोराको सँगमा गरेछ त्यसले के के कुरा साउती ।
हाम्रो बान्धववर्गका श्रवणमा के के सुनाईकन
मेरो घोर विरोध गर्न त्यसले पारेछ संघट्टन ।।२९।।

२०३२।१।१।२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हुन् भाई भतिजाहरू स्वजन यी भन्ने गुनी चित्तमा
शङ्काशून्य भई थिएँ म तिनको अत्यन्त विश्वासमा ।
भेट्टाईकन छिद्र यो निहुँ गरी श्रीवीरको गेहमा
बोलाएर मलाइ चन्द्रहरुले पारे त्यसै कैदमा ।।३०।।

धेरै धेरै कुचरित भए, भाँडियो राजकाज,
यस्तै नै हो अब पनि भने डुब्छ हाम्रो समाज ।
यस्तो बोल्दै यमसदृश भै शस्त्र ली चन्द्र आयो,
बोल्ने केही समय नदिई कैदमा जाकिहाल्यो ।।३१।।

२०३२।१।२।३

राजीनामा गर अब तिमी, राज्य यो छोडिहाल,
छोड्दैनौ ता यमनगरमा झट्ट नै जाइहाल ।
यस्तो बोली छिनछिनमहाँ कानमा पर्न लाग्यो,
मेरो आँखा तिरमिर भयो, टाउको रन्थनायो ।।३२।।

२०३२।१।५।६

मेरो रक्षा सुनियत भई शस्त्र ली सैन्य गर्थ्यो,
त्यो सेनाको अधिकृत भई फत्त्यले काम गर्थ्यो ।
सोझो भाई अनि अनुभवी यो छ भन्ने गुनेर
त्यल्लाई त्यो अधिकृति दिएँ, किन्तु खाएँ नि मार ।।३३।।

२०३२।१।७।१

आधा घण्टाअघितक थियो काम मेरो प्रशंस्य,
आधा घण्टापछि हुन गयो काम त्यै घोर निन्द्य ।
पैलेकै छन् सब जन यहाँ, छन् उनै भारदार,
जान्ने सुन्ने जनहरु उनै, छन् उनै शास्त्रकार ।।३४।।

२०३२।१।४।५

यस्तै यस्ता हृदयतहमा उठ्न लागे विचार,
पोको झैँ भै कृतिरहित भो वेदनाले शरीर ।
राती आयो, प्रबल पहरा साथ लाई लघारे,
ज्यादै टाढा अलिक खुकुलो कैदमा ल्याइराखे ।।३५।।

२०३२।१।८।२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पाइएसम्मका ऐतिहासिक सामग्रीको धेरै कालसम्म मनन मरी यी पद्य तयार गरिएका छन् । पूर्णिमा २५ अङ्कमा श्री ३ महाराज रणोद्दीपसिंह भन्ने मेरा पद्य छापिएका छन् । त्यहाँ प्रमाणवाक्य पनि दिइएका छन् (सो अङ्कका ३९-६० पृष्ठ) । यहाँ पनि त्यसै गर्ने विचार थियो । तर त्यसो गर्दा पूर्णिमाको आकार ज्यादै बढ्ने हुँदा अहिले त्यसो गर्न सकिएन । पछि ती प्रमाणलाई प्रकाश गर्ने विचार छ ।

कसैलाई उचाल्ने वा पछार्ने नियतले लेख लेखेर इतिहास बनाउन सकिँदैन । यस कारण यहाँ केही अनुचित कुरा परेका भए सो थाहा पाउने सज्जनले सप्रमाण त्यसलाई प्रकाश गरी संशोधन-मण्डलमा सूचना पठाइदिनुभएमा वा ती प्रमाणलाई संशोधन-मण्डलमा पठाइदिनुभएमा उहाँलाई धन्यवाद दिई म आफ्नो भूल स्वीकार गरी सच्याई प्रकाश गर्नेछु ।

०—०

रत्न मल्लको पालामा लेखिएको रामायणनाटकको ऐतिहासिक सार

— महेशराज पन्त

चाडबाड जात्रामात्रामा नाटक खेलाउने चलन उहिले थियो भन्ने कुरा संस्कृतका पुराना नाटकहरूबाट बुझिन्छ । कालिदासको मालविकाग्निमित्र, हर्षवर्धनका प्रियदर्शिका र रत्नावली वसन्तोत्सव (फागु) मा, हर्षवर्धनको नागानन्द इन्द्रोत्सव (इन्द्रजात्रा) मा, भवभूतिका मालतीमाधव, महावीरचरित, उत्तररामचरित कालप्रियनाथको जात्रामा, मुरारिको अनर्घराघव पुरुषोत्तम (पुरीका जगन्नाथ) को जात्रामा खेलाइएको कुरालाई यसको उदाहरणको रूपमा औंल्याउन सकिन्छ[1] ।

नेपालमा चाडबाड जात्रामात्रामा नयाँ नयाँ बनाइएका नाटक खेलाइन्थे भन्ने कुरा नेपाल-राष्ट्रिय-अभिलेखालय, केसरपुस्तकालय तथा घरघरमा रहेका नाटकहरूबाट बुझिन्छ । जयारि मल्लको पालामा पाटनका एकजना महापात्र जयशीह मल्लको आज्ञाले जयतले वि. सं १३९४ तिर बनाएको, राता मत्स्येन्द्रको जात्रामा खेलाइएको महीरावणवधनाटक; धर्मगुप्तले बनाएको, स्थिति मल्लको ताकाका फर्पिङका शासक सूर्यसिंहको पालामा फर्पिङका हरिशङ्करको जात्रामा खेलाइएको रामायणनाटक; मणिकले बनाएको, स्थिति मल्लका जेठा छोरा धर्म मल्लको वि. सं. १४३९ मा विवाह हुँदा खेलाइएको भैरवानन्दनाटक; गयपतिले बनाएको, यक्ष मल्लका छोरा राय मल्ल

१. १ परिशिष्ट

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दुइ वर्ष नौ महीनाका हुँदा उनको रोगशान्तिको लागि वि. सं. १५०९ मा पशुपतिमा सुवर्णतुलादान गर्दा पाटनका महापात्र उदयसिंह मल्लहरूको आज्ञाले खेलाइएको महाभारतनाटक; शुभराजले बनाएको, यक्ष मल्लका छोरा राम मल्लको पत्नी अतुलदेवीको सीमन्तोन्नयन (पेट बोक्दा गरिने एक संस्कार) मा खेलाइएको रूपमञ्जरीपरिणयनाटक; उनै शुभराजले बनाएको, यक्ष मल्लका छोरा बनेपाका राजा रण मल्लको पालामा माधव मल्लको विवाहमा खेलाइएको पाण्डवविजयनाटकलाई यसको उदाहरणको रूपमा औंल्याउन सकिन्छ[२] ।

वि. सं. १५३८ मा यक्ष मल्लको मृत्यु भएपछि उनका सन्तानहरूले मिलेर राज्य चलाउन लागे । तर यक्ष मल्लका एक जना छोरा रत्न मल्लले काठमाडौंका पुस्तैनी सामन्तहरूलाई वि. सं. १५४१ मा सिध्याई त्यहाँ आफ्नो र आफ्ना एक जना भाइ अरि मल्लको मात्र शासन कायम गरेका थिए र बाँकी पुस्तैनी राज्यमा पनि अरू दाजुभाइ सरह उनको राज्य चलेकै थियो[३] । रत्न मल्लले काठमाडौं दखल गरेको तीन वर्षपछि वि. सं. १५४४ मा रत्न मल्लको छोरी बिरमादेवीको विवाहमा खेलाइएको, त्यसै ताका बनाइएको रामायण नाटक लेखिएको ठ्यासफु श्रीधर्मरत्न वज्राचार्यको सङ्ग्रहमा रहेको छ । यस नाटकबाट तात्कालिक इतिहासमा केही प्रकाश पर्ने भएकोले सो नाटकको ऐतिहासिक सार यस निबन्धमा दिइन्छ ।

१

श्रीभक्तापुरमण्डल . . .

स श्रीमान्जयरायमल्लनृप . . .

– – – – – पालिता जयति यः श्रीकन्सनारायणस्तेन श्रीजयरत्नमल्लविभुना त्रैविक्रमीयं पुरी ।।

[श्रीभक्तपुरमण्डल

उहाँ राजा श्रीजयराय मल्ल

कंसको उपर कृष्णजी जस्ता जो हुनुहुन्छ, त्यस्ता श्रीजयरत्न मल्ल प्रभुले पालना गरिएको विष्णुको यो शहर छ ।]

ध्वाँसो लागी कालाम्य भएकोले माथिको अंश लेखिएको पत्रका जम्मै अक्षर पढ्न सकिंदैनन् । पढ्न सकिने जतिबाट हाम्रो लागि अनभीष्ट अंश छोडी ऐतिहासिक विषय परेको अंश माथि दिइएको छ । यहाँ भक्तपुरमण्डल, राय मल्ल र रत्न मल्लको बयान परेको देखिन्छ । रत्न मल्लले पालना गरेको भनी बयान गरिएको शहर काठमाडौं हो भन्ने कुरा प्रसङ्गबाट अनुमान गर्नुपर्ने भएको छ ।

२. २ परिशिष्ट

३. वि. सं. २०१९ मा ललितपुरको जगदम्बा – प्रकाशनद्वारा प्रकाशित धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको इतिहास–संशोधनको प्रमाण–प्रमेय मूल भागका १३३–१४४ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२

सांद्रानंदा , विरताभिवन्यमान , श्रीश्रीश्रीपशुपतिचरण , सारसकिंजल्क , पराग , पिञ्ज-रित , मस्तकस्य , श्रीमानेश्वरी , वरलब्दप्रभावसंमदविराजितस्य , रघुकुलक्षीरार्ण्णव , संभवकुमुदबान्धवस्य , राजन्यवंशशिरोरत्नस्य , श्रीमत्कंसनारायणावतारश्रीश्रीजयरत्न-मल्लदेवस्य , हृदयानंदकारिणी , राजान्ववाय , पयोनिधि , संजातपद्मावतारात्मजा , श्रीश्रीविरमादेव्या , रघुवंशोक्त , करग्रहणमहोत्सवे , हर्षनिर्भ्भरजनसमूहे , प्रत्यग्रविरचितं , चतुरंकरामायणस्य , नवरसाभिनयसंगीतशब्दोयं प्रवर्त्तते ।।

[अत्यन्त आनन्द मानी लगातार ढोगिएको श्रीश्रीश्रीपशुपतिको चरणकमलको केसरको धूलोले टाउको पहेँलिएका, श्रीमानेश्वरीको वरद्वारा पाएको प्रभावको आनन्दले सुहाएका, रघुकुलरूपी क्षीरसमुद्रबाट जन्मेका चन्द्रमा, क्षत्रियवंशका शिरोमणि, कंसको उपर कृष्णजीका अवतार श्रीश्रीजयरत्न मल्लदेवको मनलाई आनन्द दिने, राजवंशरूपी समुद्रमा लक्ष्मीको अवतार लिई जन्मेकी छोरी श्रीश्रीविरमादेवीको रघुकुलमा बताएअनुसारको विवाहको ठूलो उत्सवमा खुशीले निहाल भएका जनतामा भरखरै बनाइएको, चार अङ्क भएको रामायणको नवै रस खेलाउन नाच गान बजानको यो आवाज शुरू हुन्छ ।]

माथिको वाक्यबाट रत्न मल्लकी छोरी विरमादेवीको विवाहमा चार अङ्कमा भरखरै लेखिएको रामायणनाटक खेलाइएको थियो भन्ने बुझिएको छ ।

३

नेपालराज्ये त्रिदिवप्रकाशे , श्रीरत्नमल्लप्रभुरेष शक्रः ।
श्रीमालतीति प्रथितास्य देवी , तस्यात्मजः श्रीजयसूर्यमल्लः ।।

[स्वर्ग जस्तो चहक भएको नेपालराज्यमा यहाँ श्रीरत्न मल्ल प्रभु इन्द्र हुनुहुन्छ । उहाँकी बडामहारानी श्रीमालती हुनुहुन्छ । उहाँका छोरा श्रीजयसूर्य मल्ल हुनुहुन्छ ।]

वंशावलीहरूमा रत्न मल्लका छोरा अमर मल्ल, अमर मल्लका छोरा सूर्य मल्ल भनी लेखिएको छ[४] ।

---

४. रत्न मल्ल...
हिज् सन् अमर मल्ल ...
हिज् सन् सूर्य मल्ल ...

[वि. सं. १९३३ मा क्याम्ब्रिजविश्वविद्यालयको छापाखानामा छापिएको, डानियल राइटद्वारा सम्पादित, शिवशङ्करसिंह र गुणानन्दद्वारा नेपालीबाट अङ्ग्रेजीमा अनूदित वंशावली हिस्टरि अफ् नेपाल् (नेपालको इतिहास) का २०३, २०६ पृष्ठ ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वंशावलीको यही भनाइको पछि लागेर सेसिल बेन्डल[५] आदि धेरैजसा ऐतिहासिकहरूले रत्न मल्लका छोरा अमर मल्ल, अमर मल्लका छोरा सूर्य मल्ल भनी लेखेर आएकोमा आजभन्दा रुण्डै २५ वर्षअगाडि निस्किएको पहिलो इतिहास-संशोधनमा रत्नमल्लको आठौं पुस्ताका काठमाडौंका राजा प्रताप मल्लको एउटा अभिलेखको आधारमा "सूर्यमल्ल रत्नमल्लका नाति नभएर रत्नमल्लका छोरा हुन् 'अमरमल्ल' रत्नमल्लका छोरा न भएर नाति हुन्" भन्ने लेखो केही ऐतिहासिकहरूको लेखाइको खण्डन गरिएको थियो[६]। यसको १० वर्षभन्दा केहीपछि निस्किएको इतिहास- संशोधनको प्रमाण- प्रमेयमा प्रताप मल्लको उपर्युक्त अभिलेख र प्रताप मल्लका काकाका छोरा पाटने राजा श्रीनिवास मल्लको एउटा अभिलेखको आधार लिई सो इतिहास- संशोधनको. भनाइलाई अझ पुष्ट पारिएको थियो[७]। यसको रुण्डै ४ वर्षपछि निस्किएको मेडिईभल् नेपाल् (नेपालको मध्यकालको इतिहास) मा सूर्य मल्लको विवाहको वेलामा टिपिएको एउटा टिपोटबाट सूर्य मल्ल रत्न मल्लका छोरा हुन् भनी लेखिएको थियो[८]। अहिले यस नाटकको प्राप्तिबाट सूर्य मल्ल रत्न मल्लका छोरा हुन् भन्ने तथ्य अझ पुष्ट भएको छ ।

[रत्न मल्ल
उनका छोरा अमर मल्ल
उनका छोरा सूर्य मल्ल|

रत्नमल्लका छोरा अमरमल्ल...
अस्य पुत्र सूर्यमल्ल ..

(वि. सं. २०२३ मा श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग नेपाल-राष्ट्रिय-पुस्तकालयद्वारा प्रकाशित, देवीप्रसाद लंसालद्वारा सम्पादित भाषा वंशावली २ भागका ५५,५६ पृष्ठबाट)

५. वि. सं. २०२१ मा प्रकाशित पूर्णिमा ३ अङ्कमा छापिएको शङ्करमान राजवंशीको नरेन्द्र मल्ल र अमर मल्ल एकै व्यक्ति हुन् भन्ने निबन्ध, सो अङ्कको ३० पृष्ठ ।

६. केशवमणि आ. दी., महेन्द्रनाथ अधिकारी, सुरेन्द्रनाथ अधिकारीद्वारा विरचित, उनीहरूद्वारा नै वि. सं. २००९ आश्विन ५ गते प्रकाशित इतिहास- संशोधन १ सङ्ख्या ।

७. इतिहास-संशोधनको प्रमाण- प्रमेयको मूल भागको १ पृष्ठ ।

अमर मल्ल र नरेन्द्र मल्ल एकै व्यक्ति हुन् भनी निर्णय गर्ने प्रसङ्गमा शङ्करमान राजवंशीको माथि उल्लेख गरिएको निबन्धमा रत्न मल्लका वंशजहरूका अरू अरू अभिलेखको पनि आधार लिई रत्न मल्लका छोरा सूर्य मल्ल, सूर्य मल्लका छोरा अमर मल्ल वा नरेन्द्र मल्ल हुन् भनी लेखिएको छ (पूर्णिमा ३ अङ्कका ३४-३६ पृष्ठ) ।

८. वि. सं. २०२३ मा कलकत्ताको फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको मेडिईभल नेपाल् (नेपालको मध्यकालको इतिहास) को १ भागको ४७० पृष्ठ, २ भागको ३६ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

४

विबुधनाथ समराय शिरोमणि ‸ जयजक्षमलदेवनंदना २
श्रीजयरत्नमल्लदेवा ‸ मालतिदेवीपति कंसनारायण ‸ दानकिरतिरविनंदना ‸
रघुवंशकमलदिवाकरा निखिलनृपतिसेवितवरचरणा ‸
प्रवलवैरिगजकेशरी ‸ चतुरदशविद्यागुणसागरा ‸ नेपालमंडलप्रतिपालिता ।।

[लडाईमा इन्द्रलाई मदत गर्नेहरूमा श्रेष्ठ, जययक्ष मल्लदेवका छोरा, मालतीदेवीका पति, कंसको उपर कृष्णजी जस्ता, दान र कीर्तिमा कर्ण, रघुवंशरूपी कमलका सूर्य, सबै राजाहरूले पाउको सेवा गरिएका, बलिया शत्रुरूपी हात्तीको उपर सिंह, चौध विद्याका गुणका समुद्र, नेपालमण्डललाई पालना गर्ने श्रीजयरत्न मल्लदेव ।]

माथि ३ सङ्ख्याको उद्धरणमा श्रीरत्नमल्लप्रभुरेष शक्रः । श्रीमालतीति प्रथितास्य देवी भनी लेखिएकोले र यहाँ श्रीजयरत्नमल्लदेवा मालतिदेवीपति भनी लेखिएकोले रत्न मल्लकी मालतीदेवीनाउँकी रानी थिइन् भन्ने थाहा हुन्छ ।

५

त्रिदशपुरोपम ‸ नयरीनाथा ‸ श्रीकान्तिदेवी ‸ गवरीअवतारा २
हृदयनंदन ‸ वीरविक्रम ‸ नृपसरोजविकाशितदिवाकरा ।।
अखिलवैरिवनसंहारदावानल ‸ श्रीरत्नमलदेवनरेश्वरा २
अनुज श्रीअरिमल्लदेव सहं त्रितयन रार प्रतिपालिता ।।

यस उद्धरणका जम्मै पदको सङ्गति मिलाउन नसकिएकोले यसको अर्थ गरिएन तापनि रत्न मल्ल र उनका भाइ अरि मल्लले मिलेर राज्य गरेको कुराचाहिँ यतावाट स्पष्ट बुझिन्छ । रत्न मल्ल र अरि मल्लले मिलेर राज्य गरेको कुराको पुष्टि तात्कालिक अरू लेखहरूबाट पनि हुन्छ [१] ।

---

१. . . .श्रीश्रीजयरत्नमल्लदेवस्य श्रीश्रीजयअरिमल्लदेवस्य विजयराज्ये ।। . . .श्रीकाष्ठमण्डप-नगरे श्रीश्रेयोऽस्तु संवत् ६०५ आश्विनशुक्ले चतुर्थ्यायां तिथौ अङ्गारवासरे ···

(मरुसत्तलको ताम्रपत्रबाट)

[श्रीश्रीजयरत्न मल्लदेव र श्रीश्रीजयअरि मल्लदेवको विजयराज्यमा । श्रीकाष्ठमण्डप शहरमा श्रीने. सं. ६०५ (वि. सं. १५४२) आश्विनशुक्ल चतुर्थी मङ्गलवारमा ।]

(इतिहास– संशोधनको प्रमाण– प्रमेय मूल भागका १३६–१३७ पृष्ठबाट)

राजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीजयरत्नमल्लदेव श्रीश्रीजयअरिमल्लदेव उभय-ठाकुरेण विजयराज्ये लिखितेयम् भौनिसङ्घविहारवासितवज्राचार्यश्रीरुपराजेन । श्रेयोस्तु सम्वत् ६०६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

६

कमलवंधुकुल ͺ जलनिधिसंभव ͺ श्रीविरमादेवी ͺ वरकमला २
श्रीअजयमलदेवकुमारा ͺ पाणिग्रहणमहोच्छवकारिता
अतुलनारायण ͺ सयल आनंदा ͺ भवतु विजय शुभमंगला ।। ० ।।

यस उद्धरणका जम्मै पदको सङ्गति मिलाउन नसकिएकोले यसको अर्थ गर्ने स्महस गरिएको छैन । यताबाट रत्न मल्लको छोरी विरमादेवीका दुलहाको नाउँ अजय मल्ल हो कि भन्ने अनुमान हुन्छ, निश्चय भने गर्न सकिएको छैन।

७

दिनमनिवंशकमलदिवाकरा ͺ कंसनारायणवीरविक्रमा २
श्रीरत्नमल्लदेव ͺ मालतिदेवीपति ͺ तनय कुमार श्रीसूर्यमल्लदेवा ͺ शक्रनंदनसमचारुवदना ।। ० ।।

[सूर्यवंशरूपी कमलका सूर्य, कंसको उपर कृष्णजीको जस्तो पराक्रम भएका, मालतीदेवीका पति श्रीरत्न मल्लदेव । उहाँका छोरा जयन्तको जस्तो राम्रो मुहार भएका कुमार श्रीसूर्य मल्लदेव ।]

वि. सं. १५७७ मा रत्न मल्लको मृत्यु हुँदा १० जना सती गए भन्ने कुरा त्यसैताका लेखिएको

भाद्रपदमासे शुक्लपञ्चम्याम् स्वातिनक्षत्रे सौभाग्ययोगे आदित्यवासरे ।

(नेपाल-राष्ट्रिय-सङ्ग्रहालयको १६/११५ सङ्ख्याको पञ्चरक्षाबाट । मेडिईभल् नेपाल् १ भागको ४५५ पृष्ठबाट)

[राजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीजयरत्न मल्लदेव र श्रीश्रीजयअरि मल्लदेव दुइ जना ठाकुरको विजयराज्यमा भौनिसङ्घविहारमा बस्ने वज्राचार्य श्रीरूपराजले ने. सं. ६०९ (वि. सं. १५४६) भाद्रशुक्ल पञ्चमी स्वातिनक्षत्र सौभाग्ययोग आदित्यवारको दिन यो पुस्तक सारिसिद्धयाए ।]

...सम्वत् ६१६ ज्येष्ठशुक्ल...पूर्ण्णमाशी जेष्ठनक्षत्रे साध्ययोगे बृहस्पतिवासरे थ्व कुन्हु यज्ञ सम्पूर्ण्ण !! राजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीजयरत्नमल्लदेवस्य विजयराज्ये श्रीश्रीअरिमल्लदेवस्य विजयराज्ये ।।

[काठमाडौं मिम्नामिबहालको तामृपत्रबाट । यो तामृपत्र वि. सं. २०२३ मा कलकत्ताको फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल् (नेपालको मध्यकालको इतिहास) को ३ भागको १ खण्डको ९२ पृष्ठमा छापिएको छ ।]

[ने. सं. ६१६ (वि. सं. १५५३) ज्येष्ठशुक्ल पूर्णिमा ज्येष्ठानक्षत्र साध्ययोग बृहस्पतिवार यो दिन यज्ञ समाप्त भयो । राजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीजयरत्न मल्लदेवको विजयराज्यमा । श्रीश्रीअरि मल्लदेवको विजयराज्यमा ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पत्रबाट थाहा हुन्छ १० । तर उनका रानीहरूका नाउँको विषयमा आजसम्म कहीं लेखिएको देखिएको थिएन । प्रस्तुत रामायणनाटकका ३, ४, ७, सङ्ख्याका उद्धरणबाट उनको एक रानीको नाउँ मालतीदेवी थियो भन्ने बुझिएको छ ।

यसै गरी ३ र ७ सङ्ख्याका उद्धरणबाट पनि रत्न मल्लका छोरा सूर्य मल्ल हुन् भन्ने कुरा स्पष्ट भएको छ ।

८

मदनकलेवरभंजनचरणा ‸ वंदितमौलिविराजिता २ श्रीअरिमलदेव मयनादेवीनाथा ‸
हृदयनंदिनी ‸ श्रीमनोहरादेवी ‸ शगतिदेवी वालभारतीसदृशा ।। ० ।।

[पशुपतिको पाउमा नुहाइएको श्रीपेजले सुहाएका, मैनादेवीका पति श्रीअरि मल्लदेव । बालसरस्वती जस्ता छोरी श्रीमनोहरादेवी र शक्तिदेवी ।]

यताबाट अरि मल्लका मैनादेवी भन्ने रानी तथा मनोहरादेवी र शक्तिदेवी भन्ने छोरी थिए भन्ने थाहा भएको छ । अरि मल्लको जहानबच्चाको विषयमा यस अघि केही थाहा थिएन ।

९

समरसुंदर नृप ‸ नयगुणसागरा ‸ दानकिरती हरिचंद्रसदृशा २
रूपनारायण श्रीहरषमलदेव ‸ रतनादेवीमुखचंद्रचकोरा ।। ० ।।

[लडाइँमा फुर्तिला, राजा, नीति र गुणका समुद्र, दान र कीर्तिमा हरिश्चन्द्र जस्ता, रूपमा नारायण जस्ता रत्नादेवीका पति श्रीहर्ष मल्लदेव ।]

यी हर्ष मल्ल को हुन्, यस विषयमा केही थाहा हुन सकेको छैन ।

१०

अचलगगनरसहायना २ ज्येष्ठशुकल तिथिअंतका ‸
मयूरासनतारावरसंजुत परिघजोग ‸ सुरगुरुदिवसोतम ‸ गरकरण शुभमंगलकारा
चतुरअंकरामायणा ‸ मोहनीसाधनजग्यविधाना ‸ विवाहमहोच्छव सयल आनंदा ।। ।।
रिपुगजकुंभनिहतहरी २ प्रचंडप्रतापनरेश्वरा वीर कंसनारायण ‸ श्रीरत्नमलदेव ‸
अनुज श्रीअरि मलदेव ‸ गुणाकर ‸ चतुदिगमहिमंडलव्यापितविमलकिरतिविराजिता ।।२३।।

[नै. सं. ६०७ (वि. सं. १५४४) ज्येष्ठशुक्ल दशमी, असल चित्रा नक्षत्रले युक्त भएको परिघयोग, असल बृहस्पतिवार, शुभ र मङ्गल गर्ने गरकरणमा मोहनीसाधनयज्ञविधान (कालो टीका बनाई त्यस टीकामा हेरी शुभाशुभलक्षण निकाल्ने विधिविशेष) सम्पन्न हुँदा विवाहको ठूलो उत्सवमा आनन्द गर्न चार अङ्क भएको रामायण खेलाइयो ।

शत्रुरूपी हात्तीको गण्डस्थल फोड्ने सिंह, प्रचण्ड प्रतापी राजा, वीर, कंसका उपर कृष्णजी जस्ता, श्रीरत्न मल्लदेव । उहाँका भाइ, गुणका खानि, चारैतिरको पृथ्वीमण्डल ढाकेको सफा कीर्तिले सुहाएका श्रीअरिमल्लदेव ।]

---

१०. इतिहास– संशोधनको प्रमाण– प्रमेय मूल भागको १४० पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यतावाट रत्न मल्लकी छोरी विरमादेवीको विवाह वि. सं. १५४४ आषाढ ३ गते बृहस्पतिवार भएको थियो,[११] त्यस वेला ४ अङ्क भएको रामायणनाटक खेलाइएको थियो भन्ने बुझिन्छ ।

११

दानेनादित्यसूनुं त्रिदशपतिगुरुं प्रज्ञया यो विजित्य
सौन्दर्येणाप्यनंगं रजनिकरमपि ह्रेषयन्नात्मदीप्त्या ।
दोर्द्दर्पेणापि भीमं दिवसकरमपि स्पर्द्धमानः प्रतापैः
स श्रीमान्भूमहेन्द्रो जयति नृपवरः श्रीअरीमल्लदेवः ।।
तस्याज्ञां शिरसा धृत्वा शशिराजेन लिख्यते ।
वर्षे न्द्रिये विधौ तर्क्के मधौ राकातिथौ शुभे ।।

[दानद्वारा कर्णलाई र बुद्धिद्वारा बृहस्पतिलाई माथ गरेर, रूपद्वारा कामदेवलाई र आफ्नो चहकद्वारा चन्द्रमालाई लजाउँदै बाहुबलद्वारा भीमसेनसँग र तेजद्वारा सूर्यसँग जोडकातोड गर्ने जो हुनुहुन्छ, त्यस्ता पृथ्वीका इन्द्र, राजाहरूमा श्रेष्ठ श्रीअरि मल्लदेव हुनुहुन्छ ।
उहाँको आज्ञा शिरोपर गरेर शशिराजले ने. सं. ६१५ (वि. सं. १५५२) चैत्रशुक्ल पूर्णिमाको दिन लेखिसिद्धचाए ।]

रत्न मल्लकी छोरी विरमादेवीको वि. सं. १५४४ मा विवाह हुँदा भरखरै बनाइएको रामायणनाटक खेलाइएको थियो भन्ने कुरा २ र १० सङ्ख्याका उद्धरणवाट बुझिएको कुरा माथि लेखिसकिएको छ । वि. सं. १५५२ मा अरि मल्लको आज्ञाले शशिराजले लेखे भनी यहाँ लेखिएकोले रामायणनाटक यस वेला फेरि सारिएको हो कि भन्ने देखिन्छ ।

---

११. यस दिनको गणना ३ परिशिष्टमा हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१ परिशिष्ट

चाडबाड जात्रामात्रामा खेलाइएका संस्कृतका केही प्रसिद्ध नाटक

—महेशराज पन्त

१

सूत्रधारः— अभिहितोऽस्मि विद्वत्परिषदा कालिदासग्रथितवस्तु मालविकाग्निमित्रं नाम नाटकमस्मिन् वसन्तोत्सवे प्रयोक्तव्यमिति । तदारभ्यतां सङ्गीतकम् ।

(मालविकाग्निमित्र प्रस्तावना)

[सूत्रधार— कालिदासले बनाएको मालविकाग्निमित्र भन्ने नाटक यो वसन्तोत्सव (फागु) मा खेलाउनू भनी विद्वत्सभाले मलाई भनेको छ । त्यस कारण नाच गान बजान शुरू गर ।]

[वि. सं. २०२४ मा प्रकाशित पूर्णिमा १६ अङ्कको हाम्रो वक्तव्य (४४९ पृष्ठ) मा छापिएको अनुवादमा केही हेरफेर गरी यो अनुवाद तयार गरिएको छ ।]

२

सूत्रधारः— ··· अद्याहं वसन्तोत्सवे सवहुमानमाहूय नानादिग्देशागतेन राज्ञः श्रीहर्षदेवस्य पादपद्मोपजीविना राजसमूहेनोक्तो यथास्मत्स्वामिना श्रीहर्षदेवेनापूर्ववस्तुरचनालङ्कृता प्रियदर्शिका नाम नाटिका कृतेत्यस्माभिः श्रोत्रपरम्परया श्रुता, न तु प्रयोगतो दृष्टा, तत् तस्यैव राज्ञः सर्वजनहृदयाह्लादिनो वहुमानादस्मासु चानुग्रहबुद्ध्या यथावत्प्रयोगेण त्वया नाटयितव्येति । तद् यावन्नेपथ्यरचनां कृत्वा यथाभिलषितं सम्पादयामि ।

(प्रियदर्शिका प्रस्तावना)

[सूत्रधार— हाम्रा स्वामित श्रीहर्षदेवले पहिले कसैले नलेखेको वस्तु (कथा) को रचनाले सिंगारिएको प्रियदर्शिका भन्ने नाटिका बनाउनुभएको छ भन्ने कुरा हामीले सुनेको त हो, खेल्न हेर्न भने पाएको छैन, त्यस कारण सबै मानिसको मनलाई आनन्द दिने उहाँ महाराजको भक्ति गरेर र हामीहरू-लाई माया गरेर यहाँले सो नाटिका जस्ताकोतस्तो उतारेर खेलाउनुपर्‍यो भनी महाराज श्रीहर्षदेवको पाउको आश्रयमा रहनुभएका, ठाउँठाउँबाट पाल्नुभएका राजारजौटाहरूले मलाई आज वसन्तोत्सव (फागु) मा मान गरीकन बोलाई भन्नुभयो । त्यस कारण अब वेषभूषा मिलाई उहाँहरूको इच्छाबमोजिम गर्छु ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(यस अनुवादका र रत्नावली र नागानन्दका तल दिइएका अनुवादका केही पद वि. सं. २०१९ मा ललितपुरको जगदम्बा–प्रकाशनद्वारा प्रकाशित, धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्कुरमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको इतिहास–संशोधनको प्रमाण–प्रमेय मूल भागका ५३,५४ पृष्ठबाट लिइएका छन् ।)

३

सूत्रधारः– ··· अद्याहं वसन्तोत्सवे सबहुमानमाहूय नानादिग्देशागतेन राज्ञः श्रीहर्षदेवस्य पादपद्मोपजीविना राजसमूहेनोक्तो यथास्मत्स्वामिना श्रीहर्षदेवेनापूर्ववस्तुरचनालङ्कृता रत्नावली नाम नाटिका कृतेत्यस्माभिः श्रोत्रपरम्परया श्रुता, न तु प्रयोगतो दृष्टा, तत् तस्यैव राज्ञः सकलजनहृदयाह्लादिनो बहुमानादस्मासु चानुग्रहबुद्धया यथावत्प्रयोगेण त्वया नाटयितव्येति ।···तद् यावदिदानीं नेपथ्यरचनां कृत्वा यथाभिलषितं सम्पादयामि ।

(रत्नावली प्रस्तावना)

[सूत्रधार– हाम्रा स्वामित श्रीहर्षदेवले पहिले कसैले नलेखेको वस्तु (कथा) को रचनाले सिंगारिएको रत्नावली भन्ने नाटिका बनाउनुभएको छ भन्ने कुरा हामीले सुनेको त हो, खेल हेर्न भने पाएको छैन, त्यस कारण सबै मानिसको मनलाई आनन्द दिने उहाँ महाराजको भक्ति गरेर र हामीहरूलाई माया गरेर यहाँले सो नाटिका जस्ताकोतस्तो उतारेर खेलाउनुपर्‍यो भनी महाराज श्रीहर्षदेवको पाउको आश्रयमा रहनुभएका, ठाउँठाउँबाट पाल्नुभएका राजारजौटाहरूले मलाई आज वसन्तोत्सव (फागु)मा मान गरीकन बोलाई भन्नुभयो । त्यस कारण अब वेषभूषा मिलाई उहाँहरूको इच्छाबमोजिम गर्छु ।]

४

सूत्रधारः– ···अद्याहमिन्द्रोत्सवे सबहुमानमाहूय नानादिग्देशागतेन राज्ञः श्रीहर्षदेवस्य पादपद्मोपजीविना राजसमूहेनोक्तो यत् तदस्मत्स्वामिना श्रीहर्षदेवेनापूर्ववस्तुरचनालङ्कृतं विद्याधरजातकप्रतिबद्धं नागानन्दं नाम नाटकं कृतमित्यस्माभिः श्रोत्रपरम्परया श्रुतं, न च प्रयोगतो दृष्टं, तत् तस्यैव राज्ञः सकलजनहृदयाह्लादिनो बहुमानादस्मासु चानुग्रहबुद्धया यथावत्प्रयोगेणाद्य त्वया नाटयितव्यमिति । तद् यावदिदानीं नेपथ्यरचनां कृत्वा यथाभिलषितं सम्पादयामि ।

(नागानन्द आमुख)

[सूत्रधार– हाम्रा स्वामित श्रीहर्षदेवले पहिले कसैले नलेखेको वस्तु (कथा) को रचनाले सिंगारिएको, विद्याधर जातकसंग सम्बन्ध राख्ने नागानन्द भन्ने नाटक बनाउनुभएको छ भन्ने कुरा हामीले सुनेको त हो, खेल हेर्न भने पाएको छैन, त्यस कारण सबै मानिसको मनलाई आनन्द दिने उहाँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

महाराजको भक्ति गरेर र हामीहरूलाई माया गरेर यहाँले सो नाटक जस्ताकोतस्तो उतारेर आज खेलाउनुपर्‍यो भनी महाराज श्रीहर्षदेवको पाउको आश्रयमा रहनुभएका, ठाउँठाउँबाट पाल्नुभएका राजारजौटाहरूले मलाई आज इन्द्रोत्सव (इन्द्रजात्रा) मा मान गरीकन बोलाई भन्नुभयो । त्यस कारण अब वेषभूषा मिलाई उहाँहरूको इच्छाबमोजिम गर्छु ।]

५

सूत्रधारः– ···मारिष सुविहितानि रङ्गमङ्गलानि । संनिपतितश्च भगवतः कालप्रियनाथस्य यात्राप्रसङ्गेन नानादिगन्तवास्तव्यो जनः । तत् किमित्युदासते भरताः। आदिष्टोऽस्मि विद्वत्परिषदा यथाद्य त्वयापूर्ववस्तुप्रयोगेण वयं विनोदयितव्या इति । तत् परिषदं निर्दिष्टगुणप्रवन्धेनोपतिष्ठावः । . . .

अस्ति दक्षिणापथे पद्मपुरं नाम नगरम् । तत्र व्राह्मणाः केचित् तैत्तिरीयाः पङ्क्तिपावनाः काश्यपाः पञ्चाग्नयः सोमपीथिनो धृतव्रता उदुम्वरनामानो व्रह्मवादिनः प्रतिवसन्ति । ··· तदामुष्यायणस्य तत्रभवतो भट्टगोपालस्य पौत्रः पवित्रकीर्तेर्नीलकण्ठस्य पुत्रः श्रीकण्ठपदलाञ्छनः पदवाक्यप्रमाणज्ञो भवभूतिर्नाम कविर्निसर्गसौहृदेन भरतेषु वर्तमानः स्वकृतिमेवंगुणभूयसीमस्माकं हस्ते समर्पितवान् । ···

(मालतीमाधव प्रस्तावना)

[सूत्रधार– नट ! नाचको लागि गर्नुपर्ने मङ्गलकार्य राम्रोसँग गरिहालियो । भगवान् कालप्रियनाथको जात्राको अवसरमा ठाउँठाउँबाट मानिसहरू पनि भेला भइहालेकं छन् । अब पनि नटुवाहरू किन पनक परेर बसिरहेका ? आज तपाईंले पहिल्यै कहिल्यै नखेलेको नाच खेलाएर हाम्रो मन बहलाउनुपर्छ भनी विद्वत्सभाले मलाई आज्ञा गरेको छ । त्यस कारण सभाले बताएबमोजिमको गुण भएको नाटक खेलाएर सभाको सेवा गरौं ।

दक्षिण भारतमा पद्मपुर भन्ने शहर छ । त्यहाँ तैत्तिरीय शाखाका, आफू बसेकं पङ्क्तिमा खान बस्नेहरूलाई पवित्र पारिदिने, काश्यप गोत्रका, पञ्चाग्नि बालिरहने, सोमपान गर्ने, व्रत लिने, उदुम्बर भनी कहलिएका, वेद जान्ने केही ब्राह्मणहरू बस्नुहुन्छ । त्यही कुलमा जन्मेका उहाँ भट्ट गोपालका नाति, पवित्र कीर्ति भएका नीलकण्ठका छोरा, श्रीकण्ठ [भन्ने अर्को नाउँ भएका, व्याकरण मीमांसा न्याय जान्ने, नटुवाहरूसँग स्वाभाविक मित्रताको व्यवहार गर्ने भवभूति कविले यस किसिमका धेरै गुण भएको आफ्नो पुस्तक हामीहरूको हातमा सुम्पनुभएको छ ।]

(कविको परिचय भएको भागको अनुवाद जति पूर्णिमा १६ अङ्कका ४४९–४५० पृष्ठमा छापिएको छ । सो अनुवादमा केही हेरफेर गरी यो तयार गरिएको छ ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

६

सूत्रधारः– अद्य खलु भगवतः कालप्रियनाथस्य यात्रायामार्यमिश्राः समादिशन्ति ।

महापुरुषसंरम्भो यत्र गम्भीरभीषणः ।
प्रसन्नकर्कशा यत्र विपुलार्था च भारती ॥२॥
अप्राकृतेषु पात्रेषु यत्र वीरः स्थितो रसः ।
भेदैः सूक्ष्मैरभिव्यक्तैः प्रत्याधारं विभज्यते ॥३॥

स सन्दर्भोऽभिनेतव्य इति । [सहर्षम्] महावीरचरितं तर्हि प्रयोक्तव्यमित्यादिष्टमर्थतो भवति ।…

सोऽहमेतद् विज्ञापयामि । अस्ति दक्षिणापथे पद्मपुरं नाम नगरम् । तत्र केचित् तैत्तिरीयाः काश्यपाश्चरणगुरवः पङ्क्तिपावनाः पञ्चाग्नयो धृतव्रताः सोमपीथिन उदुम्बरा ब्रह्मवादिनः प्रतिवसन्ति । तदामुष्यायणस्य तत्रभवतो वाजपेययाजिनो महाकवेः पञ्चमः सुगृहीतनाम्नो भट्टगोपालस्य पौत्रः पवित्रकीर्तेर्नीलकण्ठस्यात्मसम्भवः श्रीकण्ठपदलाञ्छनो भवभूतिर्नाम जातूकर्णीपुत्रः कविर्मित्रधेयमस्माकमित्यत्रभवन्तो विदाङ्कुर्वन्तु ।

(महावीरचरित प्रस्तावना)

[सूत्रधार– जसमा ठूला मान्छेको गहिरो र डरलाग्दो रिसको बयान परेको छ, जसमा प्रसादगुण, ओजोगुण र ठूलो अर्थ छ, जसका अलौकिक पात्रहरूमा रहेको वीररस मिहीन र प्रकट गरिएका भेदद्वारा वीरैपिच्छे फरक फरक छ, त्यस्तो नाटक खेलाउनू भनी आज भगवान् कालप्रियनाथको जात्रामा उहाँहरूले आज्ञा गर्नुभएको छ । [खुशी भएर] त्यसो भए यसको मतलब महावीरचरित खेलाउनू भन्ने हुन्छ ।

दक्षिण भारतमा पद्मपुर भन्ने शहर छ । त्यहाँ तैत्तिरीयशाखाका, काश्यपगोत्रका, चरण (वेदका एक शाखा) का गुरु, आफू बसेकै पङ्क्तिमा खान बस्नेहरूलाई पवित्र पारिदिने, पञ्चाग्नि बालिरहने, व्रत लिने, सोमपान गर्ने, उदुम्बर भनी कहलिएका, वेद जान्ने, केही (ब्राह्मणहरू) बस्नुहुन्छ । त्यही कुलमा जन्मेका वाजपेय यज्ञ गर्ने महाकविका पाँचौं पुस्ताका, राम्रोसँग नाम लिइने भट्ट गोपालका नाति, पवित्र कीर्ति भएका नीलकण्ठका छोरा, जातूकर्णहरूका भानिज, श्रीकण्ठ भन्ने अर्को नाउँ भएका भवभूति कवि हामीहरूका मित्र हुनुहुन्छ भन्ने कुरा यहाँहरूलाई थाहा होओस् भनी म बिन्ति चढाउँछु ।]

७

सूत्रधारः–…अद्य खलु भगवतः कालप्रियनाथस्य यात्रायामार्यमिश्रान् विज्ञापयाम्येवमत्रभवन्तो विदाङ्कुर्वन्तु । अस्ति खलु तत्रभवान् काश्यपः श्रीकण्ठपदलाञ्छनः पदवाक्यप्रमाणतत्त्वज्ञो जातूकर्णीपुत्रो भवभूतिर्नाम ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यं ब्राह्मणमियं देवी वाग् वश्येवानुवर्तते ।
उत्तरं रामचरितं तत्प्रणीतं प्रयोक्ष्यते ।।२।।

(उत्तररामचरित प्रस्तावना)

[सूत्रधार– काश्यप गोत्रका, श्रीकण्ठ भन्ने अर्को नाउँ भएका, व्याकरण मीमांसा न्यायको तत्त्व बुझेका, जातूकर्णहरूका भानिज भवभूति हुनुहुन्छ । वशमा परे जस्तो भई देवी सरस्वती जुन ब्राह्मणको पछि लाग्नुहुन्छ, उहाँले बनाएको उत्तररामचरित भगवान् कालप्रियनाथको जात्रामा खेलाइने भएको छ भन्ने कुरा यहाँहरूलाई थाहा होओस् भनी यहाँहरूलाई विन्ति चढाउँछु ।]

८

सूत्रधारः– …भो भो… भगवतः पुरुषोत्तमस्य यात्रायामुपस्थानीया सभासदः… अस्ति मौद्गल्यगोत्रसम्भवस्य महाकवेर्भट्टश्रीवर्धमानतनूजन्मनस्तन्तुमतीनन्दनस्य मुरारेः कृतिरभिनवमनर्घराघवं नाम नाटकम् । तत् प्रयुञ्जानाः सामाजिकानुपास्महे ।

(अनर्घराघव प्रस्तावना)

[सूत्रधार– भगवान् पुरुषोत्तम (पुरीका जगन्नाथ) को जात्रामा भेला भएका सभासद्हरू ! मौद्गल्य गोत्रमा जन्मेका, भट्ट श्रीवर्धमानका र तन्तुमतीका छोरा, महाकवि, मुरारिले हालै बनाएको अनर्घराघव भन्ने नाटक छ । त्यो खेलाएर दर्शकहरूको सेवा गर्छौं ।]

~~~

२ परिशिष्ट

चाडबाड जात्रामात्रामा खेलाइएका, नेपालमा बनाइएका केही संस्कृत नाटक

–महेशराज पन्त

१

सूत्रधारः– . . . भगवतः श्रीबुगेश्वरस्याप्रतिहतप्रतिशरत्यात्रोत्सवप्रसङ्गेनायातानां प्रमुदितद्विजराजपुत्रादीनां समाजः ।। … आकाशे कर्णं दत्वा । किमादिशन्ति सन्तः । … प्रत्यर्थिपार्थिवमत्तकुंजरदमनांकुशउत्तरविहारमहापात्रपद्मैः समादिष्टोसीति सभासम्यसंरञ्जनार्थम् । स्मरणमभिनीय । अस्ति च कवेः कविकमलभास्करस्य जयतस्य कृतिरभिनवमहीरावणवधो नाम नाटकः प्रवर्त्तयितव्यः । . . .
भग्नरायथापनाचारसरणागतवज्रपञ्जरमत्तकुञ्जरदमनाङ्कुशउत्तरविहारकुटुम्बजश्रीन्होलविहारप्रधानाङ्गमहापात्रश्रीजयशीहमल्लवर्मणां कुतूहलपूरणाय कविकमल-

CC-0. Nepal Sanskrit Academy, Kathmandu
~~~

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भास्करपण्डितश्रीजयतविरचितो महीरावणवधो नाम नाटकः परिसमाप्तः ॥ ॥

सप्तपञ्चाशताधिकचतुरशत ॥ श्रेयोऽस्तु ॥ सम्वत् ४५७ श्रावणकृष्णद्वादश्यां ॥ पुष्यनक्षत्रे ॥ परिघयोगे ॥ शनैश्चरवासरे ॥ पुस्तकमिदं समाप्तमिति ॥ ॥

. . .महाराजाधिराजसप्रक्रियराजराजेन्द्रश्रीश्रीजयारिमल्लदेवानां विजयराज्ये नेपालमण्डले ॥ . . .

उत्तरविहारकुटुम्वोद्भवश्रीन्होलविहारप्रधानाङ्गमहापात्रश्रीजयशीहमल्लवर्म्मणः . . . स्वहस्तेन लिखितम् ॥ ॥

[वीरपुस्तकालय तेस्रो ३६२ सङ्ख्याको महीरावणवधनाटक । वि. सं. १९७२ मा कलकत्ताबाट प्रकाशित हरप्रसाद शास्त्रीको अ क्याटलग् अफ् पाम्–लीफ् यान्ड् सेलेक्टेड् पेपर् म्यानुस्क्रिप्ट्स् बिलङ्गइङ ट द दरबार् लाइब्ररि, नेपाल् (नेपाल राजकीय पुस्तकालयमा रहेका ताडपत्रमा लेखिएका पुस्तक र कागतमा लेखिएका छनौट पुस्तकहरूको सूचीपत्र) को २ भागका २५–२७ पृष्ठबाट र वि. सं. २०१९ मा वीरपुस्तकालयबाट सम्पादित तथा प्रकाशित नेपालराजकीयवीरपुस्तकालयस्थलिखितपुस्तकानाम् बृहत् सूचीपत्रम् (नेपाल राजकीय वीरपुस्तकालयमा रहेका लेखोट पुस्तकहरूको ठूलो सूचीपत्र) को ३ भागका ४३–४४ पृष्ठबाट माथिको अंश सारिएको हो । हरप्रसाद शास्त्रीको सूचीपत्रमा वीरपुस्तकालयको सूचीपत्रमा भन्दा थोरै भाग छापिएको छ ।]

[सूत्रधार– भगवान् श्रीबुगेश्वर (राता मत्स्येन्द्रनाथ) को बर्सेनि नरोकिँदै हुँदै आएको जात्राको उत्सवको अवसरमा पाल्नुभएका खुशी भएका ब्राह्मण र राजपुत्रहरूको जमघट छ । (आकाशतिर कान थापेर) यहाँहरूबाट के आज्ञा भएको हो ? ए, शत्रु राजारूपी मत्ता हात्तीलाई दबाउन अङ्कुशे भएका, उत्तरविहारका महापात्रले सभासद्हरूको मन बहलाउन तपाईंलाई आज्ञा गर्नुभएको छ भनी भन्नुभएको । (सम्झे जस्तो गरेर) कवि, कविरूपी कमलका सूर्य जयतले हालै बनाएको महीरावणवध भन्ने नाटक छ । त्यही खेलाउनुपर्‍यो ।

राज्य खोसिएका राजाको राज्य थामिदिन सक्ने, शरण पर्न आएकाहरूका वज्रको पिँजडा भएका, मत्ता हात्तीलाई दबाउन अङ्कुशे भएका, उत्तरविहारका खलक, श्रीह्लोलविहारका प्रधानाङ्ग महापात्र, श्रीजयशीह मल्ल वर्माको चोचौ टार्न कविरूपी कमलका सूर्य पण्डित श्रीजयतले बनाएको महीरावणवध भन्ने नाटक सिद्धियो ।

ने. सं. ४५७ (वि. सं. १३९४) श्रावणकृष्ण द्वादशी पुष्यनक्षत्र परिघयोग शनैश्चरवारको दिन यो पुस्तक सिद्धियो ।

महाराजाधिराज, सबै अधिकार भएका, राजराजेन्द्र श्रीजयारि मल्लदेवको विजयराज्यमा नेपालमण्डलमा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उत्तरविहारका खलक, श्रीह्लोलविहारका प्रधानाङ्ग महापात्र श्रीजयशीह मल्ल वर्माले आफ्नै हातले सारियो ।]

२

भृङ्गी– . . . ख्यातश्रीसुरकीकुलोदितमहारादत्त इत्युद्धतो . . .
नाम्ना श्रीजययूर्थासिहविदितः सत्कीर्त्तिकांत्युज्ज्वल –
स्तस्येयं शिखरापुरी विजयते नेपालभूमण्डले ।। ।। . . .
वीरश्रीजयजंर्त्रसिहनृपतिः संग्रामनारायणः . . .
नीतिज्ञानविकस्वराशयगुणा धीमान्तदीयानुजो . . .
श्रीरूपनारायणवीरमूर्तिः श्रीराजसिहो जयराजसिहः ।
सत्कामिनीकामुककामदेवस्तस्यानुजो भाति विभीतशत्रुः ।।
श्रीयोधसिहो जययुद्धसिहः... श्रीयक्षसिहस्य सुतः प्रतापी ।। . . .

सूत्रधारः– आदिष्टोस्मि श्रीमतो भगवतो गोपालेश्वरस्याराधनपरायणेन श्रीशिखरनारायणचरणसेवकेन श्रीरुद्रङ्केश्वरीतत्परेण सुरकीकुलकमलकाननविकासनैकभास्करेण ··· श्रीमता जययूर्थासिहदेवेन । अत्रास्माकं हरिशङ्करस्थयात्रामहोत्सवप्रसङ्गेन नानादिग्देशसमागताः सभासदा वर्तन्ते । तत्रभवतः श्रीरामदासहृदयनन्दनस्य परमराजकवेरार्य्यश्रीवालसरस्वतीप्रथितकीर्तिमण्डलस्य श्रीमतो धर्मगुप्तस्याभिनवकृतं चतुरङ्करामायणनाटकमभिनयितव्यमिति ।

[वीरपुस्तकालय पहिलो १४१८ सङ्ख्याको रामायणनाटक । माथिको अंशको पद्यभाग वीरपुस्तकालयको बृहत् सूचीपत्रको ३ भागको ६० पृष्ठबाट मात्र र गद्यभागचाहिँ वि. सं. १९६२ मा कलकत्ताबाट प्रकाशित हरप्रसाद शास्त्रीको अ क्याट्अलग् अफ् पाम्–लीफ् याण्ड् सेलेक्टेड् पेपर् म्यानुस्क्रिप्ट्स् बिलङ्गइङ ट द डर्बार् लाइब्रेरि, नेपाल् (नेपाल राजकीय पुस्तकालयमा रहेका ताडपत्रमा लेखिएका पुस्तक र कागतमा लेखिएका छनौट पुस्तकहरूको सूचीपत्र) को १ भागका २४६–२४७ पृष्ठबाट र वीरपुस्तकालयको बृहत् सूचीपत्र ३ भागको ६० पृष्ठबाट सारिएको हो ।]

[भृङ्गी– प्रख्यात श्रीसुरकीकुलमा जन्मेका, ठूला महाराउत्त, असल कीर्ति र कान्तिले उज्ज्वल भएका श्रीजययूर्थासिह हुनुहुन्छ । नेपालमण्डलमा उहाँको यो शिखरापुरी (फर्पिङ) छ । उहाँका भाइ, लडाइँमा नारायण जस्ता, नीति र ज्ञानले विकास भएका विचार र गुण भएका, बुद्धिमान्, वीर श्रीजयजंर्त्रसिह हुनुहुन्छ । उहाँका भाइ, रूपमा नारायण जस्ता, राजाहरूमा श्रेष्ठ, रामा स्त्रीहरूउपर कामदेव, शत्रुहरूलाई तर्साएका जयराजसिह हुनुहुन्छ । श्रीयक्षसिहका छोरा, लडाकाहरूमा श्रेष्ठ प्रतापी जययुद्धसिह हुनुहुन्छ ।

सूत्रधार– हाम्रा हरिशङ्करको रथयात्राको[1] ठूलो उत्सवको अवसरमा ठाउँठाउँबाट पाल्नुभएका सभासद्हरू

---

१. हरिशङ्करको जात्रा आश्विनकृष्ण एकादशीमा हुन्छ भन्ने कुरा प्रचलित पञ्चाङ्गहरूबाट बुझिन्छ । हरिशङ्करको जात्रा भाद्रशुक्ल पूर्णिमाको बाह्रौँ दिनमा हुन्छ भन्ने श्रीभोलानाथ पौडेलको भनाइ छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यहाँ हुनुहुन्छ; श्रीरामदासका छोरा, ठूला राजकवि, आर्य श्रीबालसरस्वती भनी कीर्ति फैलिएका उहाँ श्रीधर्मगुप्तले भरखरै बनाउनुभएको, चार अङ्क भएको रामायण नाटक खेलाउनू भनी श्रीभगवान् गोपालेश्वरको सेवामा लागेका, श्रीशिखरनारायणको पाउका सेवक, श्रीऌङ्केश्वरीको[२] सेवा गरेका, सुरकीकुलरूपी कमलकुन्जलाई फुलाउने सूर्य श्रीजययूर्थासिहबाट मलाई आज्ञा भएको छ ।]

फर्पिङका शासकको रूपमा यी यूर्थासिहको उल्लेख वि. सं. १४२९ को जयार्जुनदेव र स्थिति मल्लको पालाको स्वयम्भूको शिलालेखमा[३] र वि. सं. १४४७ को स्थिति मल्लको पालामा फर्पिङको शिलालेखमा

---

२. ऌङ्केश्वरीको मूर्ति फर्पिङमा छ। [हल्यान्डको लिडेनको ई. जे. ब्रिलबाट वि. सं. २०३१ मा प्रकाशित, प्रतापादित्य पालको दि आर्ट्स् अफ् नेपाल् (नेपालका कला) नामक ग्रन्थको ३६ चित्र ।]

३. श्रीजयार्जुनदेवेन सूनुना तस्य भूभृतः ।
सम्पाल्यमाने नेपाले वीरनारायणेन तु ॥
श्रीजयस्थितमल्लेन क्षत्रिरत्नाकरेन्दुना ।
पालिते तत्र कालेन बुद्धपुण्योदयेन च ॥. . .

प्रवरमहायानयायिना परमोपासकपरमधार्मिकसर्वसत्त्वानुकम्पकेन । श्रीकाष्ठमण्डपमहानगराव-स्थितेन । श्रीकेलाछेढ्वाखाकुटुम्वजामात्यमूर्त्यंगरणशक्तिमल्लवर्मभल्लोकसुतेन । श्रीराजहर्ष-भल्लोकेन । सहधर्मचारिणीश्रीजोतिलक्ष्म्या सहितेन । भ्रातृश्रीरणदेववर्मभल्लोक । श्रीरुद्रदेववर्म-भल्लोकेन सहानुमतेन । तस्य भागिनेय श्रीशिखरपुरावस्थित । त्रिशक्तिगुणान्वित । महारावुत्त-श्रीजूर्टसिहस्यानुमतेन । . . .

श्रेयोस्तु नेपालसंवत् ४९२ आश्विनशुक्लपूर्णमास्यां तिथौ अश्विनीनक्षत्रे । सुकर्मयोगे वुधवासरे। प्रतिष्ठा संपूर्ण . . .

[स्वयम्भूको शिलालेखबाट । वि. सं. १९९३ मा प्रकाशित जर्नल् अफ् बिहार् यान्ड् ओरिसा रिसर्च् ससाइइटि (बिहार र उडिसाको खोजी गर्ने संस्थाको पत्रिका) को २२ भागका ८१–९५ पृष्ठमा छापिएको, काशी-प्रसाद जायसवालको यान् अनरिकर्ड्इड् इन्भेप्शन् अफ् नेपाल् (प्रकाशमा नआएको, नेपालमा भएको एउटा हमला) भन्ने निबन्धमा, वि. सं. २०१० मा प्रकाशित संस्कृत–सन्देश १०–१२ अङ्कका १३–१७ पृष्ठमा छापिएको, भोलानाथ पौडेल, धनवज्र वज्राचार्य, ज्ञानमणि नेपालको अर्जुनमल्ल–जयस्थितिमल्लसमयाभिलेखः (अर्जुन मल्ल र जयस्थिति मल्लको पालाको अभिलेख) भन्ने निबन्धमा, वि. सं. २०२३ मा कलकत्ताको फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, धिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल् (नेपालको मध्यकालको इतिहास)को ३ भागको १ खण्डका २१–२४ पृष्ठमा यो शिलालेख छापिएको छ ।]

[उहाँ राजा (जयराजदेव) का छोरा, वीरमा श्रेष्ठ श्रीजयार्जुनदेवले नेपालमा राज्य गरिरहनुभएको वेलामा, क्षत्रियकुलमा पैदा भएका श्रीजयस्थिति मल्लले पनि बुद्धका पुण्यको प्रतापले त्यही समयमा शासन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

आएकोले[४] र वि. सं. १४५२ मा स्थिति मल्लको मृत्यु भएको[५] र वि. सं. १४६३ को धर्म मल्लको पालाको फर्पिङ्को एक शिलालेखमा त्यहाँका शासकको रूपमा यूर्थसिहको नाउँ नपरी उनका भाइ जैत्रसिहहरूको मात्र नाउँ परेकोले[६] यूर्थसिंहलाई स्थिति मल्लको ताकाका फर्पिङ्का शासक भनी यही अङ्कमा छापिएको रत्न मल्लको पालामा लेखिएको रामायणनाटकको ऐतिहासिक सार भन्ने निबन्ध (२८२ पृष्ठ) मा मैले लेखेको हुँ ।

गरिरहनुभएको वेलामा, श्रेष्ठ महायान धर्म मान्ने, ठूला उपासक, ठूला धर्मात्मा, सर्व प्राणीहरूउपर दया गर्ने, ठूलो शहर काष्ठमण्डपमा वसेका, श्रीकेलाछे द्वाखाका खलक, अमात्य मूर्त्यङ्ग रणशक्ति मल्ल वर्मा भल्लोकका छोरा श्रीराजहर्ष भल्लोकले धर्मपत्नी ज्योतिलक्ष्मीसमेत भई भाइ श्रीरणदेव वर्मा भल्लोकको र रुद्रदेव वर्मा भल्लोकको अनुमति लिई, उहाँका मानिज श्रीशिखरपुर (फर्पिङ) मा वसेका, त्रिशक्ति (उत्साहशक्ति, प्रभुशक्ति, मन्त्रशक्ति) को गुण भएका, महारावुत्त श्रीजूर्टसिहको अनुमति लिएर…

कल्याण होओस् । ने. सं. ४९२ (वि. सं. १४२९) आश्विनशुक्ल पूर्णिमा अश्विनीनक्षत्र सुकर्मयोग बुधवारको दिन प्रतिष्ठा भयो ।]

(श्लोकको अनुवाद वि. सं. २०१९ मा ललितपुरको जगदम्बा–प्रकाशनद्वारा प्रकाशित, धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको इतिहास–संशोधनको प्रमाण–प्रमेय मूल भागको ९५ पृष्ठबाट सारिएको हो ।)

४. श्रेयोऽस्तु सम्वत् ५११ माघशुक्लश्रीपंचम्यां तिथौ ।। उत्तरभद्रनक्षत्रे ।। सिद्धियोगे ।। वुधवासरे ।। राजाधिराजपरमेश्वरपरमभट्टारकश्रीश्रीजयस्थितिराजमल्लदेवस्य विजयराज्ये ।। श्रीशिखरापुरानगर्यां श्रीजयजर्थसिहदेवैः सभ्रातृभिः प्रतिपालितायां ।। . . .

[फर्पिङ्को गोरखनाथमन्दिरको शिलालेखबाट । यस शिलालेखको केही अंश वि. सं. २०१५ मा रोमको इस्तित्युतो इतालिआनो पर् इल् मेदिओ इद् इस्तर्मो ओरियन्त्बाट प्रकाशित, लूच्यानो पेतेकको मेडिईभल् हिस्टरि अफ् नेपाल् (नेपालको मध्यकालको इतिहास) का १३४–१३५ पृष्ठमा र सम्पूर्ण शिलालेखचाहिँ मेडिईभल् नेपाल्को ३ भागको १ खण्डको ३१ पृष्ठमा छापिएको छ । माथि दिइएको पाठ मेडिईभल् नेपाल्बाट सारिएको हो ।]

[कल्याण होओस् । ने. सं. ५११ (वि. सं. १४४७) माघ शुक्लपञ्चमी (श्रीपञ्चमी) उत्तरभाद्रनक्षत्र सिद्धियोग बुधवारको दिन । राजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीजयस्थितिराज मल्लदेवको विजयराज्यमा । भाइहरूसमेत भई श्रीजयजर्थसिहदेवले पालना गरिएको श्रीशिखरापुर (फर्पिङ) शहरमा ।]

५. इतिहास– संशोधनको प्रमाण–प्रमेय मूल भागको ३८ पृष्ठ ।

६. …श्रेयोऽस्तु सम्वत ५२७ फाल्गुनशुक्लतृतीयायां तिथौ रेवतीनक्षत्रे ।। शुक्लयोगे ।।शुक्रवाशरे ।। समस्तप्रक्रियासमलंकृतयुवराजाधिराजश्रीश्रीमज्जयधर्ममल्लदेवस्य विजयराज्ये ।। श्रीश्रीरुंकेश्वरी-वरलब्धप्रसादेत्यादिविरुदावलीविभ्राजमानसमस्तप्रक्रियासमलंकृतरावुत्त श्रीजयजैत्रसिहदेव ।। तथा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

३

सूत्रधारः – …यदहमादिष्टोस्मि भगवत्पशुपतिचरणकमलोपचारचतुरेण . . . रघुवंशचक्रचूडामणिना राजल्लदेवीरमणेन श्रीमता श्रीश्रीजयस्थितिराजमल्लदेवेन ।। . . . (अग्रतोवलोक्य) अये विविधगुणिगुणालङ्कृतस्यैव नेपालेश्वरस्यातिमनोहरा परिषदियम् । . . .

यस्यामयं श्रीजयधर्म्ममल्लो राजल्लदेवीहृदयैकसूनुः ।। . . .
वालनारायणश्रीमाञ्ज्योतिमल्लो विराजते ।। . . .

प्रिये इदमादिष्टोस्मि यदद्यासौ सूनोः कुमारश्रीश्रीजयधर्म्ममल्लदेवस्य रघुवंशोचिताचारसम्भारविवाहमहोत्सवदर्शनोत्सुकानान्ना (ना) दिग्देशागतानां सामन्तपात्राणां समाजः । श्रीनाटेश्वरवरलब्धनाट्यवेदविशारदस्य राजवर्द्धनस्य सूनोः श्रीगुरुचरणमुद्राङ्कितमस्तकस्य मणिकनामधेयस्य कवेः कृतिर्भैरवानन्दनाटकदर्शनाकाङ्क्षा वर्त्तते । तत् त्वया भरतपुत्रकुशीलवैः सह सङ्गीतमनुसृत्य यथावत्प्रयोगेन नाटयितव्यमिति ।। . . .

(वीरपुस्तकालय पहिलो १०७८ सङ्ख्याको भैरवानन्दनाटक । हरप्रसाद शास्त्रीको सूचीपत्रको १ भागका ११९–१२० पृष्ठबाट र वीरपुस्तकालयको सूचीपत्रको ३ भागका ३८–३९ पृष्ठबाट माथिको अंश सारिएको हो । हरप्रसाद शास्त्रीको सूचीपत्रमा भन्दा वीरपुस्तकालयको सूचीपत्रमा बढी भाग छापिएको छ ।)

रावुत्त श्रीजययोर्धसिंहदेव ।। तथा रावुत्त श्रीरामसिंहदेव ।। तथा रावुत्त श्रीदेवसिंहदेव ।। एतैर्भूपतिभिः संपालिते ।। श्रीशिखरपत्तननगरे ।। …

(फर्पिङ कोछुटोलको शिलालेखबाट । यस शिलालेखको केही अंश मेडिईभल् हिस्टरि अफ् नेपाल्को १४४ पृष्ठमा छापिएको छ । वि. सं. २०१७ मा श्री ५ को सरकार पुरातत्त्व र संस्कृति विभागबाट प्रकाशित, हेमराज शाक्यको वर्ण–परिचयको १६ पृष्ठमा र वि. सं. २०३१ मा काठमाडौंको रत्न पुस्तक भण्डारबाट प्रकाशित कैलाश २ वर्ष १–२ अङ्कमा छापिएको शङ्करमान राजवंशीको देवनागरी लिपिको विकास भन्ने निबन्ध (सो अङ्कको ५०–५१, ८४ पृष्ठ) मा यस शिलालेखको केही अंश प्रतिलिपिसमेत छापिएको छ । सम्पूर्ण शिलालेखचाहिँ मेडिईभल् नेपाल्को ३ भागको १ खण्डका ४२–४४ पृष्ठमा छापिएको छ । माथि दिइएको पाठ प्रतिलिपिअनुसारको छ ।)

[कल्याण होओस् । ने. सं. ५२७ (वि. सं. १४६३) फाल्गुनशुक्ल तृतीया रेवतीनक्षत्र शुक्लयोग शुक्रवारको दिन । सबै अधिकारले सिंगारिएका, युवराजाधिराज श्रीश्रीजयधर्म मल्लदेवको विजयराज्यमा । श्रीश्रीफड्ङ्गेश्वरीको वर पाएका इत्यादि प्रशस्तिले सुहाएका, सबै अधिकारले सिंगारिएका, रावुत्त श्रीजयजंत्रसिंहदेव, रावुत्त श्रीजय योर्धसिंहदेव, रावुत्त श्रीरामसिंहदेव, रावुत्त श्रीदेवसिंहदेव यहाँ राजाहरूले पालना गरिएको श्रीशिखरपत्तन (फर्पिङ) शहरमा ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

[सूत्रधार– (अघिल्तिर हेरेर) प्यारी ! थरीथरीका गुणीहरूका गुणले सिंगारिएका, नेपालका राजाको ज्यादै राम्रो यो भारादारीसभा छ । जहां राजल्लदेवीका छोरा यहां श्रीजयधर्म मल्ल र बालनारायण जस्ता श्रीज्योतिर्मल्ल सुहाउनुभएको छ ।

आज छोरा नानी श्रीश्रीजयधर्म मल्लदेवको रघुकुल सुहाउँदो विधिबमोजिम गरिने विवाहको ठूलो उत्सव हेर्न रउसिएका, ठाउँठाउँबाट आएका सामन्त र पात्रहरूको यो जमघट छ; राजवर्द्धनका छोरा, श्रीनाट्येश्वरबाट वर पाएका, नाट्यशास्त्रमा सिपालु, शिरमा श्रीगुरुको पाउको छाप परेका मणिक कविले बनाएको भैरवानन्दनाटक हेर्ने इच्छा छ, त्यस कारण तिमीले नटुवाहरूसमेत भएर नाच गान बजान गरेर, जस्ताकोतस्तो उतारेर सो नाटक खेलाउनू भनी भगवान् पशुपतिको चरणकमलको सेवा गर्न सिपालु, रघुकुलमा जन्मेकाहरूमध्ये श्रेष्ठ, राजल्लदेवीका पति श्रीमान् श्रीश्रीजयस्थितिराज मल्लदेवबाट मलाई आज्ञा भएको छ ।]

(वि. सं. २०२६ फागुन १६ गतेको गोरखापत्रका ९–११ पृष्ठमा छापिएको, धनवज्र वज्राचार्यको साहित्य, संगीत र कलाको अभिवृद्धिमा राजकीय विवाहोत्सवको प्रभाव भन्ने निबन्धमा यस अनुवादका केही अंश परेका छन् ।)

धर्म मल्लको विवाह वि. सं. १४३९ मा भएको हो, सो विवाहको अवसरमा भैरवानन्दनाटक खेलाइएको थियो भन्ने कुरा गोपालराजवंशावलीमा लेखिएको छ–

५०३ पोषवदि ११ प्याखन ले तया भेरवानन्द नियप्यन्हु स्येङाव सेलागाक्व दिशी कोन्हु शिद्धि फँया श्रीकोथोछेंस ।। . . . श्रीश्रीधर्म्मदेव ठाकुरसन प्रसादारपा थ्व ठाकुरस विवाहयातन्देका विवाह चेतला थोव तिराख बृहस्पतिवार चा ।। . . . प्याखन हुव लिछिवु: ।। ।।

(वीरपुस्तकालय पहिलो १५८३ सङ्ख्याको गोपालराजवंशावलीको ६२ पत्र । वि. सं २०१६ मा प्रकाशित हिमवत्संस्कृति १ अङ्कका ९–२५ पृष्ठमा छापिएको योगी नरहरिनाथको, गोपाल–वंशावली (५७१ वर्ष अघि लेखियेको इतिहास) भन्ने निबन्धमा र मेडिईभल् नेपाल्को ३ भागको १ खण्डका ११२–१५७ पृष्ठमा सम्पूर्ण गोपालराजवंशावली छापिएको छ । रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्यले केसरपुस्तकालयको ७३० सङ्ख्याको गोपालराजवंशावलीको तसवीर खिंचिराखेको प्रतिबाट वि. सं. २०१६ मा पढेको अप्रकाशित पाठ पनि छ । गोपालराजवंशावलीको माथिको अंश वि. सं. २०२६ फागुन १६ गतेको गोरखापत्रको १० पृष्ठमा पनि छापिएको छ । मूलसँग रुजु गरी यहां गोपालराजवंशावलीको शुद्ध पाठ दिइएको छ ।)

[ने. सं. ५०३ (वि. सं. १४३९) पौषकृष्ण (पूर्णान्तिमानले माघकृष्ण) एकादशीको दिन भैरवानन्द नाटकको आरम्भ गरियो । २४ दिनसम्म सिकी माघकृष्ण (पूर्णान्तिमानले फाल्गुनकृष्ण) दशमीको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दिन श्रीकोपोछेंमा सिद्धि लिइयो। श्रीश्रीधर्म मल्ल ठाकुरको निगाहले उहाँ ठाकुरको विवाहको लागि बनाइएको हो। फाल्गुनशुक्ल तृतीया बृहस्पतिवारको दिन राति विवाह भएको हो। एक महीनासम्म नाच नचाइयो।]

(वि. सं. २०२६ फाल्गुन १६ गतेको गोरखापत्रको १० पृष्ठबाट)

४

विना ॥... पूर्व्वं यन्मुनिना सुपालितमही नेनामध्येयेन सा ,
नेपालेति च संज्ञिता मुनिजनैस्तत्रापि रम्या पुरी।
नाम्नेयं ललितापुरी द्विजवरैः पात्रोत्तमैः पालिता ,
तस्यां श्रीमणिनागराज इति यः सोऽयं मुने राजते ॥
तदत्र ॥
दातार्थिभ्यो विवेकी सकलगुणिजने धर्म्मरूपः प्रजायां
वोद्धा शास्त्रे नृपाङ्गे रिपुकुलविपिने दग्धदावानलो यः ।
रामारत्ने मनोभूः सकलगुणनिधी राजवङ्शाब्जभानु-
र्ल्लक्ष्मीनारायणोऽसौ जगति विजयते श्रीप्रभुयक्षमल्लः ॥...

सर्व्वे ॥ कोलाहलमाकर्ण्य ॥

विनायकः॥ मुने भृंगिन् ज्ञायताङ्किमेतदिति ॥

भृङ्गी ॥ भगवन्गणपते यथादिशति। परिक्रम्य ॥ ज्ञात्नमेत्र ॥ भगवन्गणेश्वर श्रूयतां ॥ श्रीश्रीपशुपतिपरागधूलीपरिरञ्जितोत्तमाङ्गस्य , श्रीश्रीमानेश्वरीलब्धवरानुमोदितस्य , सकलराजवङ्शक्षीराम्बुधिसञ्जातचन्द्रमसः सकलनेपालावस्थितलोकपङ्करूहविपिन-प्रकाशनैकभास्करस्य क्षत्रियान्वयचूडामणेः श्रीश्रीजययक्षमल्लदेवभूपतेर्हृदयानन्दकारिणो वरकुमारस्य श्रीश्रीजयरायमल्लदेवस्य कनकतुलापुरुषमहादानयज्ञोत्सवे श्रीश्रीवाग्मती-सन्निधाने , श्रीश्रीश्रीपशुपतिमहास्थाने , तद्दर्शनकुतूहलापूर्ण्णलोकानां कोलाहलो वर्त्तते ॥...

विना ॥ श्रीश्रीजययक्षमल्लदेवभूपते राजसभायाञ्चतुरङ्कमहाभारतन्नाम नाटकम् प्रवर्त्तते । तत्तेषामनु संगीतसूचकसूत्रधार इत एवाभिवर्त्तते ॥

ततः प्रविशति सूत्रधारः ॥...

सूत्र ॥ ··· अद्येवं रविकुलप्रकाशनैकभास्करस्य श्रीमच्छ्रीश्रीपशुपतिपादारविन्दसेवितस्य श्रीश्री-मानेश्वरीपादार्च्चनपरिवर्द्धमानराजश्रियः श्रीश्रीजययक्षमल्लदेवभूपालेश्वरस्य हृदयानन्द-कारिणो श्रीश्रीजयरायमल्लदेवस्य कनकतुलापुरुषमहादानप्रसंङ्गे तस्य राज्ञः परिषद्सु श्रीदक्षिणविहारमहामहपात्रश्रीमत् उदयसिंहमल्लवर्मना , श्रीजयज्ञानसिंहमल्लवर्म्मना ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

श्रीजयधर्मसिंहमल्लवर्म्मना पात्रत्रितयेन स्वस्थानभग्नभूपालस्थापनाचार्येन मामेव बहुमानमाहूय नानादिग्देशागतेन राजसमूहेन सार्द्धमहमुक्तो यथा चतुरंकमहाभारतं नाम नाटकं त्वया नाटयितव्यमिति ।। तद्यावद् गृहिणीमाहूय संगीतमनुतिष्ठामि ।। प्रिये इतस्तावत् ।। . . .

श्रीमत्श्रीश्रीजयजक्षमल्लदेवनृपेश्वरस्य तस्यात्मजश्रीश्रीजयरायमल्लदेवस्य सुवर्णतुलापुरुषमहादानमहोत्सवे श्रीमत्उदर्यसिंहमल्लप्रभृतिपात्रत्रितयप्रेरणया किमप्यपूर्वरचितं चतुरंकमहाभारत नाम नाटकं प्रवर्त्तितं तत् मया भवत्या सह नृत्यत इति ।। . . .

श्रीजक्षमल्लस्य नृपस्य पुत्रः कर्प्पूरदेव्या हृदयानुमोदः ।
श्रीरायमल्लो मधुवैरिरूपो भीमावतारो जयति प्रतापी ।। . . .

चिन्तामणिद्रुमसमोऽर्थिजनेषु दाता पात्रावतन्स इति योऽतिविराजते सः ।।
लोकानुकम्पहृदयः सह राजलक्ष्म्या श्रीमानसावुदर्यसिंह इति प्रसिद्धः ।। . . .
श्रीरुद्रसिंह इति दैत्यरिपूपमोऽसौ संराजते भुवि विवेकनिधानकीर्त्तिः ।। . . .

दैत्यारं राजसिंहस्य सुत इह सतीआसलक्ष्मीसुपुत्रः ।
सः श्रीमान्पात्ररत्नो धनपतिसदृशो जीवलक्ष्मीहृदीशो
जीयाच्छ्रीग्यानसिंहो अमृतहरिसुतेनापि सार्द्धं पृथिव्याम् ।।
दनुजकुलकृतांतो वासुदेवोऽत्र जातो . . .
. . . भाति श्रीप्रभुधर्म्मसिंहः । . . .

संवर्द्धते त्रिनयनेश्वरपूजनेन श्रीमानसौ जयतसिंहविभुः प्रजाभिः ।। . . .
तेजोवर्द्धनवंशपंकजरविः श्रीतेजरामात्मजः
पञ्चाग्न्यर्च्चनवेदशास्त्रविदितः श्रीतेजहर्षोऽग्निचित् ।।
पुत्रस्तस्य च रुद्रदास इति यस्तस्यानुजः पाण्डुक-
स्तस्यैवानुज एव यो गयपतिः संराजतेसौ सुधीः ।।

तेनेदं रचितं ।।

[केसरपुस्तकालय २७ सङ्ख्याको चतुरङ्कमहाभारतनाटक । यस नाटकको अर्को प्रति वीरपुस्तकालय पहिलो ४४९ सङ्ख्यामा छ (वीरपुस्तकालयको सूचीपत्रको ३ भागका १९–२० पृष्ठ) । इतिहास–संशोधनको प्रमाण–प्रमेय मूल भागको ५ पृष्ठमा, वि. सं. २०२३ मा प्रकाशित पूर्णिमा १० अङ्कमा छापिएको शङ्करमान राजवंशीको यक्षमल्लको समयका निश्चित संवत् र तिथिमितिहरू भन्ने निबन्ध (२० पृष्ठ) मा र वि. सं. २०२३ मा कलकत्ताको फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको मेडिइभल् नेपाल् (नेपालको मध्यकालको इतिहास) को १ भागको ४३६–४३७ पृष्ठमा वीरपुस्तकालयको प्रतिबाट सारी माथिका केही अंश छपाइएका छन् ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

[गणेश–हे मुनि ! उहिले ने मुनिले पालना गरिएको देश हुनाले नेपाल भनी मुनिहरूले नाउँ राखिएको यस देशमा राम्रो ललितपुर भन्ने सहर छ। ताँगाधारी महापात्रहरू त्यसको पालना गर्नुहुन्छ। त्यहाँ मणिनागराज हुनुहुन्छ।

माग्नेहरूलाई दान दिने, सबै गुणी मानिसहरूमा विवेक गर्ने, दुनियाँमा धर्मराजको अवतार भएका, राजनीति पढेका, शत्रुका कुलरूपी जङ्गललाई डढाउने डढेलो, राम्रा आइमाईहरूमा कामदेव, सबै गुणका खानि, राजवंशरूपी कमलका सूर्य, लक्ष्मीनारायण, यहाँ प्रभु थीयक्ष मल्ल संसारमा विजयी भइरहनुभएको छ।

सबैले खलबल सुनेर।

गणेश– मुनि भृङ्गी ! यो के हो, बुझ्नुहोस्।

भृङ्गी– भगवान् गणेशजी ! जो आज्ञा। (घुमेर) थाहा पाइयो। भगवान् गणेशजी ! सुन्नुहोस्। श्रीश्रीपशुपतिको पाउको धूलोले टाउको रङ्गिएका, श्रीश्रीमानेश्वरीबाट पाएको वरले अनुमोदन गरिएका, सबै राजवंशरूपी क्षीरसमुद्रबाट पैदा भएका चन्द्रमा, नेपालमा बस्ने सबै दुनियाँरूपी कमलकुञ्जलाई फुलाउने सूर्य, क्षत्रियवंशका शिरोमणि, श्रीश्रीजययक्ष मल्लदेव राजाको मनलाई आनन्द दिने [छोरा] श्रेष्ठ कुमार श्रीश्रीजयराय मल्लदेवको सुवर्ण-तुलामहादानको यज्ञको उत्सवमा श्रीश्रीवाग्वतीको नजीकमा श्रीश्रीश्रीपशुपतिको महास्थानमा त्यो उत्सव हेर्न रउँसिएका मानिसहरूको खलबल रहेछ।

गणेश– श्रीश्रीजययक्ष मल्लदेव राजाको भारदारीसभामा चार अङ्क भएको महाभारत नाटक खेलिने भएको छ। त्यस कारण ती मानिसहरूको पछि पछि नाच गान बजानको सूचना दिने सूत्रधार यतैतिर आइरहेछन्।

त्यसपछि सूत्रधार पस्छन्।

सूत्रधार– सूर्यवंशलाई प्रकाश गर्ने सूर्य, श्रीश्रीश्रीपशुपतिको चरणकमलको सेवा गरेका, श्रीश्री–मानेश्वरीको पाउको पूजा गर्नाले राज्यको ऐश्वर्य बढेका, राजाहरूमा श्रेष्ठ श्रीश्रीजय-यक्ष मल्लदेवको मनलाई आनन्द दिने [छोरा] श्रीश्रीजयराय मल्लदेवको सुवर्णतुलामहादानको अवसरमा उहाँ राजाको भारादारीसभामा श्रीदक्षिणविहारका प्रधान महापात्र, राज्य खोसिएका राजाको राज्य थामिदिन सक्ने, तीन जना पात्र श्रीउदयसिंह मल्ल वर्मा, श्रीजय-ज्ञानसिंह मल्ल वर्मा, श्रीजयधर्मसिंह मल्ल वर्माले ठाउँठाउँबाट आएका राजारजौटाहरूसमेत भई आज मलाई नै मान गरीकन बोलाएर चतुरङ्कमहाभारत नाम भएको नाटक तिमीले नचाउनू भनी भन्नुभयो। त्यस कारण स्वास्नीलाई बोलाएर नाच गान बजान गर्छु। प्यारी ! यता आऊ।

भरखरै बनाइएको, चार अङ्क भएको महाभारतनाटक राजाहरूमा श्रेष्ठ श्रीमान् श्रीश्रीजययक्ष

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मल्लदेवका छोरा श्रीश्रीजयराय मल्लदेवको सुवर्णतुलामहादानको ठूलो उत्सवमा श्री-उदर्यासिह मल्ल वर्मा आदि तीन जना पात्रको प्रेरणाले शुरू भयो । त्यस कारण म तिमीसँग नाच्छु ।

राजा श्रीयक्षमल्लका छोरा, कर्पूरदेवीको मनलाई खुशी पार्ने [छोरा], विष्णुको रूप भएका, भीमसेनका अवतार प्रतापी श्रीराय मल्ल हुनुहुन्छ ।

माग्नेहरूमा चिन्तामणि र कल्पवृक्ष जस्तै दानी, पात्रहरूमा श्रेष्ठ, दुनियाँलाई दया गर्ने मन भएका यहाँ श्रीउदर्यासिह राजलक्ष्मीसँग निकै सुहाइरहनुभएको छ ।

विवेकको खानि भनी कीर्ति फैलिएका, विष्णु जस्ता यहाँ श्रीरुद्रसिंह पृथ्वीमा सुहाइरहनु-भएको छ ।

विष्णुको अवतार भएका रार्जासिह र पतिव्रता आसलक्ष्मीका असल छोरा, पात्रहरूमा श्रेष्ठ, कुबेर जस्ता, जीवलक्ष्मीका हृदयेश्वर श्रीज्ञानसिंहको छोरा अमृतहरिसँगै पृथ्वीमा जय होओस ।

दैत्यकुलका यमराज, यहाँ जन्मेका कृष्णजी प्रभु श्री धर्मसिंह सुहाइरहनुभएको छ ।

महादेवको पूजा गर्नाले यहाँ श्रीजयतसिंह प्रभुको दुनियाँहरूसँगसँगै बढिवढाउ भइरहेको छ ।

तेजोवर्द्धनकुलरूपी कमलका सूर्य, श्रीतेजरामका छोरा, पञ्चाग्निको उपासना गर्ने, वेदशास्त्र जान्ने, अग्निहोत्री श्रीतेजहर्ष हुनुहुन्छ । उहाँका छोरा रुद्रदास हुनु-हुन्छ । उहाँका भाइ पाण्डुक हुनुहुन्छ । उहाँका भाइ विद्वान् यहाँ गयपति सुहाइरहनु-भएको छ । उहाँले यो बनाउनुभएको हो ।]

(इतिहास–संशोधनको प्रमाण–प्रमेय मूल भागको ६ पृष्ठमा र पूर्णिमा १० अङ्कको २० पृष्ठमा यस अनुवादका अलिकता अंश परेका छन् ।)

यो सुवर्णतुलादान राय मल्ल दुइ वर्ष नौ महीनाका हुँदा उनको रोगशान्तिको लागि वि. सं. १५०९ पोषकृष्ण अमावास्याको सूर्यग्रहणको दिन पशुपतिमा गरिएको थियो भन्ने कुरा तलका वाक्यबाट बुझिन्छ—

स्वस्ति ।। श्रीश्रीजयजक्षमलदेव ठाकुरस ।। काय कुह्मर श्रीश्रीजयरायमलदेव कुह्मरत्वम् शरीरपीड्डा जुयाव ।। श्रीश्रीजयजक्षमलदेव ठाकुरस्यं: तोलापुरस दान याये ज्याङ तया ।। सम्वत् ५७३ मार्गशिरकृष्ण ।। मावाशी घटि १२ विघटि ५ थ्व ग्रासस ।। श्रीश्रीजयजक्षमलदेव ठाकुरस्यं: सुवर्ण्णतोलापुरस ग्वल्वं श्रीश्रीदेवलस दान याङा श्रीश्रीजयरायमलदेव कुह्मर ठाकुरस्यं: वर्ष २ मास ९ . . . थ्व तोलापुरसयातम् यङ्ङ श्रीयेथवहारन ् दोयका भार्थ प्याखन चव अंक । . . .

(केसरपुस्तकालयको ८२ सङ्ख्याको सुमतिसिद्धान्त । यो उद्धरण श्रीदेवीप्रसाद भण्डारी र दिनेशराज पन्तबाट मैले पाएको हुँ ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

[कल्याण होओस् । श्रीश्रीजययक्ष मल्लदेव ठाकुरका छोरा कुमार श्रीश्रीजयराय मल्लदेवको शरीरमा कष्ट भएकोले श्रीश्रीजययक्ष मल्लदेव ठाकुरले तुलादान गराउनुभयो। ने. सं. ५७३ (वि सं. १५०९) मार्गकृष्ण (पूर्णान्तमानले पौषकृष्ण) अमावास्याको दिन १२ घडी ५ पला जांदा यो ग्रहण लागेको वेलामा श्रीश्रीजययक्ष मल्लदेव ठाकुरले २ वर्ष ९ महीनाका श्रीश्रीजयराय मल्लदेव कुमार ठाकुरको सुवर्णतुलादान देउपाटनमा श्रीश्रीदेवलमा (पशुपतिमा) गराउनुभयो । यस तुलादानको लागि पाटन श्रीयेथविहारले चार अङ्क भएको महाभारतनाटक बनायो।]

५

सूत्रधारः– . . . यथाहमादिष्टोऽस्मि ।। प्रवरनृपचक्रचूडामणिना श्रीनेपालमण्डलेश्वरराजाधिराज-श्रीलक्ष्मीनारायणावतारश्रीश्रीजययक्षमल्लदेवेन यथा भरतपुत्र यदद्यास्मत्तनयकुमार-श्रीश्रीजयराममल्लदेवस्य पत्न्याः श्रीश्रीअतुलदेव्याः सीमन्तिनीकार्ये वेदोक्तविधिना यज्ञकृतप्रसङ्गेण नानादेशजनिता मिलिता आस्ते तेषां मनोरञ्जनाय किमप्यपूर्व्व-विरचितनाटकं त्वयाभिनेतव्यमिति ।। ततो गृहिणीमाहूय परिषदादेशं सम्पादयामि ।। नेपथ्याऽभिमुख्य ।। आर्ये गुणवति इत इतः ।। . . . प्रिये गुणमति किमप्य-पूर्व्वनाटकमभिनीय सभासदो मानसरञ्जनाय परियत्नकरौ भवावः ।। . . . प्रिये स्मृतं तर्हि ।। अस्ति गुरुचरणारविन्दसेवितस्य पण्डिताभयराजस्य सूनोः शुभराजस्य कवेः कृतिरिदं रूपमञ्जरीपरिणयनाम नाटकं नाटयितव्यं ।।

(वीरपुस्तकालय चौथो ४८ सङ्ख्याको रूपमञ्जरीपरिणयनाटक । यी वाक्य वीरपुस्तकालयको सूचीपत्रको ३ भागको ६४ पृष्ठमा छापिएका छन् । पूर्णिमा १० अङ्कका २०–२१ पृष्ठमा पनि यी वाक्यका धेरैजसा अंश छापिएका छन्)।

[सूत्रधार– हे नटुवा ! आज हाम्रा छोरा नानी श्रीश्रीजयराम मल्लदेवकी पत्नी श्रीश्रीअतुलदेवीको सीमन्तोन्नयन (पेट बोक्दा गरिने एक संस्कार[७]) मा वेदमा बताइएको विधिले गरिने यज्ञको अवसरमा ठाउँठाउँका मानिस आएका छन्, तिनीहरूको मनोरञ्जनको लागि नयाँ बनाइएको कुनै नाटक तिमीले खेलाउनू भनी मुख्य मुख्य राजाहरूमा शिरोमणि, श्रीनेपाल-मण्डलेश्वर, राजाधिराज, श्रीलक्ष्मीनारायणका अवतार श्रीश्रीजययक्ष मल्लदेवले मलाई आज्ञा गर्नुभएको छ । त्यस कारण स्वास्नीलाई बोलाएर सभाले अह्राएबमोजिम गर्छु । (नेपथ्यतिर फर्केर) गुणवती ! यता आऊ। प्यारी गुणमती ! नयाँ बनाइएको कुनै नाटक खेलाएर सभासद्‌हरूको मनोरञ्जन गर्न कोशिश गरौं । प्यारी ! त्यसो भए सम्झें । गुरुको

७. वि. सं. २०२८ मा काठमाडौंबाट धनशम्शेर जङ्गबहादुर राणाद्वारा प्रकाशित, कृष्णप्रसाद भट्टराईद्वारा विरचित संस्कारपद्धतिका १५५–१८० पृष्ठमा सीमन्तोन्नयनको विधि हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चरणकमलको सेवा गरेका, पण्डित अभयराजका छोरा कवि शुभराजले बनाएको रूप-मञ्जरीपरिणयनाटक खेलाउनुपर्‍यो ।]

(पूर्णिमा १० अङ्कको २१ पृष्ठमा यस अनुवादका धेरैजसा अंश परेका छन् ।)

६

भृङ्गी – भगवन्गणाधिराज नेपालभूमण्डलस्य को भूपतिः ।

विना – मुने भृंगिन्कथमनभिज्ञस्त्वमेव श्रृणु ।।

श्रीमत्कर्पूरदेव्यास्तनयनृपवरः सत्प्रतापासुरारि-
र्भूमौ यस्यैव कीर्त्तिः शशिकरविमला विश्वदिग्मध्ययाता ।
भूपानंतो धृतो यो धरणि किटिसमः श्रीप्रभू रायमल्लो
दातार्थिभ्यो विवेकी सकलजनकृपः शोभते मर्त्यलोके ।।

भृंगी – पत्तनं स्वर्ग्गसंकाशं प्रासादैः परिशोभितं ।
पालितं केन भूपेण वद त्वं शङ्करात्मज ।।

विना – मुने श्रूयतां ।।

संराजते त्रिदशनाथपुरेव रम्या चण्डेश्वरी विविधदेवगणैः समेता ।
वैणापुरीति विदिता गुणिनां निवासा संपालिता च रणमल्लनृपेण धर्म्मैः ।। . . .

ततः प्रविशति सूत्रः ।। . . . परिक्रम्य ।। यदहमादिष्टोऽस्मि निखिलसामंतचक्रचूडा-मणिमरी (चिमञ्जरीर्चचित) चरणकमलेन सकलगान्धर्वविद्यागुणरत्नाकरेण . . . दिनकरकुलपंकेरुहविकाशनैकभास्क (रेण नेपालम) ण्डलेश्वरवीरनारायणावतारेण श्रीमता श्रीश्रीजयरणमल्लदेवभूपालेन ।। . . .

अये विविधगुणालंकृतपरिवृढस्यातिमनोहरा परिषदियं पुरतः ।।

यस्यामसौ जयतु माधवमल्लदेवस्तस्यानुजो नृपतिकेशवमल्ल एषः ।

अपि च ।।

नाथल्लदेविरमणो भुवने प्रसिद्धः . . . संराजते विजयमल्लकुमारकोयं ।। . . .

. . . श्रीमता श्रीश्रीजयरणमल्लदेवेन राज्ञा स्वयं निर्म्माय गीतवाद्य (नृत्यैर्योजितम)-भिनयनवनाटयरस (स) मुदयं समस्तनाटकलक्षणालंकाराणि (?) रचनाचमत्काररमणीयं पाण्डवविजयं नाम नाटकं नाटयितव्यं ।।

श्रीमत्माधवमल्लस्य देव्या सार्घं यथोचितं ।
विवाहोत्सवकल्याणं भुवने च प्रवर्तंते ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नटी– अज्जउत्त क पुनरेतस्य नाटकस्य कर्ता कविः ।।
सूत्र– प्रिये किं न ज्ञायते ।।

अस्ति सूद्रान्वये जातोऽभयराजकवीश्वरः ।।
तत्पुत्रः शुभराजोऽसौ तेनेदं रचितं शुभं ।।

(वीरपुस्तकालय पहिलो ६९४ सङ्ख्याको पाण्डवविजयनाटक । हरप्रसाद शास्त्रीको सूचीपत्रको १ भागको ११५ पृष्ठबाट र वीरपुस्तकालयको सूचीपत्रको ३ भागका २९–३० पृष्ठबाट माथिको अंश सारिएको हो । हरप्रसाद शास्त्रीको सूचीपत्रमा भन्दा वीरपुस्तकालयको सूचीपत्रमा बढी भाग छापिएको छ ।)

[भृङ्गी– भगवान् गणेशजी ! नेपालमण्डलका राजा को हुनुहुन्छ ?

गणेश– मुनि भृङ्गी ! तपाईंलाई कसरी थाहा नभएको ? सुन्नुहोस् ।
श्रीकर्पूरदेवीका छोरा, राजाहरूमा श्रेष्ठ, प्रतापी, पृथ्वीका विष्णु, माग्नेहरूलाई दिने, विवेकी, सबै मानिसहरूलाई दया गर्ने श्रीप्रभु रायमल्ल पृथ्वीमा सुहाइरहनुभएको छ। उहाँको जून जस्तो सफा कीर्ति चारैतिर फैलिएको छ। शेष नाग र वराहावतार विष्णु जस्ता जुन राजाले पृथ्वीको धारण गर्नुभएको छ ।

भृङ्गी– हे शिवजीका छोरा ! मन्दिरहरूले सुहाएको, स्वर्ग जस्तो, शहरको पालना कसले गरेको छ, भन्नुहोस् ।

गणेश– हे मुनि ! सुन्नुहोस् । चण्डेश्वरी आदि थरीथरीका देवदेवी भएको, गुणीहरू बसेको, अमरावती जस्तो राम्रो, वैणापुरी (बनेपा) शहर राजा रण मल्लले धर्मपूर्वक पालना गरिएको छ ।

(त्यसपछि सूत्रधार पस्छन् ।)

सूत्रधार–(घुमेर) सबै सामन्तहरूले शिरमा लाएको जुहारातको टक चरणकमलमा परेका, सबै गान्धर्व-विद्याका गुणका समुद्र, सूर्यवंशरूपी कमल फुलाउने सूर्य, नेपालमण्डलेश्वर, वीरनारायणका अवतार राजा श्रीमान् श्रीश्रीजयरण मल्लदेवबाट मलाई आज्ञा भएको छ ।
ए, थरीथरीका गुणले सुहाएका राजाको ज्यादै राम्रो यो भारादारी सभा अघिल्तिर छ । जुन भारादारी सभामा रहनुभएका यहाँ माधव मल्लदेव, उहाँका भाइ यहाँ केशव मल्लदेवको जय होस् । नाथल्ल-देवीका पति, यहाँ कुमार विजय मल्ल सभामा सुहाइरहनुभएको छ ।
राजा श्रीमान् श्रीश्रीजयरण मल्लदेवले आफैंले बनाएका नाच गान बजान हालिएको, नाटकका नवै रस भएको, नाटकका सबै लक्षण अलङ्कारका रचनाको चमत्कारले राम्रो भएको, नयाँ नाटक पाण्डव विजय खेलाउनुपर्ने भएको छ ।
श्रीमाधव मल्लको देवीसँग आफ्नो हैसियतसुहाउँदो ढङ्गले गरिने विवाहको अवसरमा उत्सव गरिँदैछ ।

नटी– स्वामित ! यो नाटक बनाउने कवि को हुन् नि ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सूत्रधार–प्यारी ! के थाहा छैन ? शूद्र कुलमा जन्मेका, कविहरूमा श्रेष्ठ अभयराज हुनुहुन्छ । उहांका छोरा यहां शुभराज हुनुहुन्छ । उहाँ शुभराजले यो नाटक बनाउनुभएको हो ।]

(वि. सं. २०२६ फागुन १६ गतेको गोरखापत्रमा यस अनुवादका केही अंश परेका छन् ।)

३ परिशिष्ट

रत्न मल्लकी छोरी विरमादेवीको विवाहको तिथिमितिको गणना

– दिनेशराज पन्त

अचलगगनरसहायना २ ज्येष्ठशुकल तिथिअंतका ॰
मयूरासनतारावरसंजुत परिघजोग ॰सुरगुरुदिवसोतम ॰ गरकरण शुभमंगलकारा

(यही अङ्कमा छापिएको महेशराज पन्तको रत्न मल्लको पालामा लेखिएको रामायणनाटकको ऐतिहासिक सार भन्ने निबन्ध, यही अङ्कको २८८ पृष्ठ)

यस दिनको गणना यस प्रकारको छ —

ने. सं. ६०७ (वि. सं. १५४४) ज्येष्ठशुक्ल

	गते	वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला	योग	घडी	पला
आषाढ	३	बृहस्पति	नवमी	११।	५४	हस्त	२७।	५	वरीयान्	४६।	२
आषाढ	४	शुक्र	दशमी	९।	४०	चित्रा	२७।	४	परिघ	४२।	११

गततिथिर्द्वि२गुणा मुनि७शेषिता करणमग्र्यदलेऽथ परे दले ।
कु१युगथाऽसितभूतपरार्द्धतः शकुनितः स्थिरकर्णचतुष्टयम् ॥१८॥

(दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले वि. सं. १८५४ मा बनाएको रत्नदीपको दोस्रो अध्याय)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

[गततिथिलाई २ ले गुनी आएको गुणनफललाई ७ ले भाग लिंदा आएको शेष त्यस तिथिको पूर्वार्द्धको करण हुन्छ। त्यसमा १ जोडेपछि तिथिको उत्तरार्द्धको करण हुन्छ। कृष्णपक्षको चतुर्दशीको उत्तरार्द्धदेखि शकुनि आदि ४ स्थिर करण हुन्छन्।]

ववाह्वयं वालवकौलवाख्ये ततो भवेत् तैतिलनामधेयम्।
गराभिधानं वणिज च विष्टिमित्याहुरार्याः करणानि सप्त ।।१।।
चतुर्दशी या शशिना प्रहीणा तदर्धभागे शकुनिर्द्वितीये।
दर्शार्द्धयोः स्तश्चतुरङ्घ्रिनागौ किंस्तुघ्नमाद्ये प्रतिपद्दले च ।।२।।

(विक्रमको एघाह्रौं शताब्दीका श्रीपतिले बनाएको ज्योतिषरत्नमाला करणप्रकरण)

[वव, वालव, कौलव, तैतिल, गर, वणिक्, भद्रा यो ७ करण हुन्छन्। कृष्णपक्षको चतुर्दशीको उत्तरार्द्धमा शकुनि, औंसीको पूर्वार्द्धमा चतुष्पाद्, औंसीको उत्तरार्द्धमा नाग, शुक्लपक्षको परेवाको पूर्वार्द्धमा किंस्तुघ्न करण हुन्छन्।]

(वि. सं. २०१९ मा ललितपुरको जगदम्बा–प्रकाशनद्वारा प्रकाशित, धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको इतिहास–संशोधनको प्रमाण–प्रमेय मूल भागको ९१ पृष्ठबाट। रत्नदीपको पाठ लक्ष्मीपतिको हस्ताक्षरले लेखिएको मूल ग्रन्थसँग भिडाई पहिले छापिएकोभन्दा अलिकता फरक पारिएको छ। त्यसअनुसार अनुवादमा पनि फरक पारिएको छ।)

यस नियमअनुसार गणित गर्दा

शुक्लपक्षको नवमीमा गततिथि ८ हुन्छ। ८ लाई २ ले गुन्दा १६ हुन्छ। १६ लाई ७ ले भाग लिंदा २ शेष रहन्छ। यस कारण शुक्लपक्षको नवमीको पूर्वार्द्धमा बालवकरण हुन्छ। २ मा १ जोड्दा ३ हुन्छ। यस कारण शुक्लपक्षको नवमीको उत्तरार्द्धमा कौलवकरण हुन्छ।

शुक्लपक्षको दशमीमा गततिथि ९ हुन्छ। ९ लाई २ ले गुन्दा १८ हुन्छ। १८ लाई ७ ले भाग लिंदा ४ शेष रहन्छ। यस कारण शुक्लपक्षको दशमीको पूर्वार्द्धमा तैतिलकरण हुन्छ। ४ मा १ जोड्दा ५ हुन्छ। यस कारण शुक्लपक्षको दशमीको उत्तरार्द्धमा गरकरण हुन्छ।

बृहस्पतिवार नवमी ११ घडी ५४ पलासम्म छ। शुक्रवार दशमी ९ घडी ४० पलासम्म छ। ६० घडीबाट ११ घडी ५४ पला घटाउँदा ४८ घडी ६ पला बाँकी रहन्छ। ४८ घडी ६ पलामा ९ घडी ४० पला जोड्दा ५७ घडी ४६ पला हुन्छ। यो ५७ घडी ४६ पला दशमी तिथिको भोगकाल हुन्छ। दशमी तिथिको भोगकाल ५७ घडी ४६ पलालाई आधा गर्दा २८ घडी ५३ पला हुन्छ। २८ घडी ५३ पलामा नवमीको ११ घडी ५४ पला जोड्दा ४० घडी ४७ पला हुन्छ। अर्थात् बृहस्पतिवार ४० घडी ४७ पलाउप्रान्त शुक्रवार ९ घडी ४० पलासम्म गरकरण रहन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

रामायणनाटकको माथि उद्धरण गरिएको विरमादेवीको विवाहको समयलाई बुझाउने वाक्यको अब व्याख्या गरिन्छ।

त्यहाँ अचलगगनरसहायना लेखिएको छ। अचलको अर्थ ७ हुन्छ। गगनको अर्थ ० हुन्छ। रसको अर्थ ६ हुन्छ। यस कारण त्यहाँ दिइएको संवत् ६०७ हो भन्ने कुरामा केही शङ्का छैन।

त्यहाँ सुरगुरुदिवसोतम लेखिएको छ। यसको अर्थ वृहस्पतिवार हो भन्ने कुरामा पनि केही शङ्का छैन।

त्यहाँ ज्येष्ठशुक्ल, परिघयोग र गरकरण स्पष्टसँग नै लेखिएका छन्।

यस कारण संवत्, महीना, पक्ष, वार, योग, करण स्पष्ट नै छन्।

त्यहाँ तिथि अंतका लेखिएको छ। मुहूर्तचिन्तामणिमा दशमी तिथिका मालिक अन्तक (यमराज) हुन् भनी लेखिएको छ[१]। यस कारण तिथि दशमी हो भन्ने कुरामा पनि केही शङ्का छैन।

त्यहाँ मयूरासनतारावरसंजुत भनी लेखिएको छ। नक्षत्रका आसन पञ्चाङ्गमा दिइएका हुन्छन्। पञ्चाङ्गमा चित्रानक्षत्रको आसन मयूर भनी लेखिएको छ। यस कारण नक्षत्रको बारेमा पनि केही सन्देह रहेन।

चित्रानक्षत्रमा विवाह हुन्छ भनी पारस्करगृह्यसूत्रमा लेखिएको छ–

उदगयन आपूर्यमाणपक्षे पुण्याहे ॥६॥

उदगयने उत्तरायणे आपूर्यमाणपक्षे शुक्लपक्षे पुण्याहे शोभने विष्टयादिरहितकाले।

कुमार्याः पाणिं गृह्णीयात् ॥७॥

कुमार्या अनन्यपूर्विकाया अक्षतयोन्याः पाणिं गृह्णीयात्, वक्ष्यमाणेन विधिना विवाहं कुर्यात्।...

त्रिषु त्रिषूत्तरादिषु ॥८॥

उत्तरा आदिर्येषान्तानि उत्तरादीनि तेषु त्रिषु त्रिषु।
अयमर्थः– उत्तरफल्गुन्योर्हस्ते चित्रायां च, एवमुत्तराषाढासु श्रवणे धनिष्ठासु च, एवमुत्तरप्रोष्ठपदासु रेवत्यामश्विन्योश्च।

स्वातौ मृगशिरसि रोहिण्यां वा ॥९॥

एतेषामन्यतमे नक्षत्रे विवाहो भवतीत्यर्थः।

(वि. सं. १९९० मा काशीको चौखम्बा संस्कृत सीरिज आफिसद्वारा प्रकाशित, नित्यानन्द पन्त पर्वतीयको संस्कारदीपकको दोस्रो भागको दोस्रो संस्करणका २६–२७ पृष्ठबाट)

[उत्तरायणमा, शुक्लपक्षमा, शुभ दिनमा कुमारीको पाणिग्रहण गर्नू।

१. वि. सं. २०३२ मा प्रकाशित पूर्णिमा ३३ अङ्कमा छापिएको दिनेशराज पन्तको गोरखाली राजाहरूका राज्यकाल भन्ने निबन्ध, सो अङ्कको ३२ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उत्तरफल्गुनी, हस्त, चित्रा, उत्तराषाढा, श्रवण, धनिष्ठा, उत्तरभाद्र, रेवती, अश्विनी, स्वाति, मृगशिरा, रोहिणीमा विवाह गर्नू ।]

यति कुराबाट ने. सं. ६०७ (वि. सं. १५४४) आषाढ ३ गते बृहस्पतिवार ज्येष्ठशुक्ल नवमी-उप्रान्त दशमी, हस्तनक्षत्रउप्रान्त चित्रानक्षत्र वरीयान्योगउप्रान्त परिघयोग गरकरणमा विरमादेवीको विवाह भएको देखिन्छ ।

नेपाल–राष्ट्रिय–पुस्तकालयमा रहेको जगन्मोहनमा टिपिएका भनी श्रीडिल्लीरमण रेग्मीले मेडिईभल् नेपाल्को १ भागका ४६९–४७१ पृष्ठमा केही ऐतिहासिक वाक्य छपाउनुभएको छ । त्यसमध्येको दोस्रो सङ्ख्याको वाक्यमा यस्तो लेखिएको छ–

श्रीश्रीजयरत्नमल्लदेवस्यम् स्व रामायण द्वयका यम्वुस म्ह्याच देवीयङ श्रीश्रीवीरमादेवी थ्वस विवाहयातं । सम् ६१६ ।।

(वि. सं. २०२३ मा कलकत्ताको फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको मेडिइभल् नेपाल् (नेपालको मध्यकालको इतिहास) को १ भागको ४६९ पृष्ठबाट)

यस उद्धरणबाट विरमादेवीको विवाह ने. सं. ६१६ (वि. सं. १५५२ वा १५५३) मा भएको देखिन आउँछ । तर माथि उद्धरण गरिएको रामायणनाटकको वाक्यबाट विरमादेवीको विवाह ने. सं. ६०७ (वि सं. १५४४) मा भएको देखिन्छ। रेग्मीज्यूले उद्धरण गर्नुभएको वाक्यमा खालि संवत् मात्र भएको र तिथिमिति नभएकोले यसको गणना गर्न सकिँदैन । रामायणनाटकमा दिइएको विरमादेवीको विवाहको समयमा यताबाट शङ्का उठ्न गएको छ ।

रेग्मीज्यूले त्यहाँ दिनुभएको तेस्रो सङ्ख्याको वाक्य यस प्रकारको छ–

सम्वत् ६१६ वैशाखशुक्ल एकादशी प्र द्वादशी हस्तनक्षत्र वरियान् प्र सुद्धि बृहस्पतिवार थ्व कोन्हु सिधि श्रीश्रीजयरत्नमल्लदेवप्रभुठाकुरसन पुत्र श्रीश्रीजय-सूर्यमल्लदेव यें थ्वस विवाहायातङ अङ्क भारत द्वयके यम्वुस ।।

(मेडिईभल् नेपाल्को १ भागको ४७० पृष्ठबाट)

यताबाट सूर्य मल्लको विवाह ने. सं. ६१६ (वि. सं. १५५३) मा भएको हो भन्ने देखिन्छ।

यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ६१६ (वि. सं. १५५३) वैशाखशुक्ल

	गते	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला	योग	घडी पला
वैशाख	२८	शनि	एकादशी	३९। १	उत्तरफाल्गुनी	४४। ४६	हर्षण	४४। २८

रेग्मीज्यूले छपाउनुभएको वाक्यमा वैशाखशुक्ल एकादशीउप्रान्त द्वादशी हस्तनक्षत्र वरीयान्उप्रान्त शुद्धियोग बृहस्पतिवार भनी लेखिएको छ । तर गणनाबाट वैशाखशुक्ल एकादशीमा शनिवार उत्तरफाल्गुनी-नक्षत्र हर्षणयोग आउँछ। यस कारण सो पाठ ठीक छैन भन्ने देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नेपाल–राष्ट्रिय–पुस्तकालयमा रहेका प्रकीर्ण ताडपत्रबाट श्रीनयनाथ पौडेलले वि. सं. २०२० तिर सारेर ल्याउनुभएको सूर्य मल्लको विवाहसम्बन्धी वाक्य यस प्रकारको छ–

सम्वत् ६२१ वैशाखशुक्ल एकादशी प्र द्वादशी हस्तनक्षत्र वरियान् प्र सुद्धि बृहस्पतिवार थ्व कोन्हु सिद्धि ।। ।। श्रीश्रीजयरत्नमल्लदेवसन पुत्र श्रीश्रीजयसूर्यमल्ल-देवटों थ्वस विवाहायातं ने अंक भारत दयका यंबुस ।।

यो वाक्य रेग्मीजीले उद्धरण गर्नुभएको वाक्यसँग तिथिमितिविषयमा मिल्छ, संवत्मा भने मिल्दैन। रेग्मीज्यूको पाठअनुसार ने. सं. ६१६ (वि. सं. १५५३) मा सूर्य मल्लको विवाह भएको देखिन्छ भने नयनाथजीको पाठअनुसार ने. सं. ६२१(वि. सं. १५५८) मा सूर्य मल्लको विवाह भएको देखिन्छ। रेग्मीज्यूको पाठअनुसार गणना गर्दा नमिलेको कुरा माथि परिसकेको छ। अब नयनाथजीको पाठअनुसार गणना गरिन्छ।

ने. सं. ६२१ (वि. सं. १५५८) वैशाखशुक्ल

गते	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला	योग	घडी पला
ज्येष्ठ ३	बृहस्पति	एकादशी	१२। १४	हस्त	५८। २३	वज्र	३२। १०

नयनाथजीको पाठअनुसार गणना गर्दा वार, तिथि, नक्षत्र मिले। वरीयान्योगपछि परिघयोग आउँछ, वज्रयोगपछि सिद्धियोग आउँछ। सुद्धि (सिद्धि) भनी मूलमा लेखिएको छ। गणनाबाट पनि सोही योग आएकोले वज्रप्रान्त भन्नुपर्नेमा मूलले वरीयान्उप्रान्त भनी लेखिएको देखिन्छ। यो अशुद्धि मूलकै हो वा पाठ पढ्नेको हो, मूल नहेरी यसै भन्न सकिँदैन।

यति गणनाबाट ने. सं. ६२१ (वि. सं. १५५८) मा सूर्य मल्लको विवाह भएको देखिन्छ।

यस कारण रेग्मीज्यूले दिनुभएको सूर्य मल्लको विवाहको संवत् विश्वसनीय छैन भन्ने स्पष्ट हुन्छ। यसै गरी रेग्मीज्यूले दिनुभएको विरमादेवीको विवाहको संवत् पनि विश्वसनीय छैन भन्ने देखिन्छ।

–:०:–

शुद्धिपत्र

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध	पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
२०६	२४	बनाउन	बनाउनू	२१०	६	बि. सं.	वि. सं.
२१५	२०	मेपसङ्क्रान्ति	मेषसङ्क्रान्तिकाल	२२५	१२	(८) २।	(८) ३।
२२८	२५	शीघ्रोच्चका ग्रहका	शीघ्रोच्चका र ग्रहका	२३३	२१	ज्या	भुजज्या
२३४	१४	मदोच्चनीचपरिधि:	मन्दोच्चनीचपरिधि:	२३६	२२	ऊर्ध्वाधरेखाले	ऊर्ध्वाधररेखाले
२४०	१०	६६८।३०	=६६८।३०	पृष्ठसङ्ख्यामा २४३- २४४ हुनुपर्नेमा			
२७३	४	दखि	देखि	१४३–१४४ छापिएको छ।			
३०२	२६	भागको	भागका	३०४	११	होओस	होओस्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) का. मे. अ. द. नं १५५/२४६

कार्यालय–

संशोधन-मण्डल

१०/३७४ वटु सवलबहाल, काठमाडौँ, नेपाल

वि. सं. २०३४ आषाढ

यस अङ्कको मूल्य रु. १०।

मुद्रक–

लुष प्रेस

पुल्चोक, ललितपुर, नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu